सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

९ जेठ २०८०, मंगलबार (23 May 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ४० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ बालकृष्ण खाण गृहमन्त्री हुँदाका सचिव टेकनारायण पाण्डेको बयान

# मन्त्रीज्यूलाई कार्यकक्षमै लगेर सवा करोड बुझाएको हुँ

## भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरमा पनि अनुसन्धान गर्न सिफारिस

**नवराज मैनाली, टेकराज थामी**

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाइदिने भन्दै गरिएको ठगी धन्दाका क्रममा गृह मन्त्रालयभित्रै पैसा लेनदेन भएको खुलेको छ। पक्राउ परेका गृह मन्त्रालयका तत्कालीन सचिव टेकनारायण पाण्डेले मन्त्री (त्यतिबेलाका) बालकृष्ण खाणलाई उनकै कार्यकक्षमा पुगेर आफूले एक करोड २४ लाख बुझाएको बयान दिएका छन्। मन्त्रालयमै आएर बिचौलियाले दिएको पैसा आफूले तत्कालै मन्त्री खाणलाई लगेर बुझाएको उनको लिखित बयानमा उल्लेख छ।

प्रहरीले अनुसन्धान सकाएर सोमबार जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई प्रतिवेदन बुझाएको छ, जसमा सचिव पाण्डेको बयानमा '२६ जेठ ०७९ मा बिचौलिया केशव दुलालले मन्त्रालयमै आएर आफूलाई पैसा दिएको र त्यो सबै पैसा तत्कालै मन्त्री खाणको कार्यकक्षमा गएर उनलाई बुझाएको' उल्लेख छ।

२० वैशाखमा पक्राउ परेका पाण्डेले सुरुवाती बयानमा ठगी धन्दामा संलग्नताबारे इन्कार गरेका थिए। फर्म्याट गरेको मोबाइलको डेटा प्रहरीले रिकभर भएपछि बिचौलिया दुलाल र उनीबीचको ह्वाट्सएप च्याटबाट प्रहरीले धेरै सूचना पाएको थियो। च्याटमा पाण्डे र दुलालबीच पटक-पटक आर्थिक लेनदेनका विषयमा कुराकानी भएको पाइएको थियो।

त्यसकै आधारमा प्रहरीले पाण्डेको ततिम्बा (पूरक) बयान गराएको थियो। जसक्रममा उनले पैसा लिएको स्वीकार गर्दै सबै पैसा मन्त्रीलाई बुझाएको बताएका हुन्। यद्यपि, खाणले भने बयानमा सो कुरा अस्वीकार गरेका छन्। बयानका क्रममा उनले त्यसबारे 'सम्बन्धित व्यक्तिलाई नै सोध्न' जवाफ दिएका छन्।

तत्कालीन गृहसचिव पाण्डेको सोही बयानका आधारमा मन्त्री खाणलाई पक्राउ गरिएको थियो। दुलालले पनि मन्त्रालयमै गएर रकम बुझाएको बयान दिए पनि त्यसको स्वतन्त्र पुष्टि हुन सकेको थिएन। सचिवले नै पुष्टि गरेपछि गत २६ वैशाखमा प्रहरीले खाणलाई पक्राउ गरेको थियो। रकम बुझेको भोलिपल्ट नै तत्कालीन गृहमन्त्री खाणले बिचौलियालाई फाइदा हुने गरी निर्णय गराएकोसमेत अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। २७ जेठमा उनले छुट भुटानी शरणार्थीको विषयमा अध्ययन गर्न

» पृष्ठ ११ मा क्रमशः

## ■ यस्तो छ पाँच 'हाई प्रोफाइल' अभियुक्तको बयान

### जे-जे गतिविधि भए, गृहमन्त्री, सुरक्षा सल्लाहकार, गृहसचिव सबैको समन्वयमा भएको हो

● **टोपबहादुर रायमाझी**, पूर्वउपप्रधानमन्त्री



भुटानी शरणार्थी समस्या समाधान गर्न हामीले प्रयत्न गरेका हौं। तर, नक्कली भुटानी शरणार्थी बनाउने धन्दामा मेरो त्यति धेरै संलग्नता होइन। यस क्रममा केही व्यक्तिसँग कुरा भएकोचाहिँ साँचो हो। यसका लागि हेलिकोप्टर चढियो होला। होटेलमा बसियो होला। सँगै बसेर चिया-कफी पनि खाइयो होला। यसबीचमा जति पनि गतिविधि भए आपसी समन्वयमै भएका हुन्। त्यसवेलाका गृहमन्त्री, सुरक्षा सल्लाहकार, गृहसचिव सबैलाई यसको जानकारी पनि छ।

### कतिपयले त मैले गृह मन्त्रालयमै रकम बुझेको भन्ने बयान दिएका रहेछन्, तर मलाई केही जानकारी छैन

● **बालकृष्ण खाण**, पूर्वगृहमन्त्री



भुटानी शरणार्थी समस्या समाधान गर्न मेरै नेतृत्वमा पहल भएका हुन्। तर, नक्कली शरणार्थी बनाउने धन्दामा मेरो कुनै संलग्नता छैन। पक्राउ परेकाहरूले मविरुद्ध बयान दिएको सुनेँ। कतिपयले त मैले गृह मन्त्रालयमै रकम बुझेको बयान पनि दिएका रहेछन्। यस विषयमा मलाई केही जानकारी छैन। जसले त्यस्तो भनेका छन्, तिनीहरूलाई नै सोध्नुहोस्। धन्दामा म संलग्न नभएको हुँदा यसमा अरूलाई पोल्नुपर्ने आवश्यकता छैन।

### केशव दुलालले २६ जेठ ०७९ मा गृह मन्त्रालयमै आएर एक करोड २४ लाख बुझाएका हुन्



● **टेकनारायण पाण्डे**, पूर्वगृहसचिव

भुटानी शरणार्थी समस्या समाधान गर्न हामीले पहल गरेका हौं। यसका लागि मेरै निर्णयमा समिति गठन भएको हो। समिति गठन गर्दा गलत नियत थिएन। केशव दुलालसँग मेरो चिनजान हो। पैसाको कुरा भएको पनि हो। उनले २६ जेठ ०७९ मा गृह मन्त्रालयमै आएर एक करोड २४ लाख दिएका थिए। त्यो सबै पैसा तत्कालै कार्यकक्षमै गएर मन्त्रीज्यूलाई बुझाएको हुँ। मैले यो प्रकरणमा बदनियत राखेर कुनै निर्णय पनि गरेको छैन, लाभ पनि लिएको छैन। पछि प्रतिवेदन क-कसले किर्ते गरे, मेरो जानकारीमा छैन।

### गृहमन्त्रीज्यूसँग केही व्यक्तिको पुरानो कारोबार रहेछ, त्यो कारोबार मिलाउन उहाँले मलाई केही रकम दिनुभएको थियो



● **आङटावा शेर्पा**, पूर्वसांसद

नक्कली भुटानी शरणार्थी बनाउने काममा मेरो कुनै संलग्नता छैन। गृहमन्त्रीज्यू (बालकृष्ण खाण)सँग केही व्यक्तिको पुरानो कारोबार रहेछ। उक्त कारोबार मिलाउन उहाँले मलाई भन्नुभएको थियो। त्यसक्रममा उहाँले मलाई केही रकम पनि दिनुभएको थियो। उहाँकै निर्देशनअनुसार मैले कारोबार मिलाउने प्रत्यत्न मात्रै गरेको हुँ। व्यक्तिगत रूपमा मैले कसैसँग रकम लेनदेन गरेको छैन। मविरुद्ध कसैको जाहेरी पनि छैन।

### सुगर र प्रेसरको रोगी हुँ, मलाई धेरै तनाव दिने काम नगर्नुस्



● **इन्द्रजित राई**, पूर्वसुरक्षा सल्लाहकार

७३ वर्षको भएँ। सुगर र प्रेसरको रोगी हुँ। आराम गर्न चिकित्सकको सुझाव छ। नक्कली शरणार्थी बनाउने धन्दाबारे मलाई जानकारी छैन। त्यसैले यस विषयमा बोल्दिनँ। प्रश्न सोधेर धेरै तनाव दिने काम नगर्नुस्।

## ■ बादलका परिवार नै अनुसन्धानमा



यस प्रकरणमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सल्लाहकारदेखि श्रीमतीसम्म अनुसन्धानमा तानिएका छन्। तर, बादल र उनकी पत्नीको हकमा भने तत्काल प्रमाण जुटन सकेन। प्रमाण भेटिएको वेला उनीहरूविरुद्ध मुद्दा चलाउने गरी प्रहरीले अनुसन्धान प्रतिवेदन पेस गरेको छ। बादलका तत्कालीन सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ परिसकेका छन्। राईका छोरा नीरज र बादलका छोरा प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ, उनीहरू दुवै फरार छन्। प्रतीकले टंगालस्थित नीलगिरि थकाली रेस्टुरेन्टलाई अखडा बनाएर पैसा उठाएको पक्राउ परेका बिचौलियाको बयान छ। बादलपत्नी नैनकला थापालाई पनि मन्त्रीनिवासमै गएर पैसा बुझाएको उनीहरूको दाबी छ। त्यस विषयमा 'आमाले पैसा पाउनुभयो' भनेर प्रतीकले एसएमएस नै पठाएको भन्नेसम्मको अनुसन्धानमा खुलेको छ। बादललाई पनि भेटेको, तर प्रत्यक्ष पैसा नदिएको र उनी आफूहरूसँग धेरै नबोलेको अभियुक्तहरूको बयान छ।

## अन्तिममा पहिचान भएका बिचौलिया बेचन झाबाट धेरैको पर्दा खुल्ने प्रहरीको आशा



यो प्रकरणको अनुसन्धान अन्तिम चरणमा पुग्दा प्रहरीले बिचौलिया बेचन झाको संलग्नता पनि पत्ता लगाएको थियो। तर, उनलाई पक्राउ भने गर्न सकेको छैन। झाले राजनीतिक नेतृत्वलाई मिलाउने जिम्मा लिएका थिए। प्रहरी स्रोतका अनुसार ठगी गिरोहलाई तत्कालीन गृहमन्त्री बालकृष्ण खाणसम्म भेटघाटको व्यवस्था गरेर सेटिङ मिलाउने व्यक्ति उनी नै थिए। कांग्रेसकै उच्च नेताको सिफारिसमा झा खाण र तत्कालीन गृहसचिव टेकनारायण पाण्डेलाई भेट्न गृह मन्त्रालय गएका थिए। उनले नै केशव दुलाल तथा सानु भण्डारीलगायतलाई नजिक गरिदिएका थिए। झालाई पनि मुद्दा चलाउन प्रहरीले सिफारिस गरेको छ। तर, उनको स्थायी ठेगाना पत्ता लाग्न सकेको छैन। उनको भारत र नेपाल दुवै देशको नागरिकता रहेको सूचना प्रहरीले पाएको छ। कांग्रेसका उच्चपदस्थ नेताहरूसँग उनको हिमचिम देखिएको छ। गत २६ वैशाखमा ठगी गिरोहका रामशरण केसी पक्राउ परेपछि उनीमाथि अनुसन्धान गर्ने क्रममा झाको संलग्नता खुलेको हो। केसीले झालाई दुई करोडको चेक दिएको प्रमाणसमेत प्रहरीले बरामद गरेको छ। उनी पक्राउ परेपछि यो घटनामा थप उच्चपदस्थ व्यक्तिको संलग्नता खुल्ने प्रहरीको आशा छ।

### ■ संलग्नता पुष्टि भएका ३३ आरोपी

**पक्राउ** (१६) : टोपबहादुर रायमाझी, बालकृष्ण खाण, आङटावा शेर्पा, टेकनारायण पाण्डे, इन्द्रजित राई, शरशेर मियाँ, टेकनाथ रिजाल, सन्दीप रायमाझी, नरेन्द्र केसी, केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टंक गुरुङ, रामशरण केसी र गोविन्द चौधरी

**फरार** (१४) : प्रतीक थापा, नीरज राई, केशव तुलाधार, अशोक पोखरेल, लक्ष्मी महर्जन, धीरेन राई, मोहन राई, दीपा हुमागाईं, सुनील बुढाथोकी, विनिता लिम्बू, निरञ्जन खरेल, राजेश अर्याल, हरिभक्त महर्जन र आशिष बुढाथोकी

**ठेगाना नखुलेका फरार** (३) : बेचन झा, गोकुल थापा र रमा थापा

### कर्नर किक

● रवि मिश्र




## बैंकमा साढे ४८ खर्ब निक्षेप, ४३ खर्ब कर्जा प्रवाह

असारसम्म दुई खर्ब निक्षेप थपिने, ६ प्रतिशतले कर्जा विस्तार हुने

(विस्तृत पृष्ठ ९)

# बचतकर्ताको डेढ अर्ब फिर्ता गर्न नसकेपछि सहकारीका अध्यक्षसमेत रहेका ढोरपाटनका मेयर फरार

बागलुङमा **नारायण रिजाल**



मेयर देवकुमार

**भाग्न सक्ने आशंकामा अध्यागमन विभागले लगायो मेयर देवकुमार नेपालीसहित सहकारीका सञ्चालकहरूलाई विदेश जान रोक**

बचतकर्ता र सेयर सदस्यको करिब डेढ अर्ब फिर्ता गर्न नसकेपछि बागलुङको इमेज बचत तथा ऋण सहकारीका संस्थापक अध्यक्षसमेत रहेका ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपाली सम्पर्कविहीन भएका छन्। भाग्न सक्ने आशंकामा अध्यागमन विभागले नेपालीसहित सहकारीका कार्यवाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन, सञ्चालक चित्रबहादुर भण्डारी तथा सदस्यद्वय रूपा विक र झगबहादुर शाहीलाई विदेश जान रोक लगाएको छ।

'सहकारीले बचतकर्ता र सेयर सदस्यको रकम फिर्ता गर्न नसकेको रहेछ, विदेश भाग्न सक्ने भनेर जिल्ला प्रशासनबाट सोमबार पत्र प्राप्त भएसँगै विदेश जान रोक लगाएका छौं,' अध्यागमन विभागका सूचना अधिकारी खिमराज भुसालले भने।

सहकारीका सञ्चालक नै फरार भएपछि बचतकर्ता र सेयर सदस्यले संघर्ष समिति बनाएका रकम फिर्ताका लागि पहल गरिरहेका छन्। ६ सयभन्दा बढी सेयर सदस्य जम्मा भएर बचतकर्ता डिलबहादुर कार्कीको संयोजकत्वमा समिति गठन गरिएको छ। 'बचतकर्ता र सेयर सदस्यहरूको गरी सहकारीले करिब डेढ अर्ब फिर्ता गर्नुपर्नेछ। तर, सञ्चालक नै

» पृष्ठ ११ मा क्रमशः




# मधेस प्रदेशकै उत्कृष्ट अस्पताल साढे तीन घन्टासम्म विद्युत्विहीन

## नियमित डायलाइसिस गर्नुपर्ने बिरामीको बिचल्ली



■ प्रादेशिक अस्पताल सिराहामा जेनेरेटर जलेको ४० दिन भयो, तर अस्पतालले नयाँ व्यवस्था गरेको छैन, विद्युत् प्राधिकरणले पनि पटक-पटक विद्युत् काटिदिँदा बिरामी मारमा पर्दै आएका छन्, सोमबार अस्पताल पुगेका मिर्गौलाका बिरामी डायलाइसिस सेवा नपाएपछि सडक आन्दोलनमा

सिराहामा **सुरेन्द्रकुमार कामती**

जानकारीविना नै विद्युत् प्राधिकरणले लाइन काट्दा र अस्पताल प्रशासनले ४० दिनअघि जलेको जेनेरेटरको विकल्प तयार नगर्दा मधेस प्रादेशिक अस्पताल सिराहामा गम्भीर प्रकृतिका बिरामी बिचल्लीमा परेका छन्। अस्पतालजस्तो संवेदनशील ठाउँमा यो गम्भीर समस्या केही दिनयता दिनहुँजसो नै छ।

सोमबार पनि बिहान ९ बजेदेखि अस्पतालमा विद्युत् आपूर्ति बन्द भयो। तर, २९ चैतमा आगलागी भएर नष्ट भएको जेनेरेटरको विकल्प पनि अस्पतालले व्यवस्था नगर्दा पालोअनुसार नियमित डायलाइसिसका लागि अस्पताल पुगेका नौ बिरामीले सेवा नै पाएनन्। ज्यानै जोखिममा परेपछि चर्को घामको पर्वाह नगरी बिरामी नै सडक आन्दोलनमा उत्रिएपछि १२:३० बजे मात्रै विद्युत् प्राधिकरणले अस्पतालमा विद्युत् खोलिदियो। त्यसपछि मात्रै बिरामीले डायलाइसिस गर्न पाएका थिए।

» पृष्ठ ११ मा क्रमशः

सोमबार उपत्यकामा

**गोंगबु** : वैदेशिक रोजगारीका लागि स्विट्जरल्यान्ड पठाइदिन्छु भन्दै ठगी गर्ने गरेको आरोपमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-४ घर भई बाँके कोहलपुर नगरपालिका-११, दशाबिघा बस्ने पार्वती थापालाई प्रहरीले पक्राउ गरेको छ । थापाले पीडितलाई वैदेशिक रोजगारका लागि स्विट्जरल्यान्ड पठाई सुपर मार्केटमा काम लगाइदिन्छु भन्दै ठगेका थिए । मासिक एक लाख रुपैयाँ तलब हुन्छ भन्दै प्रलोभनमा पारी पीडितबाट पटक-पटक गरी सात लाख २० हजार रुपैयाँ ठगी गरेकाले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-२६, गोंगबुबाट पक्राउ गरेको हो ।

**रामशाहपथ** : काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले ७० जना प्रहरी कर्मचारीलाई ट्राफिक नियन्त्रणसम्बन्धी तालिम प्रदान गरेको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्त्वावधानमा सो कार्यालयमा सञ्चालित तालिम १४७औं समूहअन्तर्गतको हो । उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा सोमबार आयोजित तालिम समापन कार्यक्रममा कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले तालिम समापन गर्दै प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरे ।

# काठमाडौं महानगरले दिएको समयमा आधा मात्रै तार व्यवस्थापन

## सेवा प्रभावित नगरी तार व्यवस्थापन गर्दा ढिलाइ, अझै एक महिना लाग्ने

नयाँ पत्रिका

ललितपुर महानगरपालिकाले गत फागुनमा १० दिनभित्र नगरक्षेत्रका अव्यवस्थित तार व्यवस्थापन गर्न निर्देशन दिएको थियो । सम्बन्धित निकायहरूले सात दिनमै तार व्यवस्थापन गरेका थिए । आजकल महानगर क्षेत्रका खम्बामा गुजुल्टिएका तार देखिँदैनन् ।

ललितपुरले झैं काठमाडौं महानगरले पनि १५ दिनभित्र तार व्यवस्थापन गर्न २५ वैशाखमा सरोकारवाला निकायलाई तार निर्देशन दिएको थियो । तर, सोमबार १५औं दिन पूरा हुँदा महानगरको आधा क्षेत्रमा पनि तार व्यवस्थापन हुन सकेको छैन । महानगरका अनुसार तार व्यवस्थापनका लागि अझै एक महिना लाग्ने स्थिति छ । 'हामीले तार व्यवस्थापनका लागि चार ठाउँबाट सुरु गरेका छौं । टिमले गरिरहेका कामबारे प्रत्येक शुक्रबार बिहान सरोकारवाला निकायसँग बैठक बसेर ब्रिफिङ गर्ने गरेका छौं । हालसम्म तार व्यवस्थापनसम्बन्धी काम राम्रोसँग भइरहेको छ,' तार व्यवस्थापन संयोजक तथा महानगर प्रहरी बल प्रमुख राजुनाथ पाण्डेले भने, 'सेवा प्रभावित नगरी तार व्यवस्थापन गर्ने क्रममा विद्युत्को तारमा केही समस्या आयो । त्यसैले काम अलि ढिलो भयो । अन्य ठाउँबाट पनि तार व्यवस्थान गर्ने भएका छौं । यद्यपि, अझै एक महिना लाग्छ ।' तार व्यवस्थापन भइसकेका सडकका पोल भने सफा देखिन थालिसकेका छन् ।



तार व्यवस्थापनपछि सफा देखिएको बबरमहल क्षेत्रको विद्युत्को खम्बा । तस्बिर : संजित परियार/नयाँ पत्रिका

२२ वैशाखमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै प्रमुख बालेन्द्र साहले अव्यवस्थित तारका कारण आगलागीको जोखिम बढेको र सहर कुरूप बनेको भन्दै गत वर्षको आगलागीको तथ्यांक सार्वजनिक गरेका थिए । 'सहरका पोलहरूमा तारको अवस्था कस्तो छ भनिरहनुनपर्ला । त्यसमा हजारौं मिम बनेका छन्, ट्रोल भएका छन् । भौतिक रूपमा तिनले सहरलाई अव्यवस्थित बनाएका छन् भने आगलागीको जोखिम पनि बढाएका छन् । गत वर्ष मात्रै अव्यवस्थित तारका कारण ५३ ठाउँमा आगलागी भएको तथ्यांक छ । आगलागीको जोखिम कम गर्न र व्यवस्थापन गर्न महानगर आफ्नो अधिकारभित्र रहेर कार्य गर्न तत्पर छ । सहर व्यवस्थित, सुन्दर बनाउन तथा नागरिकको जनधनको सुरक्षाका लागि हामी क्रियाशील छौं ।

**हामीले तार व्यवस्थापनका लागि चार ठाउँबाट सुरु गरेका छौं । टिमले गरिरहेका कामबारे प्रत्येक शुक्रबार बिहान सरोकारवाला निकायसँग बैठक बसेर ब्रिफिङ गर्ने गरेका छौं । हालसम्म तार व्यवस्थापनसम्बन्धी काम राम्रोसँग भइरहेको छ । सेवा प्रभावित नगरी तार व्यवस्थापन गर्ने क्रममा विद्युत्को तारमा केही समस्या आयो । त्यसैले काम अलि ढिलो भयो । अन्य ठाउँबाट पनि तार व्यवस्थापन गर्ने भएका छौं । यद्यपि, अझै एक महिना लाग्छ ।**



● **राजुनाथ पाण्डे**, तार व्यवस्थापन संयोजक एवं महानगर प्रहरी बल प्रमुख

यसमा कतिपय अवस्थामा कसैलाई असुविधा पुग्न सक्छ, तर तपाईंहरूले साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्छौं,' उनले फेसबुकमा लेखेका थिए । उनले यस्तो लेखिसकेपछि महानगरले २४ वैशाखमा छलफल गरेर २५ वैशाखबाटै तार व्यवस्थापनको काम सुरु गरेको थियो । महानगरले तार व्यवस्थापन गर्न इन्टरनेट सेवाप्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायतसँगको सहकार्य गरेको छ ।

### ■ १५ दिनमा ४० ट्रक तार काटिए

महानगरका अनुसार हालसम्म तार व्यवस्थापनका क्रममा ४० ट्रक तार काटिसकेको छ । ती तारलाई महानगरको टेकुस्थित ट्रान्सफर स्टेसनमै थुपारेको छ । हाल महानगरले माइतीघर, कंलकी, त्रिपुरेश्वर, सुन्धारा, न्युरोडलगायत क्षेत्रमा चार टोली बनाएर काम गरिरहेको छ । छिटो तार व्यवस्थापनका लागि महानगरले टिम बनाउन लागेको संयोजक पाण्डेले बताए । महानगरले तार व्यवस्थापनको काम सम्पदा र हाइवे क्षेत्रलाई प्राथमिकतामा राखेर सुरु गरेको थियो । 'सहर त कुरूप भयो नै । आगलागीलगायतका दुर्घटना पनि बढ्न थाले । त्यसैले यसलाई अभियानकै रूपमा सुरु गरिएको हो । अहिलेलाई हाइवे र सम्पदा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्दै छौं,' पाण्डेले भने । १८ फागुनदेखि ललितपुर महानगरपालिकाले पनि अव्यवस्थित तार व्यवस्थान गर्ने काम सुरु गरेको थियो । अव्यवस्थित तारका कारण सहर नै कुरूप देखिएको, दुर्घटना हुन थालेको भन्दै महानगरपालिकाले यो अभियान सुरु गरेको थियो । १७ फागुनमा इन्टरनेट सेवाप्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायत निकायलाई बोलाएर अव्यवस्थित तार व्यवस्थापनका लागि छलफल गरेको थियो । छलफलका क्रममा मेयर चिरिबाबु महर्जनले १० दिनभित्र सम्पदा क्षेत्रमा भएका तार व्यवस्थित गर्नका लागि निर्देशनसमेत दिएका थिए । सो निर्देशनअनुसार महानगरले १० साता दिनमै अव्यवस्थित तार व्यवस्थापन गरेको थियो ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/०९

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, हेटौडा मकवानपुरबाट विभिन्न शिर्षक अन्तर्गतको कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स उपकरण कर्जा र अल्पकालीन कर्जा**

**ऋणीको नाम : थिङ आवर कन्स्ट्रक्सन प्रा. लि.**
रजिष्टर्ड ठेगाना : हेटौंडा उप.म.न.पा- १६, मकवानपुर
रजिष्ट्रेसन नं. : २०६८६४/०७५/०७६ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
पान नं. : ६०६५७७७५९

**कम्पनीको सञ्चालक तथा जमानीकर्ताको नाम र ठेगाना**
नाम : सौगात थिङ
बाबु : महेन्द्र बहादुर थिङ
बाजे : जंग बहादुर थिङ
स्थायी ठेगाना : हटिया-५, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-१६, मकवानपुर
ना.प्र.नं. : ३११०१३/८७६९६
जारी मिति : २०६८/०५/२१
जि.प्र.का. : मकवानपुर

**जमानीकर्ताहरुको नाम र ठेगानाः**

१. नाम : महेन्द्र बहादुर थिङ
बाबु : जंग बहादुर थिङ
बाजे : धन बहादुर थिङ
स्थायी ठेगाना : हटिया-५, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-१६, मकवानपुर
ना.प्र.नं. : ४७१
जारी मिति : वि.सं २०४४/१०/२४
जि.प्र.का. : मकवानपुर

२. नाम : हरि माया भोलन
बाबु : धन बहादुर भोलन
ससुरा : जंग बहादुर थिङ
पति : महेन्द्र बहादुर थिङ
स्थायी ठेगाना : हटिया-५, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-१६, मकवानपुर
ना.प्र.नं. : ८०४
जारी मिति : वि.सं २०४२/०१/१०
जि.प्र.का. : मकवानपुर

३. नाम : मनोज थिङ
बाबु : महेन्द्र बहादुर थिङ
बाजे : जंग बहादुर थिङ
स्थायी ठेगाना : हेटौंडा उप महा न.पा.-२१, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-१६, मकवानपुर
ना.प्र.नं. : ३१-०१-७२-१०६६९
जारी मिति : २०७२/१२/२९
जि.प्र.का. : मकवानपुर

४. नाम : सुरज थिङ
बाबु : महेन्द्र बहादुर थिङ
बाजे : जंग बहादुर थिङ
स्थायी ठेगाना : हेटौंडा उप महा न.पा.-२१, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-१६, मकवानपुर
ना.प्र.नं. : ३१-०१-७२-१०६६८
जारी मिति : २०७२/१२/२९
जि.प्र.का. : मकवानपुर

**धितो राखिएको सम्पत्ति विवरणः**

**१. सवारी धनी सिटिजन्स बैंक इन्टरनेसल लिमिटेड भई ऋणी थिङ आवर कन्स्ट्रक्सन प्रा. लि भएको सवारी साधन ।**

| क.सं | सवारीको किसिम | चेसिस नं. | इन्जिन नं. | दर्ता.न. | बनेको साल |
|---|---|---|---|---|---|
| 1. | Hyundai Crawler Excavator R200L | N636D00510 | 22295548 | BA 3 KA 2320 | 2018 |

**२. धितो सुरक्षण धनीको नामः- महेन्द्र बहादुर थिङ**

| जिल्ला | न.पा./गा.पा. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि-क-धु) | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | हटिया | २ | ५००१ | ०-०-१९ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**२.कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन- अधिविकर्ष कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

१. नाम : कुमार सिंह गोले
बाबु : राम बहादुर गोले
बाजे : मान बहादुर गोले
पत्नी : रन्जु माया गोले
स्थायी ठेगाना : नामटार-५, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-३, मकवानपुर
ना.प्र.नं. : ४३/१७३
जारी मिति : २०५५/०१/०९
जि.प्र.का. : मकवानपुर

२. नाम : रन्जु माया गोले
बाबु : रत्न बहादुर पाखीन
ससुरा : राम बहादुर गोल
पति : कुमार सिंह गोल
स्थायी ठेगाना : बसामाडी-३, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-३, मकवानपुर
ना.प्र.नं. : ३११०२२/५९६७६
जारी मिति : २०६६/०१/१०
जि.प्र.का. : मकवानपुर

**धितो राखिएको सम्पत्ति विवरणः**

| सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि-क-धु) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मकवानपुर | बसामाडी | ३ | ५०२३ | ०-१-० | कुमार सिंह गोले | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |
| २. | मकवानपुर | पदमपोखरी | ४ | १३२३ | ०-२-० | रन्जु माया गोले | |

**३. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा-आवधिक**

**ऋणीको नाम र ठेगाना**
१. नाम : कुमार सिंह गोले
बाबु : राम बहादुर गोले
बाजे : मान बहादुर गोले
पत्नी : रन्जु माया गोल
स्थायी ठेगाना : नामटार-५, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-३, मकवानपुर
ना.प्र.नं. : ४३/१७३
जारी मिति : २०५५/०१/०९
जि.प्र.का. : मकवानपुर

**जमानीकर्ताको नाम र ठेगाना :**
१. नाम : रन्जु माया गोले
बाबु : रत्न बहादुर पाखीन
ससुरा : राम बहादुर गोल
पति : कुमार सिंह गोल
स्थायी ठेगाना : बसामाडी-३, मकवानपुर
हालको ठेगाना : हेटौंडा उप महा न.पा.-३, मकवानपुर
ना.प्र.नं. : ३११०२२/५९६७६
जारी मिति : २०६६/०१/१०
जि.प्र.का. : मकवानपुर

**धितो राखिएको सम्पत्ति विवरणः**
**धितो सुरक्षण धनीको नामः- कुमार सिंह गोले**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि-क-धु) | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | बसामाडी | ३ | ३०८१ | ०-२-३.५ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**४. कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा**

**ऋणीको नाम र ठेगाना**
१. नाम : बकिल बस्नेत
बाबु : अर्जुन बहादुर बस्नेत
बाजे : राम बहादुर बस्नेत
स्थायी ठेगाना : हाँडीखोला-७, मकवानपुर
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३११०२०/७७२१२
जारी मिति : २०६७/०८/०८
जि.प्र.का. : मकवानपुर

**जमानीकर्ताहरुको नाम र ठेगाना :**
१. नाम : मिना कुमारी बस्नेत
बाबु : मोति बहादुर पौडेल
ससुरा : राम बहादुर बस्नेत
पति : अर्जुन बहादुर बस्नेत
स्थायी ठेगाना : हाँडीखोला-७, मकवानपुर
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३११०२०/४२५५१
जारी मिति : २०६३/१२/२०
जि.प्र.का. : मकवानपुर

२. नाम : कपिल बहादुर बस्नेत
बाबु : अर्जुन बहादुर बस्नेत
बाजे : राम बहादुर बस्नेत
स्थायी ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३१-०१-७५-११९४५
जारी मिति : २०७५/१२/१९
जि.प्र.का. : मकवानपुर

**धितो राखिएको सम्पत्ति विवरणः**
**१. सवारी धनी सिटिजन्स बैंक इन्टरनेसल लिमिटेड भई ऋणी वकिल बस्नेत भएको सवारी साधन ।**

| | |
|---|---|
| सवारीको किसिम | Xenon Yodha SC 4X2 |
| चेसिस नं. | MAT464602LSR07347 |
| इन्जिन नं. | 4SPCR10KZX615539 |
| दर्ता नं. | BP 03 001 CHA 0625 |
| बनेको साल | 2020 |

**२. धितो सुरक्षण धनीको नामः- मिना कुमारी बस्नेत**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रो-आ-पै-दा) | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | हाँडीखोला | ७ | ७८५ | ०-६-१२.५ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**५. कर्जा शिर्षक : सिटिजन्स् वान जोन वान प्रडक्ट कर्जा (I & II)-आवधिक**

**ऋणीहरुको नाम र ठेगाना**

१. नाम : मिना कुमारी बस्नेत
बाबु : मोति बहादुर पौडेले
ससुरा : राम बहादुर बस्नेत
पति : अर्जुन बहादुर बस्नेत
स्थायी ठेगाना : हाँडीखोला-७, मकवानपुर
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३११०२०/४२५५१
जारी मिति : २०६३/१२/२०
जि.प्र.का. : मकवानपुर

२. नाम : बकिल बस्नेत
बाबु : अर्जुन बहादुर बस्नेत
बाजे : राम बहादुर बस्नेत
स्थायी ठेगाना : हाँडीखोला-७, मकवानपु
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३११०२०/७७२१२
जारी मिति : २०६७/०८/०८
जि.प्र.का. : मकवानपुर

**जमानीकतारुको नाम र ठेगाना :**
१. नाम : कपिल बहादुर बस्नेत
बाबु : अर्जुन बहादुर बस्नेत
बाजे : राम बहादुर बस्नेत
स्थायी ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
हालको ठेगाना : मनहरी गा.पा.-४, मकवानपुर
ना.प्र.नं. : ३१-०१-७५-११९४५
जारी मिति : २०७५/१२/१९
जि.प्र.का. : मकवानपुर

**धितो राखिएको सम्पत्ति विवरणः**
**१. सिटिजन्स वान जोन वान प्रडक्ट- I कर्जाको लागि धितो राखिएको सम्पत्ति विवरण**
**धितो सुरक्षण धनीको नामः- मिना कुमारी बस्नेत**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रो-आ-पै-दा) | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | हाँडीखोला | ७ | ७८५ | ०-६-१२.५ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**१. सिटिजन्स वान जोन वान प्रडक्ट- II कर्जाको लागि धितो राखिएको सम्पत्ति विवरण**
**धितो सुरक्षण धनीको नामः- मिना कुमारी बस्नेत**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रो-आ-पै-दा) | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | हाँडीखोला | ७ | १२५८ | ०-६-११.५ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**मुख्य कार्यालय**:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank


## सम्पदा घुम्ती बस सेवा सञ्चालन

**काठमाडौं**/ काठमाडौं उपत्यकाका सम्पदाहरू भ्रमण गर्न मिल्ने गरी सम्पदा घुम्ती बस सेवा सञ्चालनमा आएको छ । नेपालमा आएका पर्यटकको सेवामा केन्द्रित गरी नेपाल पर्यटन बोर्डले यस्तो बस सेवा सञ्चालन गरेको हो ।

'हफ अन हफ अफ बस' मंगलबारदेखि परीक्षणका रूपमा चल्न लागेको हो । नेपाल पर्यटन बोर्डका अनुसार काठमाडौं उपत्यकामा रहेका प्रमुख सम्पदा क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र बोर्डले साझा यातायातसँगको सहकार्यमा यस्तो बस सेवा सञ्चालनमा ल्याएको हो ।

## पालि फः फल्चाको पुनर्निर्माण सुरु

**भक्तपुर**/ भक्तपुर नगरपालिकाको एक मात्र पालि फः फल्चा पुनर्निर्माण सुरु भएको छ । भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापतिले वडा नम्बर ९, सकोलानस्थित ऐतिहासिक पालि फः फल्चाको सोमबार शिलान्यास गरी पुनर्निर्माण सुरु गरेका हुन् ।

उक्त अवसरमा मेयर प्रजापतिले सम्पदा जनताको गहना र विश्वभरका मानिसको साझा सम्पत्ति भएको बताए । सम्पदाको महत्त्वबारे जानकारी नहुँदा मूर्तिलाई ढुंगा ठानेर खेल्ने र रमाइलो गर्ने काम भइरहेको उनले बताए । तर, सम्पदाको महत्त्व बुझेपछि अहिले धेरै मानिस संरक्षणमा लाग्न थालेको उनले बताए । 'भक्तपुरमा सम्पदा पुनर्निर्माण तथा अन्य विकासका कार्यहरूमा स्थानीयको सहभागितामा उपभोक्ता समिति गठन गर्दा कम लागतमा बलियो र मौलिक शैलीको संरचना बनेको छ । ती सम्पदाहरूको संरक्षणसमेत स्थानीयबाटै भएकाले विभिन्न स्थानीय तहका जनप्रतिनिधि भक्तपुरवासीका कामबाट प्रभावित भएका छन्,' मेयर प्रजापतिले भने । ३९ लाख ५१ हजार सात सय ९९ रुपैयाँमा पुनः निर्माण हुन लागेको फल्चा पुरानो नगरक्षेत्रको एक मात्र पालि फः फल्चा हो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले स्थानीयसँग पटक-पटक छलफल गरी मौलिक शैलीमा चुना सुर्कीको प्रयोगबाट उक्त फल्चा पुनर्निर्माण गर्न लागिएको बताए । फल्चासँग जोडिएको संस्कृति र जीवनपद्धतिलाई पनि संरक्षण गर्नुपर्ने उनको जोड छ ।


**लिलामी प्रकृया स्थगित गरिएको सम्बन्धि सूचना**

यस संस्थाका ऋणी **अर्जुन गिरी** को नाममा रहेको कर्जाको लिलामी सम्बन्धि सूचना प्रकाशित भई मिति २०८०।०२।०८ गते लिलामी प्रकृया गर्ने तय भएकोमा हाल यस संस्थाको आन्तरिक कारणले गर्दा अर्को सूचना प्रकाशित नभएसम्म लिलामी दाःखा प्रकृया स्थगित गरिएको सूचना सम्बन्धित सम्पूर्णमा जानकारी गराईन्छ ।

CASH क्यास सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ४३५१८७७, ४३५२३११, ४३५३२५२
Email :info@cashco-op.com.np

**हकदावीको सूचना**

३ नं. प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं.०९ मा बस्ने श्री बृख बहादुर बस्नेतको नाति, श्री शंखर बहादुर बस्नेतको छोरा, श्री सुमन बहादुर बस्नेतको मिति २०७७/१०/२६ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ०१९०५०८००९१३३० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि निजको श्रीमति एलिशा थापाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, बत्तिसपुतली, काठमाण्डौं
फोन नं.:- ४५७१७९०
४५७१७८०

**भुल सुधार**

यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. को मिति २०८०/०२/०७ गते आइतबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित धितो सुरक्षणमा रहेको सवारी साधन/अचल जेथा लिलाम बिक्री गरिने सम्बन्धी ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको अत्यन्त जरुरी सूचनामा क्र.सं. ३ को ऋणी श्री लक्ष्मण एण्ड के.सी. कन्स्ट्रक्सन प्रा.लि. को धितोको विवरण (जमानतकर्ता मन कुमारी खत्रीको नाउँमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, हलवार गा.वि.स./न.पा. वडा नं. ८ मा अवस्थित कि.नं. ५५ को क्षेत्रफल ०-५-१०-० विगाहाको अतिरिक्त जग्गा तथा लिगलिगापात समेत) हुनुपर्नेमा उपरोक्तानुसार भुल सुधार गरिएको छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८०/०२/१६
**बोलपत्र खोलिने मिति :** २०८०/०२/१७ (बुधबार)
**बोलपत्र खोलिने समय :** साँझ ५ बजे
**स्थान :** एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि., कर्पोरेट कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं

M.A.W INVESTMENT "गन्तव्यको सहयात्री"
**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.**
**(M.A.W. Investment Pvt.Ltd.)**
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)
**कर्पोरेट कार्यालय :** त्रिपुरेश्वर, काठमाडौं, नेपाल, फोन नं. ०१-५३३२४९९/५९७०२२८

# लेकमा पालभित्र वास, मृत्यु जितेर यार्साको कमाइ

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको अपी-हिमाल गाउँपालिका- २ की पार्वती धामी तीन वर्षीय छोरासहित दुई महिनादेखि अपीको लोलुमा छिन् । यार्सा संकलनका लागि वैशाख दोस्रो साता लोलु पुगेकी उनले बस्नका लागि पाल टाँगेकी छिन् ।

तीन हजार नौ सय मिटर उचाइमा रहेको पिलकन्दमा उनी सिरसिर हावासँगै रात त्यही पालमा बिताउँछिन् । 'रहरले आएकी होइन । यार्सा नटिपेर वर्षभर छाक कसरी टार्नु ?' उनी भन्छिन्, 'डर त हुन्छ नि ! कहिले हिमपहिरो आउँछ, कोही लेक लागेर बितेको सुनिन्छ ।' यार्सा संकलनका वेला सबैले पाल लगेर अस्थायी वास व्यवस्थापन गरेका हुन्छन् ।

छोरा एक वर्षको हुँदादेखि नै उनी यार्सा संकलनका लागि पाटन पुग्न थालेकी हुन् । 'अब त चिसोमा बस्न सक्ने भइहाल्यो । हिउँमा खेलिरहेको हुन्छ । म यार्सा खोज्छु,' उनले भनिन् । बालबालिका लिएर यार्सा संकलन गर्न पुगेकी धामी एक्ली होइनन् । अपी-हिमाल-१ का प्रेमसिंह जागरीको परिवार दुई महिनादेखि पाटनमा छ । जागरी र उनकी श्रीमतीको यार्सा संकलकलाई लक्षित गरी धौला ओडारमा खाजा-खानाको व्यवसाय छ । साथमा दुई महिनाका बालक छन् । बच्चालाई चिसोले च्याप्ने डर हुन्छ ।

उनकी जेठी छोरी २० वर्षीया पार्वती चिसो लागेर बिरामी भएपछि घर फर्किन् । 'काम नगरी वर्षभरिको जोहो गर्न सकिँदैन, कमाइको सिजन नै यही हो,' उनले भने, 'गाउँको खेतको उब्जनीले कति पुग्छ र ? बेसार नगरी पुग्दैन । बेसार गर्न पैसा त चाहियो ।' बाहिरबाट आउनेका लागि उनले खाने-बस्नेको व्यवस्था गरेका छन् । 'धेरैले आफ्ना लागि जोहो गरेरै आउँछन्, त्याउन नसक्नेका लागि व्यवस्था गरेको छु,' उनले भने ।



दुधेबालक लिएर अपी बेसक्याम्पमा यार्सा संकलनका लागि पुगेकी पार्वती धामी ।

भन्डै चार हजार मिटर उचाइमा पाइने यार्सा खोज्न कैयौँ अभिभावक नानीबाबु लिएर गएका हुन्छन् । कानुनले बालबालिकालाई यार्सा संकलनमा रोक लगाएको छ । यार्सा व्यवस्थापन (संकलन तथा ओसारपसार) निर्देशिका, २०७३ ले १६ वर्षमाथिका बालबालिकालाई मात्रै यार्सा संकलनका लागि इजाजत दिने व्यवस्था गरेको छ । तर, अभिभावकले बालबालिका आफूसँगै लिएर जाने गर्छन् ।

अपी-हिमाल क्षेत्रको लोलु, धौली ओडार, ठाडापानी, भवयदह, सातगंगा, रोखापु, काटै, क्षत्ति, धरमघरलगायत वनजंगलमा अहिले पाल, छाप्रा र ओडार बनाएर बसिरहेका छन् । भन्डै दुई महिना यार्सा संकलन गरे वर्षभरि पुग्ने भएपछि स्थानीय जंगलमै बस्छन् । पशुचौपायासमेत सँगै लिएर जान्छन् ।

### ■ यार्साको खोजीमा गाउँ नै रित्तो हुँदै

यार्सा खोज्न हिँडेपछि अप-हिमाल, मार्मा, नौगाड, व्याँस, दुहुँ गाउँपालिकाका कैयौँ गाउँ रित्तो भएका छन् । हिमपात ढिलोसम्म भएकाले यहाँका स्थानीय जेठ लाग्दा पनि यार्साको खोजीमा पाटन उक्लिरहेका छन् । 'पूरै गाउँले जेठ महिनाभर यार्सा र जडीबुटी खोजीमा जान्छन्,' अपी-हिमाल- १ का देवसिंह जागरीले भने, 'यो महिना भ्याइनभ्याइ हुन्छ ।' आवतजावत गर्नेलाई लक्षित गरेर उनले सिमसार क्षेत्रमा होटेल चलाएका छन् ।

०६० पछि मात्रै हो यहाँका स्थानीयले जडीबुटी संकलन गरेर तराई क्षेत्रमा घरघडेरी बनाउन थालेको । यार्सा खोजेरै यहाँका स्थानीयले छोराछोरी धनगढीदेखि काठमाडौंसम्म पढाउन पाएका छन् । अपी-हिमालका अधिकांशले भेडासहितका पशुचौपाया पनि सँगै लेक लगेका छन् ।




साबिकका घुसा गाविसका स्थानीयको भेडा चरिचरन क्षेत्र लोलु हो । खण्डेश्वरीका स्थानीय पशुचौपाया धरमरघ क्षत्ती लग्छन् भने नौगाड, दुहुँ, व्याँस, महाकालीका भेडापालक कृषक व्याँस गाउँपालिकाका विभिन्न वनजंगलमा लैजान्छन् ।

### ■ महँगो खाद्यान्न खान बाध्य

यार्सा संकलनमा जानेका लागि खर्चिलो भनेको खाद्यान्न हो । ४५ देखि ५० रुपैयाँमा पाइने मोटो चामल यार्सा पाइने क्षेत्रमा पुग्दा एक सय ५० रुपैयाँ नाघ्छ । अपी-हिमाल गाउँपालिकाको मकरीगाडसम्म मात्र गाडीको पहुँच छ ।

मकरीगाडदेखि घुसासम्म प्रतिकिलो १० रुपैयाँ ढुवानी पर्छ । त्यहाँबाट पनि खच्चडमार्फत ढुवानी हुने गरेको छ । 'नुनकै प्रतिकिलो ७० रुपैयाँ पर्छ । अपी-हिमाल- १ का मीनबहादुर लोथ्यालले भने, 'मान्छेबाट बोकाउँदा झनै महँगो हुन्छ ।' अधिकांशले घोडा, खच्चड, भेडाबाख्रामार्फत दुई महिनालाई पुग्ने खाद्यान्न लेकमा ढुवानी गर्ने गर्छन् । 'यसपटक मौसममा आएको परिवर्तनले यार्सा पाइने आसै छैन,' उनले भने । तैपनि स्थानीयले खाद्यान्न भने ढुवानी गरिसकेका छन् । नौगाड- ४ का जयसिंह धामी यार्सा संकलनका लागि गाउँबाटै महँगो मूल्यमा खाद्यान्न बोकेर ल्याएको सुनाउँछन् ।

### ■ यार्सा संकलनका लागि विद्यालय बिदा !

अपी-हिमाल गाउँपालिकामा यार्सा संकलनका विद्यालय बिदा दिइएको छ । १६ वैशाखदेखि ६ जेठसम्मका लागि विद्यालय बिदा दिइएको हो । विद्यार्थी र शिक्षक नै यार्सा संकलनमा जाने भएपछि बिदा दिइएको हो ।

गाउँपालिकाका सबै विद्यालय बन्द रहेको सरस्वती आधारभूत विद्यालय मरखोलाका शिक्षक गोवर्द्धनसिंह धामीले जानकारी दिए । 'विद्यालय चाँडो बन्द भए,' उनले भने, 'तर, यसपटक यार्सा सिजन ढिला भएको छ ।' मौसममा आएको परिवर्तनका कारण यसपटक यार्सा संकलन भने हुन पाएको छैन । अहिलेलाई लामो बिदाबाट कटौती गर्ने गरी विद्यालय बिदा दिइएको हो । गाउँपालिकामा २४ विद्यालय छन् । विद्यालय बन्द हुँदा भन्डै दुई हजार विद्यार्थीको पढाइ प्रभावित बनेको छ ।

यार्सामा निर्भर रहेका यस क्षेत्रका अभिभावकले बालबालिकालाई आफूसँगै यार्सा संकलनका लागि लैजाने हुँदा विद्यालय बन्द गर्नुपरेको धामीले बताए । अभिभावककै सहमतिमा विद्यालय बन्द हुने गर्छन् । अभिभावकभन्दा पनि बालबालिकाले यार्सा बढी भेट्टाउने गर्छन् ।

## ■ यार्सा बाघको मुखबाट खोसेसरह

जुम्लामा **मानदत्त रावल** र मुगुमा **अच्युतराज भण्डारी**

जुम्लाका पातारासी गाउँपालिका स्थानीयको आम्दानीको मुख्य स्रोत यार्सा हो । यहाँका स्थानीय हरेक वर्ष मुगु र डोल्पा पाटनमा यार्सा टिप्न जान्छन् । वर्षमा एक बाली मात्रै उत्पादन हुने पातारासी अर्थात् चौधबिस क्षेत्रका नागरिकले गाउँघरमा रोजगारी पनि पाएका छैनन् ।



यस क्षेत्रमा आलु, मकै, फापर, कोदो, सिमी फल्ने भए पनि उत्पादन तीन-चार महिना मात्र पुग्छ । पातारासी गाउँपालिका- ५ की भौरी बुढाले भनिन्, 'आठ वर्षदेखि यार्सा टिप्दै आएकी छु । यार्सा बाघको मुखबाट खोसेसरह हुन्छ ।'

पातारासी- १ स्याला गडीगाउँका मुनबहादुर ऐडी पनि १४ वर्षको उमेरमा ८ कक्षा पढ्ने वेलादेखि यार्सा टिप्न जान थालेका हुन् । चार वर्ष डोल्पा र चार वर्ष मुगु पाटन गरी आठ वर्ष निरन्तर यार्सा टिप्न गएको उनले बताए ।

१४ वर्षदेखि ५० वर्ष उमेर समूहका नागरिक डोल्पा र मुगु पाटनमा यार्सा टिप्न जाने गरेको पातारासी- ३ का पूर्ववडाध्यक्ष बिर्खराम बुढाले बताए । यार्सा बेचेर यहाँका स्थानीयले घरपरिवारको स्वास्थ्यदेखि लुगाफाटो, नुनतेलको जोहो गर्छन् । तर, यार्सा टिप्न जाँदा त्यतिकै जोखिम छ । जिल्लाका २२ जनाले ज्यान गुमाएका छन् ।

२३ वैशाखको हिमपहिरोमा बेपत्ता भएका जुम्लाको पातारासी- २ तल्फीगाउँका तीनमध्ये पूर्णसिंह सार्कीको शव मात्र फेला परेको छ । तारासिंह सार्की र वीरबहादुर बोहरा अझै बेपत्ता छन् । पातारासी गाउँपालिकाकी उपाध्यक्ष जनमाया रोकायाका अनुसार सुरक्षाकर्मीको उद्धार टोली पाटन पुगेको थियो । तर, निरन्तरको हिमपातका कारण खोजबिन हुन सकेको छैन । ४० सुरक्षाकर्मीको टोली मुगुको सिरानचौरमा दुई हप्तादेखि क्याम्प बनाएर बसेको छ ।

यस क्षेत्रबाट सयौँको संख्यामा यार्सा संकलनका लागि जाने गर्दछन् । प्रत्येक घरको तीन-चारजना गएकै हुन्छन् । तर, बीच बाटोमै यार्सा लुटिने घटना पनि भएका छन् ।

मुगुका कार्मारोङ गाउँपालिकाको पाटन क्षेत्रमा यार्सा पाइन्छ । गाउँपालिकाले पाटन प्रवेश शुल्कबापत संकलकबाट शुल्क उठाउछ । प्रतिकेजी ३० देखि ३५ हजारसम्म राजस्व लाग्छ । संकलित यार्सा सहरदेखि चीनको ह्याजिमारमा लाग्ने एकमहिने हाटबजारमा बिक्री गर्छन् । एउटा यार्साको मूल्य दुई सयदेखि हजारसम्म पर्छ ।

एक महिना यार्सा संकलन गरेर विद्यार्थीले आफूलाई वर्षभरि पढ्न र घर खर्च चलाउने गरेका छन् । हिमाली क्षेत्रमा यार्सा सिजन सुरु हुनेबित्तिकै विद्यालयमा विद्यार्थीको उपस्थिति हुँदैन । यहाँका नागरिकको मुख्य रोजीरोटी भनेकै यार्सा हो । विद्यालय सञ्चालन गरे पनि विद्यार्थी नआउने भएकाले पछि बिदा मिलाउने गरेर बन्द गर्ने निर्णय गरिएको अपी-हिमाल गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्राविधिक सहायक मदनराज जोशीले बताए ।

विगतमा अपी-नाम्पा संरक्षण क्षेत्रले यार्सा संकलनका लागि परिचयपत्र अनिवार्य गरेको थियो । पछिल्लो केही वर्ष अपी-नाम्पा संरक्षण क्षेत्रको व्यवस्थापन परिषद् नेतृत्वविहीन हुनु र राजस्व संकलनलगायत विषयमा स्थानीय तहसँग विवाद देखिएकाले परिचयपत्र तथा अनुमतिपत्रविनै यार्सा संकलन हुने गरेको छ ।

### ■ सहज छैन यार्सा संकलन

यार्सा संकलन गर्न निकै कठिन छ । उच्च भूभागसम्म पुग्नु मृत्युलाई जितेसरह हो । चार हजार मिटरभन्दा धेरै उचाइ भएका हिमाली पाटनमा मात्र पाइने यार्सा संकलन गर्नु अत्यन्तै जोखिमपूर्ण कार्य हो । बर्सेनि चिसो, हिमपहिरोमा परेर सर्वसाधारणको मृत्यु हुने गरेको छ ।

यार्सा पाइने हिमाली पाटनसम्म पुग्न अप्ठेरा र अनकन्टार भिरका बाटा पार गर्नुपर्छ । यार्सा प्रायः भिरालो पाखा, चट्टानछेउछाउमा बढी भेटिन्छ । यार्सा पाटन पुगिसकेपछि पनि भारी हिमपात, बर्सातबीच पनि दिनभर घुँडा धसेर खोज्नुपर्ने हुँदा अत्यधिक चिसोका कारण धेरैजना बिरामी पर्ने, कतिपयले ज्यान गुमाउनुपर्ने अवस्था छ ।

यार्सा सिजन सुरु भएलगत्तै दार्चुलामा यस वर्ष मात्र सातजनाले ज्यान गुमाइसकेका छन् । यार्सा खोज्न व्याँस- १ भोलिन पुगेका पाँचजना १९ वैशाखको हिमपहिरोमा पुरिए । ज्यान गुमाउनेमा दुहुँ गाउँपालिका- ४ का १८ वर्षीय प्रवीण कुँवर र उनकी आमा कमला, डोटीको जोयराल गाउँपालिका-२ का नवती डोमा थापा, क्षिमी सोमो थापा र ईश्वरी थापा छन् । अन्य १९ जना हिमपहिरोबाट जोगिएका थिए ।

व्याँस- १ कुन्तीमा दुंगा लागेर ४ जेठमा मात्र छाडरुका ४२ वर्षीय वीरसिंह ऐतवालको ज्यान गयो भने सीतापुल प्रहरी चौकीको टोलीले घाइते पुष्कर ऐतवालको उद्धार गरेको छ । त्यसअघि २ जेठमा व्याँसकै स्याङ्पा पाटनमा चट्याङ लागेर दुहुँ गाउँपालिका-५ पासुका १४ वर्षीय पारस महराको ज्यान गएको छ । ३१ वैशाखमा चट्याङ लागेर दुँहु गाउँपालिका- २ का १८ वर्षीय महेश बडाल, वडा नम्बर १ पीपलचौरीका ३८ वर्षीय आनसिंह महरा र उनकी ३३ वर्षीया श्रीमती मानमती हरा घाइते भए । उनीहरूको काठमाडौंमा उपचार भइरहेको छ ।

# शिवालय सहकारीको रकम हिनामिनामा अनुसन्धानको माग राख्दै सर्वोच्च पुगे पीडित

**काठमाडौं**/ पर्वतको कुस्मास्थित शिवालय बहुउद्देश्यीय सहकारीमा रकम हिनामिना भएको विषय सर्वोच्च प्रवेश गरेको छ । सो सहकारीका सचिव प्रेमप्रसाद शर्माकी श्रीमती मीनाकुमारी शर्माले सोमबार सर्वोच्चमा रिट दर्ता गरेकी छिन् । ठगीका विषयमा फितलो अनुसन्धान भएको, प्रतिवादीहरूलाई पक्राउ गर्न अदालतले अनुमति नदिएकोजस्ता विषय रिटमा उल्लेख छ ।

रिटमा पर्वतको जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, सरकारी वकिलको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका साथै कुस्मा नगरपालिकालाई विपक्षी बनाइएको छ । आइतबार दर्ता रिटको सुनुवाइ मंगलबारका लागि तोकिएको सर्वोच्च अदालतले जनाएको छ । रिट निवेदक मीनाकुमारी सहकारीका सचिव प्रेमप्रसाद शर्माकी श्रीमती हुन् ।

सहकारीका पदाधिकारीले दुई करोड रुपैयाँभन्दा बढी रकम हिनामिना गरेपछि तनावमा आएका शर्माले आत्महत्याको बाटो रोजेका थिए । त्यसपछि उनकी श्रीमतीले सहकारीका कोषाध्यक्ष नरेन्द्रबहादुर खत्री र प्रबन्धक दिलकुमारी सुवेदीविरुद्ध आत्महत्या दुरुत्साहनमा जाहेरी दिएकी थिइन् । यो मुद्दामा समेत राम्रोसँग अनुसन्धान नगरिएको पीडित मीनाकुमारीको आरोप छ ।

मृतक प्रेमकुमारका साथ भेटिएको पत्रमा खत्री र सुवेदी मिलेर स्वेच्छाचारी ढंगले सहकारी सञ्चालन गरेको, जिपलाइनमा लगानी गर्ने भनेर उठाएको रकम हिनामिना गरेको जस्ता विषय उल्लेख थिए । विभिन्न तमसुक, पैसा उठाएको कागजातजस्ता विभिन्न प्रमाण सरकारी वकिलले अदालतसम्म नपुऱ्याएको, प्रहरीले पनि फितलो अनुसन्धान गरेकोजस्ता आरोप मृतककी श्रीमती मीना शर्माले लगाएकी छिन् ।

यसका साथै, सहकारीको रकम दुरुपयोग भएको विषयमा पनि कमजोर अनुसन्धान गरिएको, पीडकलाई फाइदा पुग्ने गरी सरकारी वकिलले बहस गरेजस्ता विषय उल्लेख गर्दै मीनाकुमारी सर्वोच्च पुगेकी हुन् । उनका कानुन व्यवसायी रामचन्द्र शर्माले फितलो अनुसन्धान, प्रमाण लुकाएर बहस गरेकोजस्ता विषय रिटमा उल्लेख भएको बताए । सहकारीकै रकम हिनामिना भएपछि आफ्नो श्रीमान् आत्महत्या गर्न बाध्य भएको, तर उपयुक्त कानुनी प्रक्रिया नथालिएको रिटमा उल्लेख छ । 'सहकारी ऐनको दफा १२२ को देहाय (च) र ठगीमा जाहेरी दिए पनि प्रहरी र सरकारी वकिलले प्रमाण अनदेखा गरेकाले, जिल्ला अदालतले अभियुक्तहरूलाई पक्राउ गर्ने आदेश नदिएकाले यो विषयमा अनुसन्धान गर्न आदेश माग गरेका छौं,' अधिवक्ता शर्माले भने ।


## कर्मचारी आवश्यकता

यस ग्लोरियस बचत तथा ऋण सहकारी संस्था लि. ललितपुरलाई निम्न बमोजिम योग्य, अनुभवी तथा दक्ष कर्मचारीहरू आवश्यक भएकोले इच्छुक एवं योग्य नागरिकहरूले आफ्नो व्यक्तिगत विवरण (Bio Data), शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र PP Size को २ प्रति फोटो सहित १० दिन भित्रमा संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | कर्मचारी | संख्या | न्युनतम योग्यता | तलब |
|---|---|---|---|---|
| १ | बजार प्रतिनिधि | ५ | +२ तह उत्तिर्ण भई वित्तिय संस्था वा सहकारीमा कम्तिमा १ वर्षको अनुभव प्राप्त | १५,००० + अन्य |

नोट:
१. ड्राइभिङ लाइसेन्स तथा सवारी साधन भएका, स्थानियहरूलाई विशेष प्राथमिकता दिइने छ ।
२. बजार प्रतिनिधिको हकमा १८ वर्ष पुरा गरी ३० वर्ष ननाघेको ।
३. थप जानकारीको लागि संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

ग्लोरियस बचत तथा ऋण सहकारी संस्था लि.
Imadol, Lalitpur, Tel: 01 5203748, 5203798, 9801847594; E-mail: saving.glorious@gmail.com



## हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.पा.-३१, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

### धितो लिलाम गर्नेबारे २१(एकाइस) दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/०२/०५ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)**

यस संस्थाको कार्यालय का.म.न.पा.-३२ तिनकुने काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण रकम, ऋण लिदा गरेको शर्त कबुलियत बमोजिम सस्था लाई तिर्नुपर्ने रकम भुक्तानी नगरी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले बक्यौता रकम भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्नुका साथै ऋण रकम चुक्ता भुक्तानी गर्न आउन भनि मिती २०७९/१२/३० गतेका दिन ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेकोमा ऋणीले सोको पुर्ण बेवास्ता गरी ऋण चुक्ता गर्ने तर्फ कुनै पहल नगरेकोले यो सुचना प्रकाशित गरीएको छ । अत यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र उक्त ऋणको सम्पुर्ण सावाँ, ब्याज, हर्जना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धीत ऋणीलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उक्त म्याद भित्र समेत कर्जा/ऋण चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई सस्थाको आन्तरीक नीति नियम तथा कार्यविधी, सहकारी ऐन २०७४, नियमावली २०७५, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र प्रचलीत अन्य ऐन कानुन बमोजिम ऋणीले ऋण लिंदा सुरक्षण बापत यस सस्थालाई धितो बन्धक लेखी/लेखाई दिएको तपशिलमा उल्लेखित सम्पती जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरीने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति,संघ सस्थाले यो सुचना प्रकाशित भएको मितिले २१ भित्रमा निम्न मिति,समय,स्थानमा निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नहुन आव्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरु २२ औं (सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट) खोलिने भएको हुंदा सो सम्पत्ति खरीद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सुचना प्रकाशित गरीएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, जमानीकर्ता,ईछुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्रि नभएमा सो सम्पत्ति संस्था आफैले सकार गरी लिन सक्नेछ । उक्त सम्पत्ति लिलाम बिक्री गर्ने वा संस्था आफैले सकारगरी लिंदा उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा सहकारी सस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन र उक्त सम्पत्तिबाट संस्थाको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलीत कानुन बमोजिम बाँकी लेना रकम ऋणी बाट कानुन बमोजिम असुलीका लागी कानुनी कार्वाही समेत अघि बढाउने समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| **नाम : विनय सिह ठकुरी**<br>बाबुको नाम: उद्दव सिह ठकुरी<br>बाजेको नाम : चन्दराज सिह ठकुरी<br>ठेगाना:का.म.न.पा.-२७, भोटाहिटी, काठमाडौं<br>ना.प्र.नं.: ५६७६<br>जारी मिति २०४८/०९/२३, काठमाडौ | **धितो बिबरण :**<br>चन्द्रराज सिहको नाति उद्दव सिह ठकुरीको छोरा विनय सिह ठकुरीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ठा कायम भएको ललितपुर जिल्ला साविक वडिखेल गा.वि.स वडा नं.६ (हाल गोदावरी न.पा वडा नं.४) को कित्ता नं. ५०५ को क्षेत्रफल ०-९-०-० भएको जग्गा । |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, तीनकुनेबाट रु.५००/-बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र संस्थाको सम्बन्धीत कार्यालय का.म.पा.-३२, तिनकुने, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले २२औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट उल्लेखित समय भित्र खोलिने छ ।
४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छ । साथै बोलपत्र फारममा उल्लेखित शर्त तथा बन्देजहरु यसै सुचनाको अभिन्नअंग हुनेछ ।



## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे
## कृषि विकास बैंक लि शाखा कार्यालय, सामाखुशीको ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८०।०२।०९ गते**

यस बैंकको शाखा कार्यालय सामाखुशीबाट तपशिलबमोजिमका व्यक्तिहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी उक्त रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी ताकेता गर्दा समेत आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजलगायतको रकम नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, को दफा ५७, नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन, कृषि विकास बैंक लि. कर्जा असुली कार्यविधि, २०७७ तथा प्रचलित ऐन, नियम, कानुनी व्यवस्थाहरूबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू र कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानतदिनेहरू समेतको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने तथा अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**तपशिल**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८०/२/४ सम्मको व्याज (रु.) | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | पुजा किलिमाञ्जारो कन्स्ट्रक्सन प्रा.लि. | विदुर न.पा.३, नुवाकोट | विभिन्न | १,२५,९३,७५० | ३४,०७,६४७ | १,६०,०१,३९७ |

**फर्मको दर्ता नं..१६६३९५/०७३/७४, दर्ता भएको कार्यालय..कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपरेश्वर, काठमाडौं दर्ता मिति :.२०७३/१२/१८, पान नं.६०५९७१६१५**

**प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु /पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| विनोद ओझा | तिजाली ३, डोटी | ११/२४९४९ | डोटी, २०६१/१२/२१ | चित्रराज ओझा | भुमिनन्द ओझा |
| सन्तलाल तामाङ | दानसिङ्ग २, नुवाकोट | २५३००३/१५१ | नुवाकोट, २०६३/१०/१८ | जीतराम तामाङ | धन सिं तामाङ |
| कञ्चन खतिवडा | तारकेश्वर २, नुवाकोट | २५०१-६९-०१९०८ | नुवाकोट, २०६९/०३/०१ | नारायण प्रसाद खतिवडा | भेषनाथ खतिवडा |
| अच्युत खतिवडा | तारकेश्वर २, नुवाकोट | २५१००१-७७५ | नुवाकोट, २०६७/१२/११ | भीम प्रसाद खतिवडा | भेषनाथ खतिवडा |
| सन्तोष धिताल | छोप्राक ८, गोरखा | ४४१०२७/५६८ | गोरखा, २०६६/०६/२० | रामचन्द्र धिताल | डोलनाथ धिताल |

**धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| नारायण प्रसाद खतिवडा | तारकेश्वर २, नुवाकोट | ३१४० | नुवाकोट, २०४४/१२/२७ | भेषनाथ खतिवडा | नरनाथ खतिवडा |
| बेलीमाया धिताल | छोप्राक ८, गोरखा | २/२३९७ | गोरखा, २०४६/०२/२६ | रामचन्द्र धिताल | सोमनाथ धिताल |

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं

# ‘जनयुद्ध’ शब्दबारे सदनमा जुहारी

## एमाले सांसद योगेश भट्टराईको अभिव्यक्तिप्रति माओवादी सांसदहरूको प्रतिवाद, छलफल नै विषयान्तर

**कमलराज भट्ट**/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८०/८१ का लागि ल्याएको नीति तथा कार्यक्रममाथि संसद्मा भइरहेको छलफलमा विवाद सिर्जना भएको छ। छलफलको पहिलो दिन प्रतिनिधिसभामा एमाले अध्यक्ष केपी ओलीले पछिल्लो आर्थिक संकटलाई सम्बोधन नगर्ने र दिशाहीन गरी नीति तथा कार्यक्रम आएको जिकिर गर्दै पुनर्लेखन गर्न माग गरेका वेला दोस्रो दिन सोमबार ‘जनयुद्ध’ शब्दमा सांसदहरूबीच जुहारी चलेको हो।

नीति तथा कार्यक्रममा उल्लेखित जनयुद्ध शब्दमा एमाले सचिव योगेश भट्टराईले सदनमा भइरहेको छलफलका क्रममा असहमति जनाए। नीति तथा कार्यक्रममा विगतमा भएका आन्दोलनहरूको व्याख्या गर्दै जनयुद्ध भन्ने शब्द उच्चारण गरिएको भन्दै भट्टराईले कांग्रेसले स्विकारेको हो भनेर प्रश्न गरे। ‘यस विषयमा संविधानसभामा पर्याप्त बहस भएको थियो। ०७२ को संविधानपछि नेपालका कुनै पनि सरकारी दस्तावेजमा यो शब्द उल्लेख भएको छैन। पहिलोपटक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यो शब्द राष्ट्रपतिको मुखबाट वाचन गर्न लगाउनुभएको छ,’ उनले भने, ‘बिपी, किसुनजी र गिरिजाबाबुजस्ता व्यक्तित्वपछिको एउटा निम्छरो कांग्रेसको यो हालत के हो ?’

### ■ समस्या सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम आएको छ : नेपाल



एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले समस्या सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम आएको बताएका छन्। प्रतिनिधिसभामा सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि सोमबार आफ्नो धारणा राख्दै पूर्वप्रधानमन्त्री नेपालले देशको समस्या पहिचान गरेको नीति तथा कार्यक्रम समग्रमा सकारात्मक रहेको बताए। ‘नीति तथा कार्यक्रम कागजको खोस्टो मात्रै पाइनँ। अर्थतन्त्रको पुनउत्थान गर्ने, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति गर्ने, विकास निर्माणको कार्यमा तीव्रता दिने, सेवा प्रवाहमा सरलीकरण गर्ने, सामाजिक न्यायको प्रवर्द्धन गर्ने, राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य नीति तथा कार्यक्रममा आगाडि सारिएको छ,’ नेपालले भने।

कांग्रेसले १ नम्बर बुँदामा उल्लेखित जनयुद्ध शब्द स्वीकार गरे कांग्रेसको इतिहासको अन्त्य हुने जिकिर पनि भट्टराईले गरे। ‘यो शब्द र स्पिरिटलाई स्विकार्ने हो भने इतिहासले कांग्रेसलाई बाइबाई गर्छ। यसको जवाफ शेरबहादुर देउवाबाट पाए हुन्थ्यो। पार्टी सभापति तथा गठबन्धन प्रमुख नेता देउवाको स्वीकृतिविना यो नीति तथा कार्यक्रम कसरी बन्यो होला ?’ उनले प्रश्न गरे।

एमाले सचिव भट्टराईले जनयुद्ध शब्दमा आपत्ति जनाएपछि त्यसपछि नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन आएका माओवादी सचिव देवेन्द्र पौडेलले सदनको रोस्ट्रमबाटै प्रतिवाद गरे र जनयुद्धबारे प्रश्न उठाउनुअघि एकपटक डिक्सनरी पल्टाएर हेर्न अनुरोध गरे। ‘के त्यो माछा युद्ध थियो, भालु युद्ध थियो, जंगलका अर्नाहरू लडेका थिए कि रूख-ढुंगा लडेका थिए ?’ पौडेलले प्रश्न गरे, ‘माननीयज्यू डिक्सनरी हेर्नुहोला। मानिसले लडेको युद्धलाई कि जनआन्दोलन भनिन्छ कि जनयुद्ध भनिन्छ। मानिसका छोराछोरी लडेको युद्ध थियो। बिर्सिनुभयो बृहत् शान्ति सम्झौता ? तपाईको नेतालेे १२ बुँदेमा हस्ताक्षर गरेको बिर्सिनुभयो ? हामी त्यही शृंखलामा छौं।’

नेपाली जनतालाई सार्वभौम बनाउन र संविधासभाबाट संविधान बनाउनका निम्ति जनयुद्ध लडिएको भन्दै माओवादी सचिव पौडेलले थपे, ‘म हजारपटक आँखा जुधाएर बहस गर्न तयार छु, आउनुस् बहसमा। नेपाली जनताले एकात्मक शाहवंशीय राजतन्त्र अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउनका निम्ति लडाइँ लडिएको हो। हामीले सबै पक्षसँग सहकार्य गर्‍यौं, जनआन्दोलनमा आर्‍यौं, सलाम छ। तर इतिहासलाई नबिर्सौं।’

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले जनयुद्ध शब्द नीति तथा कार्यक्रममा घुसाउने र कांग्रेसलाई बोकाएको भनेर आत्मरतिमा रमाउन पाइने भन्दै तर त्यसले आमरूपमा कुनै फरक नपार्ने बताए। ‘जनता र देशको जीवनमा फरक पार्नुपर्छ। जुन यो नीति तथा कार्यक्रममा छैन,’ उनले भने। जसपाका राजकिशोर यादवले राजनीतिक दोहोरी जनताले हेर्न नचाहेको र यसले देश संकटको खाडलमा पर्ने चेतावनी दिए। माओवादीकै माधव सापकोटाले बा(केपी ओली)लाई खुसी पार्ने नाममा निष्ठा बन्धकी नराख्न भट्टराईलाई सुझाव दिए। जनयुद्धलाई महान् क्रान्ति भन्दै सापकाटाले रोस्ट्रमबाटै जनयुद्ध जिन्दावाद भनेर जवाफ दिएका थिए। माओवादीकै नारायणी शर्माले जनयुद्ध भएको कारणले निरंकुश राजतन्त्र अन्त्य गरेर यो व्यवस्था आएको स्मरण गराउँदै यसलाई सम्मान गर्न आग्रह गरिन्।

### ■ नीति तथा कार्यक्रमबाट संकटोन्मुख अर्थतन्त्र जोगिने आधार देखिएन : एमाले

एमालेले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमबाट संकटोन्मुख देशको अर्थतन्त्र जोगिने कुनै आधार नदेखिएको टिप्पणी गरेको छ। पार्टीको नीति अनुसन्धान प्रतिष्ठानले बुधबार वक्तव्य जारी गर्दै त्यस्तो टिप्पणी गरेको हो। ‘विद्यमान अर्थ राजनीतिक तथा सामाजिक चुनौतीलाई आत्मसात् गर्न नसक्दा नीति तथा कार्यक्रमको प्राथमिकता स्पष्ट हुन सकेको छैन। बटुलबाटुल गरेर सबै विषय समेट्न खोज्दा यसको गन्तव्य नै दिशाहीन र अन्योलग्रस्त भएको छ,’ प्रतिष्ठानका अध्यक्ष ईश्वर पोखरेलले जारी गरेको वक्तव्यमा भनिएको छ, ‘यो नीति तथा कार्यक्रमको कार्यान्वयनबाट अहिले देशले भोगेका जटिल समस्यासँगै संकटोन्मुख भएको अर्थतन्त्र जोगिने कुनै आधार देखिँदैन।’

एमालेको थिंकट्यांकका रूपमा काम गर्ने प्रतिष्ठानले महत्त्वपूर्ण विषयमा समसामयिक धारणा प्रस्तुत गर्नुका साथै पार्टी र नेतृत्वलाई राष्ट्रिय महत्त्वका विषयमा नीतिगत सुझाव दिने गर्दछ। अहिले सरकारको राजस्वले चालू खर्च धान्न नसक्ने, तलबभत्ता, पेन्सन, सामाजिक सुरक्षाभत्ता एवं सम्पन्न भइसकेका विकास कार्यको खर्चको भुक्तानी दिन नसक्ने अवस्थामा नीति तथा कार्यक्रमले ठुल्ठूला नयाँ आयोजना कार्यान्वयन गर्ने, चालू खर्च बढाउने तथा प्रदेश र स्थानीय तहले गर्ने कार्यक्रमसमेत समावेश गरेकाले आगामी दिनमा अझ गहिरो आर्थिक संकट निम्त्याउने र कार्यक्रमको उधारो वाचाले जनतालाई झनै निराश तुल्याउने एमालेको निष्कर्ष छ।


## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०७९ जेठ २४ गते बुधबार**का दिन शाखा कार्यालय सुर्खेतमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

१. **ऋणीको विवरण:**
कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७४/१०/०५ मा दर्ता नं. १८१८०४/०७४/०७५ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, पञ्चपुरी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिर्घायु घनिष्टा निर्माण सेवा प्रा.लि**. का संचालक कृर्ने रोकाय/कुसा रोकायको नाति, दत्ते रोकाय क्षेत्री/तिला रोकायको छोरा, धनादेवी रोकायाको पति, दैलेख जिल्ला, तोली जैसी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा. वडा नं ०५ बस्ने **दिर्घ बहादुर रोकाय** (ना.प्र.नं. ९८१९५/३८६, जारी मिति २०५७/०९/०३, जिल्ला प्रशासन कार्यालय दैलेख)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. जया खड्का/नैरी खड्काको नातिनी, विक्रम खड्का/बासु खड्काको छोरी, दत्ते रोकाय क्षेत्री/तिला रोकायको बुहारी, दिर्घ वहादुर रोकायको पत्नी, दैलेख जिल्ला, तोली जैसी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **धनादेवी रोकाया** (ना.प्र.नं. ६३३०५३/३, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय दैलेख)।
२. दत्ते रोकाय क्षेत्री/तिला रोकायको नाति, दिर्घ वहादुर रोकाय/धनादेवी रोकायाको छोरा, सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **भरत बहादुर रोकाय** (ना.प्र.नं. ६४-०२-७५-००९५८, जारी मिति २०७५/०९/२३, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
३. दत्ते रोकाय क्षेत्री/तिला रोकायको नाति, दिर्घ वहादुर रोकाय/धनादेवी रोकायाको छोरा, दैलेख जिल्ला, ठाँटीकाँध गा.पा., वडा नं. ०६ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **कमल बहादुर रोकाय** (ना.प्र.नं. ६३-०२-७६-०१०६९, जारी मिति २०७६/०२/३०, जिल्ला प्रशासन कार्यालय दैलेख)।
४. कृर्ने रोकाय/कुसा रोकायको नाति, दत्ते रोकाय क्षेत्री/तिला रोकायको छोरा, धनादेवी रोकायाको पति, दैलेख जिल्ला, तोली जैसी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा. वडा नं ०५ बस्नको **दिर्घ बहादुर रोकाय** (ना.प्र.नं. ९८१९५/३८६, जारी मिति २०५७/०९/०३, जिल्ला प्रशासन कार्यालय दैलेख)।

२. **ऋणीहरुको विवरण**
जया खड्का/नैरी खड्काको नातिनी, विक्रम खड्का/बासु खड्काको छोरी, दत्ते रोकाय क्षेत्री/तिला रोकायको बुहारी, दिर्घ वहादुर रोकायको पत्नी, दैलेख जिल्ला, तोली जैसी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **धनादेवी रोकाया** (ना.प्र.नं. ६३३०५३/३, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय दैलेख).....१ र कृर्ने रोकाय/कुसा रोकायको नाति, दत्ते रोकाय क्षेत्री/तिला रोकायको छोरा, धनादेवी रोकायाको पति, दैलेख जिल्ला, तोली जैसी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा. वडा नं ०५ बस्ने **दिर्घ बहादुर रोकाय** (ना.प्र.नं. ९८१९५/३८६, जारी मिति २०५७/०९/०३, जिल्ला प्रशासन कार्यालय दैलेख).....१ समेत जना २।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. दत्ते रोकाय क्षेत्री/तिला रोकायको नाति, दिर्घ वहादुर रोकाय/धनादेवी रोकायाको छोरा, दैलेख जिल्ला, ठाँटीकाँध गा.पा., वडा नं. ०६ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **कमल बहादुर रोकाय** (ना.प्र.नं. ६३-०२-७६-०१०६९, जारी मिति २०७६/०२/३०, जिल्ला प्रशासन कार्यालय दैलेख)।
२. दत्ते रोकाय क्षेत्री/तिला रोकायको नाति, दिर्घ वहादुर रोकाय/धनादेवी रोकायाको छोरा, सुर्खेत जिल्ला, पञ्चपुरी न.पा., वडा नं. ०५ बस्ने **भरत बहादुर रोकाय** (ना.प्र.नं. ६४-०२-७५-००९५८, जारी मिति २०७५/०९/२३, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।

**धितो सुरक्षणको विवरण**

१. **धनादेवी रोकाया**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, सालकोट गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ५५१ को क्षे.फ. जम्मा ४-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **धनादेवी रोकाया**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकांडा गा.वि.स., वडा नं. ०२ स्थित कित्ता नं. ७५८ को क्षे.फ. जम्मा १५९.९८(व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. धनी कुमारी बैक लिमिटेड र **दिर्घायु घनिष्ट निर्माण सेवा प्रा.ली**. कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालय मा दर्ता कायम रहेको इञ्जिन नं. H00167466, च्यासिस नं. HABDXSUP02581585, भे १ क १११० को JCB कम्पनीको, २०१८ मोडल, 3DX Super Backhoe Loader थान १।
४. धनी कुमारी बैक लिमिटेड र **दिर्घायु घनिष्ट निर्माण सेवा प्रा.ली**. कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय मा दर्ता कायम रहेको इञ्जिन नं. GHJ4F66090, च्यासिस नं. MAlRU4GHKJ3G99956, लु २ च ४५७० को Mahindra कम्पनीको, २०१८ मोडल, Mahindra Bolero DC 4WD P/S थान १।
५. धनी कुमारी बैक लिमिटेड र **दिर्घायु घनिष्ट निर्माण सेवा प्रा.ली**. कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालय मा दर्ता कायम रहेको इञ्जिन नं. WAH750034132, च्यासिस नं. A7STCTLAH0006087, भे १ त ९५०६ को ACE कम्पनीको, २०१९ मोडल, DI 7500 Tractor थान १।
६. धनी कुमारी बैक लिमिटेड र **दिर्घायु घनिष्ट निर्माण सेवा प्रा.ली**. कायम भई कर्णाली प्रदेश यातायात व्यवस्था कार्यालय मा दर्ता कायम रहेको इञ्जिन नं. HOO247690, च्यासिस नं. 2928513, कर्णाली प्रदेश ०२ ००१ क १४६ को JCB कम्पनीको, २०२० मोडल, JCB 225 Track Excavator with RBC थान १।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०७९ जेठ २३ गते** भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुर्खेतबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात २०७९ जेठ २४ गते दिनको ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सुर्खेतमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० जेठ २४ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

**शाखा कार्यालय सुर्खेत फोन नं. ०८३-५२१२५६**



## नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०२/०९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०७९/१०/२० को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा पाँचखाल शाखा, काभ्रेपलान्चोकमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, सूर्यविनायक, भक्तपुरमा मितिः २०७५/०९/३० मा प्रा.फ.द.नं. ७८४०/०७५/७६ अन्तर्गत दर्ता भएको **श्री शिवालय फेशन।**

ठेगानाः भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. २, वालकोट।

**ऋणी फर्मका प्रोप्राईटरको विवरण**

सुकदेव तिवारीको नाति शिव प्रसाद तिवारीको छोरा काभ्रेपलान्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ४ बस्ने ना.प्र.नं. ३०-०१-७०-०८७६२ (जारी मितिः २०७०/०९/१६, स्थान काभ्रेपलान्चोक) भएका **श्री प्रमोद तिवारी।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

देवनारायण तिवारीको नाति सुकदेव तिवारीको छोरा काभ्रेपलान्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ४ बस्ने ना.प्र.नं. ५०९६/५८० (जारी मितिः २०४५/०१/०५, स्थान काभ्रेपलान्चोक) भएकी **श्री शिव प्रसाद तिवारी।**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

काभ्रेपलान्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ४ बस्ने श्री शिव प्रसाद तिवारीको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलान्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ४ मा अवस्थित कि.नं. २०२१ क्षेत्रफल २-२-०-० विघाको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा पाँचखाल शाखा, काभ्रेपलान्चोकबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०२/२३ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा पाँचखाल शाखा, काभ्रेपलान्चोक।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०२/२४ गते ३:०० बजे बैंकको पाँचखाल शाखा, काभ्रेपलान्चोकमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ।

### कौसीमा 'त्रयम्' मञ्चन हुने

दिलीप रानाभाटको लेखन तथा निर्देशनमा नाटक 'त्रयम्' १२ जेठदेखि कौसी थिएटरमा मञ्चन हुने भएको छ। तीन नारी पात्रको वरिपरि घुम्ने नाटकमा संगीता थापा, रक्षा थापा र पूर्णिमा आचार्यले मुख्य भूमिका निर्वाह गरेका छन्। नाटक जेठ २८ गतेसम्म चल्नेछ।






### मुनालाई मिस हेरिटेजको ताज

मुना रिजालले 'मिस हेरिटेज ग्लोबल नेपाल २०२३' को ताज जितेकी छिन्। उनले २३ सेप्टेम्बर २०२३ मा दक्षिण अफ्रिकामा हुने अन्तर्राष्ट्रिय ग्रान्ड फिनालेमा नेपालको प्रतिनिधित्व गर्नेछिन्। सांस्कृतिक संरक्षण, सामाजिक उत्तरदायित्व र महिला सशक्तीकरणको मूल्यलाई बढावा दिन यो प्रतिस्पर्धा गर्न लागिएको आयोजकले जनाएको छ।

# बच्चालाई ज्वरो आएमा...



**डा. विष्णुप्रसाद मण्डल**
जनरल फिजिसियन
ईशान बाल अस्पताल



अहिलेको मौसममा बालबालिका भाइरल ज्वरोबाट धेरै नै प्रभावित हुने गर्छन्। उनीहरूमा श्वासप्रश्वासमा समस्या, रुघाखोकी, टाइफाइड, जन्डिस, निमोनिया आदि विभिन्न रोगको संक्रमण हुने गर्छ। बच्चालाई ज्वरो आउनेबित्तिकै अभिभावक डराउने र आत्तिएर अस्पताल दौडिने गरेको पाइन्छ। तर, कुन अवस्थामा अस्पताल जाने र कुन अवस्थामा नजाने भनेर जान्न आवश्यक छ। भाइरसबाट हुने रुघाखोकी एक व्यक्तिबाट अर्कोमा एकदमै छिटो सर्ने गर्छ। घरमा कसैमा रुघाखोकी लागेमा बच्चाहरू छिटै प्रभावित हुने गर्छन्, जसले गर्दा ज्वरो आउन सक्छ। ज्वरोका अन्य कारण पनि हुन सक्छन्।

### सतर्कता

ज्वरो आउँदा केही सतर्कताका विधि अपनाएर सुरक्षित रहन सकिन्छ। यतिवेला बच्चालाई सही हेरचाहको जरुरी हुन्छ। घरमा ज्वरो नाप्ने यन्त्र र सिटामोल अनिवार्य राख्नुपर्छ। ज्वरो आएमा तत्काल पारासिटामोल खुवाउन सकिन्छ। बच्चालाई गुम्स्याएर राख्नुहुँदैन। उनीहरूमा देखिने लक्षण र परिवर्तनलाई नजिकबाट नियाल्नुपर्छ। शिशुलाई आमाको दूध प्रशस्तै खुवाउनुपर्छ। अन्य बालबालिकालाई पर्याप्त मात्रामा झोलिलो खानेकुरा खुवाउनुपर्छ। ज्वरो, बान्ता वा झाडापखाला लागेको वेलामा झोलिलो खानेकुराको आवश्यकता सामान्य अवस्थाभन्दा धेरै पर्छ। घरमै बनाएको सुप, जुसलगायत खुवाउन सकिन्छ। यसो हुँदा बच्चाको शरीरमा पानीको कमी हुन पाउँदैन। प्रतिरोधी क्षमता बढाउन पनि सहयोग पुग्छ। चिसो खानेकुरा खुवाउनु हुँदैन। जंकफुड दिनुहुँदैन।

### समस्या

कतिपय बच्चा धेरै ज्वरो आउँदा बेहोस हुने सम्भावना हुन्छ। ६ महिनादेखि ५ वर्षसम्मका बच्चालाई ब्राइल सिजर आउँछ। ज्वरोमा तापक्रम ९९ भन्दा कम छ भने आत्तिनुपर्दैन। ज्वरो धेरै नै छ भने पानीपट्टी लगाउनुपर्छ। बच्चालाई १०२, १०३ सम्म ज्वरो आउँदा पानीपट्टी लगाएर ज्वरो घटाउने प्रयास गर्नुपर्छ, ज्वरो कम भएन भने अस्पताल लैजानुपर्छ।

### यी कुरा ख्याल गरौं

- बच्चालाई उत्तानो पारेर राख्दा थुक वा अरू केही सर्किने सम्भावना हुन्छ, जुन अत्यन्तै खतरनाक हुन सक्छ। त्यसैले बच्चालाई ज्वरो आएको वेलामा देब्रेतिर फर्काएर सुताउनुपर्छ।
- मनतातो पानी वा चिसो पानीमा नरम कपडा भिजाएर टाउको र पाइतालामा राखिदिनुपर्छ। यसो गर्दा तापक्रम घट्छ।

### उपचार

बालबालिकालाई सामान्यतः पहिलो २४ घन्टा निगरानीमा राखेर हेर्नुपर्ने हुन्छ। कतिपय बालबालिकामा सामान्य ज्वरो वा भाइरल संक्रमण भइरहेको हुन्छ। कतिपयमा काम्ने वा बेहोस हुने अवस्था पनि आउँछ। त्यसैले बच्चा काम्न छाडे पनि निको भयो भनेर ढुक्क हुनुहुँदैन। एकपटक चिकित्सकलाई देखाउनु राम्रो हुन्छ। कुनै गम्भीर समस्याका कारण ज्वरो आएको हो वा सामान्य ज्वरो हो भनेर चिकित्सकले मात्र निर्क्योल गर्न सक्छन्। लक्षण र अवस्था हेरेर चिकित्सकले रगत परीक्षण, रगतको कल्चर, पिसाबको परीक्षण र छातीको एक्स-रेलगायत परीक्षण गर्ने सल्लाह दिन सक्छन्। चिकित्सकको सिफारिसअनुसार नै बच्चालाई नियमित रूपमा औषधि खुवाउनुपर्छ। जथाभावी औषधि प्रयोग गर्नुहुँदैन।

# थोरै क्षेत्रफलमा धेरै थरी फलफूल कसरी फलाउने ?



**प्रदीप सिम्खडा**
निर्देशक
एस.एस. एग्रिकल्चर फार्म



थोरै क्षेत्रफलमा धेरै प्रजातिका फलफूल उत्पादन गर्न चाहनेहरूका लागि कलमी प्रविधि राम्रो विकल्प हो। कलमी प्रविधिबाट एउटै वर्गमा पर्ने फलफूलका अनेक प्रजातिलाई एकै बोटमा फलाउन सकिन्छ। जस्तो, सिट्रस वर्गमा पर्ने कागती, सुन्तला, मुन्तला, जुनार, भोगटे, जापानिज सुन्तलालगायत फलफूल एकै बोटमा उत्पादन गर्न सकिन्छ। चेरी, आरुबखडा, आल्मोन्डलगायत फललाई पनि एकै बोटमा फलाउन सकिन्छ। त्यस्तै, नास्पाती र स्याउलाई पनि एउटै रूखमा फलाउन सकिन्छ। ३ भेराइटीका किबी (रातो, गोल्डेन र हरियो) पनि एकै बोटमा फलाउन सकिन्छ।

कलमी गरिएका बिरुवा गमलामा रोप्दा तीन-चार फिटसम्म र जमिनमा ५-६ फिटसम्म अग्लो हुने गर्छ। यो बिरुवालाई हुर्काउन पनि सजिलो छ।

कौसीखेती गर्दा दुई दिनमा एकपटक पानी हाले पनि पुग्छ। किराबाट बोटलाई जोगाउनका लागि १५ दिनमा एकपटक स्प्रे गर्नुपर्छ। यस प्रविधिको मुख्य विशेषता भनेको आफ्नो रुचिअनुसार कस्ता बिरुवा रोप्ने, कति अग्लो बनाउने भन्ने आफैँ निर्धारण गर्न सकिन्छ।

त्यस्तै, यसले फल पनि चाँडै र धेरै गर्छ। कलमी गरिएका बिरुवाले एक वा दुई वर्षमै फल दिन थाल्छन्। घरमा हरियाली वातावरणसँगै ताजा फलफूलको स्वाद लिन पाइन्छ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Project Implementation Unit (FPIU)**
**Dhangadhi, Kailali**

## INVITATION FOR BID (IFB)

**Date of Publication: 2080/02/09 (23rd May, 2023)**

1. FPIU, Kailali invites electronic bids from eligible and qualified bidders for the following works under NCB Bidding Procedure. For complete set of Bidding Document with detailed information, eligible bidders may visit and download from e-gp system www.bolpatra.gov.np/egp.

| Contract No./ ID | Description of Works | Bid Validity/Bid Bond Validity Period | Bidding Procedure | Average Annual Construction Turnover Amount (NRs) | Bid Security Amount (NRs) | Price of Bid Documents (NRs) |
|---|---|---|---|---|---|---|
| FPIU/ KAILALI/ Works/NCB/ 25-079/80 | Construction of Dadeldhura Buspark at Amargadhi Municipality, Dadeldhura. | 120 days/150 days from the date of Bid Opening. | NCB (Single Stage Two Envelop Bidding Procedure) | 12,00,00,000.00 | 35,00,000.00 | 10,000.00 |

2. Electronic bid must be submitted on or before **12:00** hours on **2080-03-08 (23rd june, 2023)**. The Bids will be electronically opened at **13:00** hours on **2080-03-08 (23rd june, 2023)** at Fpiu kailali.

**Project Chief**

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**
फोन नं.: ०८३-४१६०६७

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयपत्र

**(सूचना प्रकाशित मिति : २०८०/०२/०८)**

उपरोक्त सम्बन्धमा यस कार्यलयबाट मिति २०७९ साल वैशाख ०५ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | कामको विबरण | प्याकेज नं. | बोलपत्रको नाम र ठेगना | कबोल रकम रु. | ल.ई. भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Industrial Village project | PM/SKT/ NCB/079/ 080-07 | श्री पि. एण्ड पि. कन्स्ट्रक्सन सप्लायर्स एण्ड रिसर्च सिभिल सेन्टर प्रा.ली., हुम्ला | रु. ४३,७६,५३४।६२ (भ्याट सहित) | ४४.५९ प्रतिशत | |

**(गोकर्णनाथ योगी)**
**प्रमुख प्रशासकिय अधिकृत**

## नबिल बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखा, रौतहट तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ताभुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०२/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंकबाट ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलामबिक्रीगर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावीउजुरी गरिने तथा ऋणी र धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलामबिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१ **ऋणीको फर्मको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा मिति : २०६४/१०/०३ मा प्रा.फ.नं. २७२४/६२ अन्तर्गत दर्ता भएको **श्री चुरीयामाई च्यूरा मिल।**
ठेगाना : रौतहट, जिल्ला सखुअवा धमौरा, गा.वि.स. वडा नं. ७ गढीमाई चौक, रौतहट।

**ऋणी फर्मको प्रोप्राइटरको विवरण**

जनक साह कलबारको नाति, विन्दा लाल साह कलबारको छोरा, रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं.१९३६ (जारी मिति : २०५६/०५/२२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएको **श्री विजय प्रसाद साह।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. विन्दा लाल साह कलबारको नाति, विजय प्रसाद साहको छोरा रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ३२२०९७/२९७८ (जारी मिति : २०७३/०३/१९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएको **श्री धिराजन साह।**
२. वेचन साहकी छोरी विन्दा लाल साहकी बुहारी, विजय प्रसाद साहकी श्रीमती रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ०३२३०९७/१६७९ (जारी मिति : २०६४/०१/११ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएकी **श्रीमती किरण देवी साह।**

२ **ऋणीको नाम र ठेगानाको विवरण**

जनक साह कलबारको नाति, विन्दा लाल साह कलबारको छोरा, रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं. १९३६ (जारी मिति : २०५६/०५/२२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएको **श्री विजय प्रसाद साह।**

**व्यक्तिगत जमानतकर्ताहरुका नाम र ठेगानाको विवरण**

१. विन्दा लाल साह कलबारको नाति, विजय प्रसाद साहको छोरा रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ३२२०९७/२९७८ (जारी मिति : २०७३/०३/१९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएको **श्री धिराजन साह।**
२. वेचन साहकी छोरी विन्दा लाल साहकी बुहारी, विजय प्रसाद साहकी श्रीमती रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने नागरिकता नं. ०३२३०९७/१६७९ (जारी मिति : २०६४/०१/११ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. रौतहट) भएकी **श्रीमती किरण देवी साह।**

**संयुक्त धितोमा रहेको घर/जग्गाहरुको विवरण**

१. रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने **श्री विजय प्रसाद साहको** नाममा दर्ता भई **श्री चुरीयामाई च्यूरा मिल** र **श्री विजय प्रसाद साहको** संयुक्त नाममा यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. २ मा अवस्थित कि.नं. १६५ क्षेत्रफल ०-१७-१० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. २ बस्ने **श्री विजय प्रसाद साहको** नाममा दर्ता भई **श्री चुरीयामाई च्यूरा मिल** र **श्री विजय प्रसाद साहको** संयुक्त नाममा यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला संखुवा धमौरा गा.वि.स. वडा नं. ७ मा अवस्थित कि.नं. ९२१, ९२५ र २२०४ क्षेत्रफल ०-०-२½, ०-०-९¼ र ०-०-१५ विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# धर्मनिरपेक्षताविरोधीका नाममा

## वस्तुतः हिन्दूराष्ट्रका निम्ति जनमत संग्रहको अर्थ नेपाली जनताले आफैँ गरेका राजनीतिक संघर्ष तथा सहादतको अपमान र अवमूल्यन हुनेछ



● रोशन जनकपुरी

अग्रलेख

१५ औँ शताब्दीका रहस्यवादी व्यावहारिक कवि कबीर दासले भनेका छन्, 'मन न रंगाए, रंगाए जोगी कपडा' (मन रंगाएन, जोगीले चोला मात्र रंगायो)। नेकपा (माओवादी केन्द्र)का एक केन्द्रीय सदस्य रामकुमार शर्मा र उनकी पूर्वसांसद पत्नी इन्दु शर्माले पार्टी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डलाई हिन्दू राष्ट्रको निम्ति जनमत संग्रह गराउने मागसहितको ज्ञापन पत्र बुझाएको खबर पढनेहरूलाई कबीरको पद (मन न रंगाए...) जस्तै अनुभूत हुन सक्छ। हो पनि ! माओवादीहरू शान्ति प्रक्रियामा आएपछि रामकुमार शर्माले कैयौँपटक पार्टी बदलेको इतिहास रहे पनि उनी माओवादी आन्दोलनमा जनयुद्धकालमै सामेल भएका पात्र हुन्। अहिले पनि उनी माओवादी केन्द्रका केन्द्रीय सदस्य हुन्। यस कृत्यले उनको मार्क्सवादी वैचारिकताबोधको शून्यता झल्कन्छ।

मार्क्सवादी विचारमा आधारित संगठनहरू ऐतिहासिक भौतिकवादी द्वन्द्ववादी हुन्छन्। त्यसैले मार्क्सवादीहरू जनवादी राज्यसत्ताको अर्थमा धर्मनिरपेक्ष तथा वैचारिकताको स्तरमा निरीश्वरवादी हुन्छन्। शर्माको यस गैरवैचारिक मागप्रति माओवादी केन्द्रभित्र आलोचनात्मक तेवर कतैबाट देखिएको छैन। एकखाले मौनता र उदासीनता पार्टीभित्रको वैचारिक बौद्धिक जमातसमेतमा देखिन्छ। यो वैचारिक नरमपना संसदीय राज्यसत्ताको प्रतिस्पर्धामा जसरी पनि रही रहनुपर्ने बाध्यात्मकता हुनसक्छ , तर, शर्माद्वयले हिन्दु राष्ट्रको निम्ति जनमतसंग्रहको माग गर्नुले, (कम्तीमा अहिलेसम्म) आफूलाई मार्क्सवादी लेनिनवादी संगठनात्मक पद्धतिको अनुयायी भनिरहेको 'नेकपा (माओवादी केन्द्र)' भित्र संस्कृतिको रूपमा झाँगिएको वैचारिक शून्यतालाई उजागर गर्छ।

ठ्याक्कै यै वेला, 'भारतको सत्ताधारी भारतीय जनता पार्टीले नेपालमा हिन्दू राष्ट्रको वकालत गर्न यहाँका नेताहरूलाई पैसा खुवाएको' भनेर अमेरिकी सरकारको धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदनमा पर्नु स्याल कराउनु र बाख्रा हराउनु सँगसँगैजस्तो भएको छ। त्यस्तो नहुन पनि सक्छ र यो शर्माद्वयको आफ्नै अन्तःचेतनाको उपज पनि हुन सक्छ। तर पनि यस प्रतिवेदनको विरोधमा र नेपालमा भाजपाको हस्तक्षेप नभएको भन्दै सामाजिक सञ्जालमा उनले जसरी मुखर अभिव्यक्ति दिएका छन्, त्यो भने सोचनीय छ। साम्राज्यवादीहरूले क्रिस्चियानिटी र चर्चलाई विश्वभरि आफ्नो वर्चस्व विस्तारको हतियारको रूपमा प्रयोग गरिरहेकोमा दुईमत छैन। तर, नेपालमा गणतन्त्र र धर्मनिरपेक्षतालाई कमजोर पार्न हिन्दू राष्ट्रको धारणा राजतन्त्रवादीहरूको राजनीतिक एजेन्डा हो भन्ने कुरा पनि उत्तिकै सत्य हो। राप्रपा तथा उसको सांस्कृतिक सहयोगीभैँ देखिने अर्धराजनीतिक-अर्धसाँस्कृतिक धार्मिक संगठनसमेत यस राजनीतिक एजेन्डाको पक्षमा सक्रिय देखिन्छन्। यसरी नै हिन्दू धार्मिक संगठनहरू, भारतीय शंकराचार्यहरू, स्वयं दक्षिणपन्थी भाजपाका कट्टर हिन्दूवादी नेता उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, अन्य भाजपाई नेताहरू र पूर्वराजा ज्ञानेन्द्र तथा उनका सहयोगीबीचको सम्बन्ध लुकेको छैन। यसरी नै भारतमा सत्ताधारी भाजपाको वैचारिक मातृसंगठन राष्ट्रिय स्वयंसेवक संघ र अन्य विभागीय संगठनहरू विश्व हिन्दू परिषद् र बजरंग दलजस्ता संगठनले नेपालमा संकीर्ण हिन्दूवादी राष्ट्रको एजेन्डा खुलआम चलाउनुलाई धार्मिक मात्रको विषय मानेर उपेक्षा गर्नु उचित हुँदैन। यी संगठन भाजपाको वैचारिक आदर्श वीर सावरकर, माधवराव सदासिव राव गोलवलकर र डा. केशवराव बलिराम राव हेंगडेवारलगायतको फोटो झुन्ड्याउँछन्। यसरी नै भारतमा हिन्दूवादी राजनीतिको अर्को दक्षिणपन्थी जमात महाराष्ट्रमा मराठी क्षेत्रीय राजनीतिमा सक्रिय शिवसेनासमेतका शाखाहरू नेपालमा सक्रिय छन्। नेपालमा शिवसेना, नेपाल र नेपाल शिवसेनाको नामबाट फरक-फरक सक्रिय यी दक्षिणपन्थी धार्मिक राजनीतिक संगठनहरूले शिवसेनाका संस्थापक बालासाहेब ठाकरेको तस्बिर र पृथ्वीनारायण शाहको तस्बिर सँगसँगै राखेका हुन्छन्। यी संगठन नेपालमा बहुदलीयकालदेखि नै सक्रिय छन्। गणतन्त्रपछि यस्तै शैलीमा नेपालमा समेत स्वतन्त्र रूपमा (?) हिन्दू सम्राट् सेना र यस्तै विविध संगठन देखिएका छन्। त्यसैकारण यी दक्षिणपन्थी तथा राजतन्त्रको सरोकार तथा संकीर्ण धार्मिक संगठनहरूको सम्बन्धलाई काकताली संयोग भनेर उपेक्षा गर्न सकिँदैन। नेपालमा पश्चिमा साम्राज्यवादीले आफ्नो हितमा भित्री रूपमा क्रिस्चियानिटी र चर्चलाई आर्थिक र कूटनीतिक तवरले प्रोत्साहित गरिरहेको जति नै, यहाँका संकीर्ण हिन्दुत्वमा आधारित दक्षिणपन्थी धार्मिक राजनीतिक संगठन र भारतीय संकीर्ण धार्मिक राजनीतिक संगठनबीचको सम्बन्ध पनि यथार्थ छ भन्ने तथ्य उनीहरूको क्रियाकलापले सहजै अनुभूत गर्न सकिन्छ।

परम्परागत रूपमा पूजापाठ (कर्मकाण्ड), तीर्थाटन, परोपकार, दीनदुःखीको सेवा, (परोपकारः पुण्याय, पापाय परपीडनम्), समग्र मानवीय समुदायका निम्ति शान्ति कामना आदिलाई धर्म वा धार्मिक कार्य मानिन्छ। यसका पुरातन र पश्चगामी कर्मकाण्डीय प्रवृत्ति र विचारलाई अस्वीकृत गरे पनि धर्मभित्रको सबैको शान्ति कामना, परोपकार र विश्व बन्धुत्वको मानवीय आदर्शलाई अनिश्वरवादी र भौतिकवादीहरूले समेत स्विकार्छन्।




यी धार्मिक राजनीतिक संगठनहरूले मानिसका निजी सरोकारका धार्मिक विषयलाई धूर्ततापूर्वक राजनीतिक र समुदायको विषय बनाइदिएका छन्। विगत केही दशकमा भएको परिवर्तनलाई विचार गर्ने हो भने कुन धार्मिक हो वा होइन भन्ने निर्णय गर्ने अब साधुसन्त र शास्त्राचार्यहरू होइन, धार्मिक राजनीतिक संगठनका नेता तथा कार्यकर्ता भएका छन्।

अब पूजापाठ, परोपकार र सेवाभाव धर्म होइन, अन्य धार्मिक समुदायमाथि दबाब सिर्जना गर्नु तथा धर्मनिरपेक्षताको विरोध गर्नु धर्मको मूल चरित्र भएको छ। त्यसैले अब धर्मले मानिसभित्र शान्ति होइन, उत्तेजना, असन्तुष्टि र आक्रामकता मात्र जन्माउने गर्छ। यो धर्मभित्र रहेको न्यूनतम मानवीय सौन्दर्यसमेत रूपान्तरित हुनु हो।

अब पूजापाठ, परोपकार र सेवाभाव धर्म होइन, अन्य धार्मिक समुदायमाथि दबाब सिर्जना गर्नु तथा धर्मनिरपेक्षताको विरोध गर्नु धर्मको मूल चरित्र भएको छ। त्यसैले अब धर्मले मानिसभित्र शान्ति होइन, उत्तेजना, असन्तुष्टि र आक्रामकता मात्र जन्माउने गर्छ।

धर्ममा रहेको यस सीमित मानवीय उदारतासमेतको हरणमा धर्मलाई राजनीतिक हतियार बनाउनेहरूको भूमिका त छँदै छ, सत्ताको निकटता तथा स्वयंको आर्थिक-राजनीतिक महत्वाकांक्षाका कारण साधु, सन्त र महन्थसमेत यस हरणमा सामेल छन्। बाँकी बचेको काम धर्मसँग बजार अर्थात् पुँजीवादी साम्राज्यवादी सम्बन्धले पूरा गरिदिएको छ। वर्तमान विश्वमा, अमेरिकी र युरोपियन साम्राज्यवादी शक्तिहरूले क्रिस्चियानिटी, इस्लामिक देशमा इस्लाम र भारतमा वर्तमान सत्ताधारी भाजपाहरूले संकीर्ण हिन्दुत्वलाई वर्चस्व विस्तारको राजनीतिक अश्वमेधी रथको रूपमा प्रयोग गरेको जगजाहेर विषय हो।

जहाँसम्म धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी प्रतिवेदनको विषय छ, यो नेपालमा परम्परागत रूपमा रहेको भारतीय कूटनीतिक वर्चस्वमाथि अमेरिकी सांस्कृतिक कूटनीतिको आक्रामक तेवर हो भनेर बुझ्नु उचित हुनेछ। तर, यो यस लेखको विषय होइन, त्यसैले यस गन्थनलाई यही थन्क्याउनु उचित होला।

नेपालमा संकीर्ण हिन्दू धार्मिक राजनीति, सांस्कृतिक रूपमा नेपालको बहुपहिचान, बहुसांस्कृतिकता (दलित, अल्पसंख्यक, महिला, आदिवासी, मधेसी आदि) तथा राजनीतिक रूपमा गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताविरुद्ध योजनाबद्ध देखिन्छ। समग्रमा यो राजतन्त्रवादी पुनरोत्थानको चतुरे एजेन्डा मात्र हो भन्ने तथ्य जति छिटो बुझिन्छ, त्यति नै छिटो गणतन्त्रको हितमा लाग्न सकिन्छ।

संकीर्ण हिन्दू धार्मिकताका पक्षधरले विषयलाई ऐतिहासिक तथ्यबाट कटाएर व्यापक भ्रमपूर्ण प्रचारको बीच प्रस्तुत गर्छन्। उनीहरू धर्मनिरपेक्षताबारे दुई खाले भ्रम छर्छन्- पहिलो, धर्मनिरपेक्षता बलजफ्ती थोपरिएको अर्थमा र दोस्रो, व्यक्तिको धार्मिक व्यवहारमा अवरोधको रूपमा। यी दुवै तथ्य भ्रमात्मक हुन्। तीसवर्षे पञ्चायती निरंकुशताविरुद्धको संघर्ष होस् वा बहुदलीयतापछिको नयाँ जनवादी लक्ष्यसहितको दशवर्षे माओवादी जनयुद्ध, यी राजनीतिक संघर्षहरूको नेतृत्व गर्ने नेपाली कांग्रेस, एमाले र माओवादी सबैका राजनीतिक दस्तावेजमा धर्मनिरपेक्षता सुरुदेखि नै सामेल विषय हो। माओवादी जनयुद्धको लक्ष्यमा राजतन्त्रको समाप्ति, जनगणतन्त्र तथा धर्मनिरपेक्षता प्रस्ट रूपमा सामेल थियो। जनयुद्धका यी लक्ष्यहरूको निम्ति तराई, पहाड, हिमाल, देशका सबै भागका हजारौँ जनताले रगत बगाएपछि मात्र यो गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता प्राप्त भएको हो। त्यसरी नै संविधान निर्माणका क्रममा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतालगायत विषयमा व्यापक छलफल बहस, विमर्श भएको हो। यसपछि संघीयताको निम्ति मधेस आन्दोलन तथा आदिवासी संघर्ष भएका छन्। ००७ सालदेखि जनयुद्धसम्मका राजनीतिक संघर्ष तथा त्यसपछिका संघीयताका आन्दोलनमा सामेल भएर बलिदान दिनेहरू तथा त्यसलाई समर्थन सहयोग गर्नेहरू जनता होइनन् ? के यी संघर्षमा जनताका मत प्रदर्शित भएका होइनन् ? संविधान निर्माणका बखत सदन र सडकमा संघीयता, बहुसांस्कृतिकता र धर्मनिरपेक्षताको पक्षमा नारा लगाइरहेका र संघर्ष गरिरहेका राजनीतिक दलहरू र जनताका स्वरहरू जनमत होइनन् ?

राजतन्त्रवादी र संकीर्ण धार्मिक शक्तिहरू यी ऐतिहासिक तथ्यलाई कटाएर तथा एउटा उत्तेजनात्मक भ्रम सिर्जना गरेर विषय प्रस्तुत गर्छन् र आफ्नो पुनरोत्थानवादी दाउ साध्न चाहन्छन्। वस्तुतः हिन्दू राष्ट्रको निम्ति जनमतसंग्रहको अर्थ नेपाली जनताले आफैँ गरेका राजनीतिक संघर्ष तथा सहादतको अपमान र अवमूल्यन हुनेछ। शर्माद्वय वा अन्य जो आफूलाई प्रगतिशील वा गणतन्त्रवादी भन्छन्, जनमतबारे यो कोणबाट सोचेका छन् वा छैनन् ? सोच्नु आवश्यक छ।

एक हप्तापछि जेठ १५ गते नेपाली गणतन्त्र सोह्रौँ वर्षमा प्रवेश गर्नेछ। सुरुमा सामान्य अवशेषको रूपमा देखिएको राजतन्त्रवादीहरू तथा संकीर्ण हिन्दूवादी दक्षिणपन्थीहरू अहिले संगठित रूपमा देखिएका छन्। यसको पहिलो कारण यस गणतन्त्रका सञ्चालकहरूको चरित्रगत कमजोरी र वैचारिक स्खलन हो। जनताबीच गणतान्त्रिक संस्कृतिको विकास गराउनु नसक्नु यसको दोस्रो र महत्त्वपूर्ण कारण हो। यसैकारण गणतान्त्रिक र धर्मनिरपेक्ष सांस्कृतिकता गणतान्त्रिक पार्टीभित्र कमजोर हुँदै गएको देखिन्छ। होइन भने शर्माद्वयले माओवादी केन्द्रमा यस्तो गैरजनवादी ज्ञापन दिने सोच बनाउने थिएनन् र पार्टीले पनि यस्तो अवसर दिने थिएन। राज्यसत्ताले गणतन्त्रको विचार र व्यवहारलाई पार्टीहरू र जनसमुदायबीच वैकल्पिक र प्रगतिशील संस्कृतिको रूपमा स्थापित गर्न सचेत प्रयत्न गर्न सक्नुपर्छ। यसको निम्ति जनसमुदायले गरेका संघर्ष र सहादतका गर्वका गाथा, बहसहरू, विमर्शहरू, शिक्षा, सिनेमा र विविध सांस्कृतिक अभियानको माध्यमबाट निरन्तर सञ्चालन गर्न सक्नुपर्छ र जनतामा यस गणतन्त्रप्रति स्वामित्वको भाव व्यावहारिक रूपमा जगाउन सक्नुपर्छ।

---

३ प्रश्न

राष्ट्रिय सभा सदस्य **खिमलाल देवकोटा**लाई



**प्रदेशले फेरि मन्त्रालय थप्न थालेका छन् किन होला ?**

दोस्रो कार्यकालको सुरुमा प्रदेश सरकारले मन्त्रालय र मन्त्रीको संख्या घटाउँदा सकारात्मक सन्देश गएको थियो। तर, भागबन्डाका नाममा फेरि मन्त्रालय थप्न थालेका छन्। मन्त्रालय र मन्त्री बढी बनाएर काम गर्ने र नतिजा देखाउने होइन। थोरै, चुस्त मन्त्रिपरिषद्बाट काम गर्न सकिन्छ। जनताले खोजेको धेरै मन्त्रालय र मन्त्री होइन, डेलिभरी हो। प्रदेशले भूमिका निर्वाह गर्न सकेन भनेर प्रश्न उठिरहेका वेला फेरि मन्त्रालय थप्ने काम भइरहेको छ।

**संघीयताप्रति नै प्रश्न उठिरहेका वेला यसरी मन्त्रालय थप्दै जाँदा त्यसले के सन्देश दिन्छ ?**

यो संघीयता र प्रदेशप्रतिको भरोसामाथि तुसारापात हो। राष्ट्रिय सभाले प्रदेश सभाको कुल संख्याको १० प्रतिशतभन्दा बढीको मन्त्रिपरिषद् हुनुहुँदैन भनेको र स्वयं प्रधानमन्त्रीले पनि स्वीकार गरेको विषय हो। संघ र प्रदेशमा त्यही गठबन्धनको सरकार छ, तर मन्त्रालयको संख्या बढाउन थालिएको छ। यसले संघीयताप्रतिको आस्था झन् घट्छ।

**यो समस्याको समाधान के होला ?**

जम्बो मन्त्रिपरिषद् प्रदेशको समस्या मात्र होइन, संघको पनि हो। प्रदेशको मन्त्रिपरिषद् चुस्त बनाउनुपर्छ भनिरहँदा संघको ठूलो बनाउने होइन। संविधान नै संशोधन गरेर प्रदेशमा कुल प्रदेश सभा सदस्यको १० प्रतिशत नबढ्ने गरी मन्त्रिपरिषद् बनाउने व्यवस्था गरिनुपर्छ भने संघको हकमा १५ जना नबढ्ने गरी मन्त्रिपरिषद् बनाउनुपर्छ। यसले चुस्तता कायम हुन्छ, सार्वजनिक खर्च घट्छ। राजनीतिक दलको नेतृत्वले पनि मन्त्रालयको संख्या नबढाऊ भनेर भन्न सक्नुपऱ्यो। प्रदेशको पार्टी कमिटी बलियो बनाउनुपऱ्यो, तिनलाई जवाफदेही बनाउनुपऱ्यो।

---

प्रेरक प्रसंग

## क्षमता र सही स्थान !

एउटा पोथी उँट र उसको सानो बछेडा एउटा रुखमुनि विश्राम गरिरहेका थिए। त्यसै बखत उक्त बच्चा उँटले आफ्नो आमासँग सोध्यो, 'आमा हामी उँटको यति ठूलो जुरो किन हुन्छ ?'



आमा उँट एक छिन सोचमग्न भई र आफ्नो बछेडालाई भनी, 'हामी मरुभूमिमा बस्ने जनावर हौँ। मरुभूमिमा पानी एकदमै कम पाइन्छ। त्यसैले शरीरलाई चाहिने पानी जगेडा राख्न हामीसँग यो जुरो हुन्छ, ताकि थोरै पानीमा पनि हामी बाँच्न सकौँ।' बछेडा उँटले केही क्षण सोचे जस्तो गऱ्यो र फेरि सोध्यो, 'ल ठिक छ, जुरो त पानी भण्डार गरी राख्न भयो अनि हाम्रा खुट्टा किन लामा र तलुवा गोला भएका ?'

आमा उँटले उत्तर दिई, 'ए, यी त मरुभूमिमा हिँड्नका लागि हुन् नि !' बच्चा उँट केही क्षण घोरियो र पुनः आफ्नो आमालाई सोध्यो, 'हाम्रा परेलाचाहिँ किन यति बाक्ला र लामा भएका ? कहिलेकाहीँ त यी मेरा आँखामा नै घुस्रेर बिजाउँछन्।' आमा उँट उत्तर दिन्छे, 'यी लामा र बाक्ला परेलाले हामीलाई मरुभूमिमा हुरीले उढाएर ल्याउने बालुवा छिर्नबाट जोगाउँछन्। यो त मरुभूमिमा आँखाको रक्षाकवच हो नि !'

बच्चा उँट यसो सोच्छ र भन्छ, 'ए मैले बुझेँ। यो जुरो हामी मरुभूमिमा हुँदा पानी भण्डार गरेर राख्न रहेछ, यी लामा-लामा खुट्टा र गोला खुर मरुभूमिमा हिँड्नका लागि रहेछन् अनि यी लामा परेला मरुभूमिको बालुवाबाट मेरो आँखाको रक्षा गर्ने रहेछ। तर, आमा उसो भए हामी किन चिडियाखानामा छौँ त ?'

शिक्षा : तपाईं सही समयमा सही ठाउँमा हुनुहुन्छ भने मात्र तपाईंको सीप र क्षमता उपयोगी हुन्छन्। अन्यथा ती व्यर्थमा जान्छन्।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## ज्यान मार्नेप्रति अदालत किन उदार ?

सवारीसाधन चलाउने लाइसेन्स लिएको छैन, त्यसमाथि रक्सीले मातेको अवस्थामा सवारी चलाई निर्दोष बटुवालाई कुल्चेर मारेको छ। यस्तो जघन्य अपराधमा सजाय भने केवल चार वर्ष ? अझ जिल्ला अदालतबाट त ६ महिना मात्र कैदको फैसला ! के न्याय यस्तै हुन्छ ? सवारी चलाउने अनुमति पत्र पाएकाले सवारी चलाउँदा त्यसबाट दुर्घटनावश मान्छे मरेमा त्यो कानुनको दृष्टिमा कर्तव्य ज्यानजस्तो ठूलो अपराध मानिँदैन। तर, रक्सीले धुत र सवारी अनुमति पत्र नभएका पृथ्वी मल्लले सवारी साधनको दुर्घटना गराएर लीला देवकोटाको ज्यान लिएका हुन्। उनीमाथि कर्तव्य ज्यानअन्तर्गत मुद्दा चली जन्मकैद हुनुपर्ने होइन र ? यो फैसलाबाट अनाहकमा ज्यान गुमाउन पुगेकी पीडित र उनका परिवारप्रति न्याय हुन्छ ? समाजलाई कस्तो सन्देश जान्छ ? व्यक्तिको पहुँच हेरर होइन, कसुर र कानुन हेरेर न्याय निरुपण होस्।

● **गोपाल देवकोटा**, कामनपा-७, गौरीनगर

## मन्त्री थप्ने होडबाजी !

एकतिर प्रदेश संरचनाले अनाहकमा राज्यकोषमा भार मात्रै थपेको भनेर आलोचना बढ्दै छ। अर्कातिर, प्रदेश सरकारका मन्त्री र राज्यमन्त्री थप्ने होडबाजी चलेको समाचार आउँछ। नेपालका नेताहरू किन यतिविधि पदलोलुप भएका हुन्। आर्थिक संकटले घेरिएको मुलुकलाई कामविहीन मन्त्री र राज्यमन्त्रीको लस्कर थपेर किन थप संकटमा पुऱ्याउने काम गरिँदै छ। सरकार टिकाउन राज्यस्रोतको दोहन र दुरुपयोगको यो घिनलाग्दो हर्कत प्रदेश सरकारहरूले बन्द गर्नुपर्छ।

● **सुवास खड्का**
बालकोट, भक्तपुर

## प्रदेशको दिक्क लाग्दो राजनीति

मुद्दा कमजोर नबनाइयोस् ! सक्कली नागरीकलाई नक्कली शरणार्थी बनाई अमेरिका पठाइदिने भन्दै अर्बौं असुलीको धन्दा चलाएका राष्ट्रद्रोही एवं मानवताविरुद्धका अपराधीविरुद्ध कडाभन्दा कडा कारबाही हुने गरी बलियो मुद्दा दर्ता गरिनुपर्छ। मुद्दा कमजोर बनाई यी देशद्रोहीलाई फुत्किने बाटो तयार गरियो भने त्यसबाट राज्यविरुद्धको अर्को अपराध हुनेछ। अदालतमा मुद्दा दर्ता गर्दै गर्दा सरकारी वकिलको कार्यालयले यो कुरालाई मनन गर्न सक्नुपर्छ। अन्यथा इतिहासले माफ गर्नेछैन।

● **विवेक थापा**
काठमाडौं

---

# इजरायल स्थापनाका ७० वर्ष

## लोकतान्त्रिक देश रहन चाहन्छ भने इजरायलले ५० लाख प्यालेस्टिनीलाई नागरिकता र नागरिक अधिकारबाट वञ्चित गरिराख्न सक्दैन



देश / विदेश

● रिचर्ड हास

धर्म र चमत्कार अक्सर एकसाथ हिँड्छन्। भर्खरै आफ्नो ७५औँ जन्मदिन मनाएको यहुदी राज्य इजरायल आफैँमा एक चमत्कार हो। केही अर्थमा इजरालको अस्तित्व चमत्कारी छ, किनकि नवजातकालमै यो मुलुकको घाँटी आफूभन्दा निकै ठूलो सैन्य सामर्थ्यका अरब छिमेकीबाट सन् १९४८ मा झन्डै निमोठिएको थियो।

त्यसयता, इजरायलले थुप्रै युद्धको सामना गरेको छ। साथै, केही आक्रमण गरेको पनि छ। तर, आश्चर्य के भने इजरायल तिनमा बाँचेको मात्र होइन, फस्टाएको पनि छ। आज, यो करिब एक करोड मानिसको देश हो। अधिनायकवादको रजगज रहेको यो भेगमा इजरायल एक लोकतान्त्रिक मुलुक हो। कुनै प्राकृतिक स्रोतसाधन नभए पनि विश्वस्तरीय प्रविधि क्षेत्रसहित उसको अर्थतन्त्र फस्टाउँदै गएको छ। वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ५५ हजार अमेरिकी डलर जति छ। ऊ क्यानडा, जापान र युरोपको अधिकांश भागभन्दा अगाडि छ र विश्वका शीर्ष २० देशमा पर्छ।

इजरायलका असाधारण उपलब्धिका कारण नै इजरायलका अधिकांश अरब छिमेकी उसको अस्तित्व स्वीकार गर्ने स्थितिमा पुगेका हुन्। इजरायलले अहिले इजिप्ट र जोर्डनका साथै मोरक्को, संयुक्त अरब इमिरेट्स र बहराइनसँग औपचारिक शान्ति स्थापना गरेको छ। साउदी अरेबियालगायत अन्य अरब राष्ट्रसँग अनौपचारिक सम्बन्धलाई बढाउँदै लगेर यस क्षेत्रमा अमेरिकी उपस्थितिलाई राहत दिएको छ। इजरायललाई इरान सिर्जित खतराहरूको सामना गर्ने एक महत्त्वपूर्ण साझेदारका रूपमा हेरिएको छ।

तर इजरायलको भविष्य अझै पनि असहज र अनिश्चित लाग्छ। पहिलो, बाह्य खतराहरू निरन्तर छन्। सिरिया गृहयुद्धमाझ इरानी प्रोक्सीहरूको एक सुरक्षित आश्रय स्थल बनेको छ। त्यस्तै इजरायलको उत्तरी सीमाको ठिक पारि लेबननमा हिजबुल्लाहले राज्यभित्र इरान समर्थित राज्य स्थापित गरेका छन्। जहाँबाट एक लाखभन्दा बढी रकेट इजरायलतर्फ सोझिइसकेका छन्। जहाँसम्म इरानको कुरा छ, ऊ अब केही हप्ताभित्रै थुप्रै आणविक बमका लागि पर्याप्त युरेनियम उत्पादन गर्न सक्ने स्थितिमा छ। अर्थात् ऊ इजरायललाई आक्रमणको धम्की दिने क्षमतानजिक पुगेको छ।

इजरायलको एउटा ठूलो समस्या नसुल्झिएको प्यालेस्टाइनी मुद्दा पनि हो। यो मूलतः सन् १९६७ को जुनमा भएको ६ दिने युद्धको परिणाम हो, जुन युद्धले इजरायलको मार्ग नै परिवर्तन गरेको थियो। अहिले इजरायलले कब्जा गरेको भूमिमा करिब ५० लाख प्यालेस्टिनीको बसोवास छ। छुट्टै प्यालेस्टाइनी राज्य बनाउने वार्ता थुप्रैपटक सफलतानजिक पुगेको पनि हो। तर, अपूर्ण भन्दै ती प्रस्तावलाई प्यालेस्टिनीले स्वीकार गर्न इन्कार गरिरहे। यो त्यहाँका नेतृत्वको ठूलो असफलतालाई नै प्रतिबिम्बित गर्छ। इजरायल र प्यालेस्टाइनको राजनीतिलाई हेर्दा दुई राज्य समाधानको सम्भावना टर्दै गएको प्रतीत हुन्छ, जुन प्यालेस्टाइनीका लागि पक्कै पनि राम्रो होइन, इजरायलको लोकतन्त्र र सुरक्षाका लागि पनि राम्रो होइन। निरन्तर कब्जाका लागि ठूलो र स्थायी सैन्य उपस्थितिको आवश्यकता हुन्छ, साथै यसले विश्वमा इजरायलको स्थितिलाई पनि कमजोर पार्छ।

तेस्रो चुनौती आन्तरिक हो। इजरायलको स्थापना मुख्यतः युरोपबाट आएका यहुदी शरणार्थीले गरेका हुन्। त्यसपछि मध्यपूर्व र पूर्वसोभियत संघबाट आप्रवासीको ठूलो लहर आयो। आजको इजरायल तिनै आप्रवासी, तिनका वंशज र सन् १९४८ भन्दा पहिलेबाट इजरायलको वर्तमान सीमाभित्र बसिरहेका इसाई र मुस्लिम अरबहरू (जसलाई अक्सर इजरायली अरब वा अरब मूलका इजरायली भनिन्छ)द्वारा निर्मित छ।



परिणामतः इजरायल अहिले आफ्नो पहिचान छनोट गर्ने स्थितिमा पुगेको छ। यदि यो लोकतान्त्रिक राज्य रहिरहन चाहन्छ भने उसले ५० लाख प्यालेस्टिनीमाथि शासन गर्न र उनीहरूलाई नागरिकता र अधिकारबाट वञ्चित गरिरहन सक्दैन। तर, यदि ऊ एक यहुदी राष्ट्र नै रहिरहन चाहन्छ भने उसले २० लाख इजरायली अरबको जनसंख्यामा ५० लाख प्यालेस्टाइनी थपिएको देशमाथि शासन गर्न पनि सक्दैन। उसले केही न केही त छाड्नैपर्छ।

चरमपन्थी यहुदीको जनसंख्यामा तीव्र वृद्धि एउटा अर्को आयाम हो। उनीहरूको संख्या अहिल १३ लाखजति छ। इजरायल कसरी चल्नुपर्छ भन्ने विचारमा तिनले ठूलो प्रभाव पार्छन्। इजरायलीका लागि सैन्यसेवा अनिवार्य भए पनि उग्र-अर्थोडक्सलाई छुट छ। उनीहरूमध्ये धेरैले कामको सट्टा अध्ययन र प्रार्थना रोज्छन्। राजनीतिक प्रक्रियाको माध्यमबाट उनीहरू यस्तो समाज ल्याउन खोज्छन्, जहाँ धार्मिक हितलाई धर्मनिरपेक्ष इजरायलीको इच्छाभन्दा बढी प्राथमिकता दिइयोस्। जनसांख्यिकीय प्रवृत्तिले अन्ततः उनीहरू सफल हुने देखाउँछ।

फलस्वरूप ७५ वर्षको उमेरमा पनि इजरायलले आफ्नो प्रारम्भिक कालखण्डका आक्रमणकारी सेनाहरूले खडा गरेका चुनौतीजत्तिकै चुनौतीको सामना गर्नु परिरहेको छ। स्वतन्त्र न्यायपालिकामाथि राजनीतिक नियन्त्रण बढाउने प्रस्तावित सुधारका विरोधमा हालैका विरोध प्रदर्शनले इजरायल एक ध्रुवीकृत लोकतान्त्रिक देश भएको उजागर गर्छ। यी सबैले एउटा नयाँ समस्या सिर्जना गरेका छन्। इजरायलले आफ्नो अधिकांश काम आफ्नै प्रयासबाट गरेको छ, तर उसले आफ्नो इतिहासको अधिकांश समय अमेरिकाको पर्याप्त आर्थिक, सैन्य, कूटनीतिक समर्थन र अमेरिकी यहुदीहरूको साथ सहयोग प्राप्त गरेको छ। इजरायलले अलोकतान्त्रिक र धार्मिक अतिवादलाई अंगीकार गर्ने हो भने ती सहयोग प्राप्त हुन्छन् कि हुँदैनन् भन्न सकिन्न।

*(हास काउन्सिल अन फरेन रिलेसन्सका अध्यक्ष हुन्।)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

---

## स्वास्थ्य बिमा कार्यक्रम जनमैत्री छ

०७२ चैत २५ बाट कैलाली जिल्लामा कार्यान्वयन सुरुवात भएको स्वास्थ्य बिमा कार्यक्रम आम नागरिकको प्रत्यक्ष जीवनसँग सरोकार राख्ने कार्यक्रम हो। यसले सबै नागरिकमा स्वास्थ्य सेवाको पहुँच स्थापना गरी नागरिकको स्वास्थ्य उपचारमा लाग्ने अनियोजित तथा अनियन्त्रित आर्थिक जोखिम एवं भारलाई न्यूनीकरण गर्छ। नेपालको संविधान, दिगो विकास लक्ष्य (लक्ष्य-३), मानव विकासको अवधारणालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने यो कार्यक्रमले करोडौँ नेपाली नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने लक्ष्य राखेको छ। नेपाललाई लोक कल्याणकारी राज्य व्यवस्थाको पथमा हिँडाउने लक्ष्य लिएको छ। तर, आम जनजीवनसँग प्रत्यक्ष रूपमा जोडिएको यति राम्रो कार्यक्रमलाई जबर्जस्ती असफलताको बाटोमा धकेलिएको छ।

नेपालको स्वास्थ्य सेवाको विकासमा आमूल परिवर्तन ल्याउने हैसियत राख्ने यो कार्यक्रमलाई चौतर्फी घेराबन्दी गरी आक्रमण भइरहेको देख्दा मजस्ता आमनागरिकलाई हामी नेपाली अभागी रहेको महसुस भइरहेको छ। निजी स्वास्थ्य सेवा सञ्चालकहरूको हालीमुहाली रहेको देशमा यस्ता लोककल्याणकारी कार्यक्रम असफल हुनु भनेको नियमित अभ्यासजस्तै हो। सरकारको सुस्ती र अकर्मण्यतालेे पनि उनीहरूलाई नै थप बल पुऱ्याइरहेको छ। अनावश्यक क्षेत्रमा पचासौँ अर्ब खन्याउन सक्ने सरकार लोककल्याणकारी कार्यक्रमका लागि बजेट छुट्याउन भने थरथर काम्छ। अब पनि स्वास्थ्य संरचनालाई स्तरोन्नति नगर्ने हो र स्वास्थ्य बिमा कार्यक्रमजस्ता लोककल्याणकारी कार्यक्रमलाई प्राथमिकतामा नपार्ने हो भने 'स्वास्थ्यमा लगानी बालुवामा पानी' भन्ने नारामा परिणत हुने निश्चितप्रायः छ।

● **सुशीलकुमार पौडेल**

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# सन् २०४० सम्ममा ८० प्रतिशत प्लास्टिकजन्य प्रदूषण कटौती हुने राष्ट्रसंघको आकलन

## हरेक वर्ष विश्वव्यापी रूपमा लगभग नौ प्रतिशत प्लास्टिकको मात्र पुनः प्रयोग गरिन्छ

आगामी सन् २०४० सम्ममा विश्वका विभिन्न देशले प्लास्टिकजन्य प्रदूषणलाई ८० प्रतिशतले कटौती गर्न सक्ने अनुमान गरिएको छ। राष्ट्रसंघीय वातावरण कार्यक्रमको एउटा नयाँ प्रतिवेदनले यस्तो अनुमान गरेको हो। प्लास्टिकजन्य प्रदूषण एउटा त्रासदी बनेको छ, जसले विश्वको हरेक भागलाई असर गरेको छ। प्लास्टिकजन्य प्रदूषण एउटा यस्तो खतरा हो, जसले उत्तरी ध्रुवदेखि हामीले सास फेर्ने हावासम्मका हरेक क्षेत्रमा असर गरेको छ।



प्लास्टिकजन्य प्रदूषणले हाम्रो जैविक प्रणालीलाई पनि परिवर्तन गरिरहेको छ। यसले पारिस्थितिक प्रणाली पनि परिवर्तन गर्दै छ। वैज्ञानिकहरूले हालै ब्राजिलको दुर्गम टापुमा प्लास्टिकबाट बनेका चट्टान फेला पारेका छन् र अहिले प्रशान्त महासागरका केही भागमा यति धेरै प्लास्टिक तैरिरहेका छन् कि तिनमा तटीय जीवहरूका समुदाय फस्टाउँदै छन्।

पछिल्ला केही दशकले प्लास्टिक उत्पादनको स्तरमा वृद्धिलाई साक्षात्कार गरेका छन् भने फोहोर व्यवस्थापन प्रणालीले गति लिन सकेको छैन। सन् २०२१ मा विश्वले १३ करोड ९० लाख मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन गरेको थियो। कुनै कदम नचालिएमा सन् २०६० सम्ममा प्लास्टिकको विश्वव्यापी उत्पादन तीनगुणाले बढ्ने अनुमान गरिएको छ।

प्रतिवेदनअनुसार प्लास्टिकको पुनः प्रयोगले निकै प्रभाव पार्छ। त्यसैले प्रतिवेदनले पुनः प्रयोग गर्न मिल्ने बोतलहरू, प्लास्टिक उत्पादकलाई नै फिर्ता गर्न प्रोत्साहन गर्ने डिपोजिट प्रोग्राम र प्याकेजिङ टेक-ब्याकजस्ता विकल्पको प्रवर्द्धन गर्न सिफारिस गरेको छ। यसरी सन् २०४० सम्ममा प्लास्टिकजन्य प्रदूषणलाई ३० प्रतिशतले कटौती गर्दै यो बजार प्रवर्तित सबैभन्दा 'शक्तिशाली परिवर्तन' हुने प्रतिवेदनले जनाएको छ।

प्रतिवेदनअनुसार रिसाइक्लिङको स्तर वृद्धिले प्लास्टिक प्रदूषणलाई २० प्रतिशतले घटाउन सक्छ। हरेक वर्ष विश्वव्यापी रूपमा लगभग नौ प्रतिशत प्लास्टिकको मात्र पुनः प्रयोग गरिन्छ, बाँकी ल्यान्डफिल्डमा लगिन्छ वा जलाएर नष्ट गरिन्छ। प्रतिवेदनले प्लास्टिकका नयाँ उत्पादनलाई सस्तो बनाउन महत गर्ने जीवाश्म इन्धन अनुदान बन्द गर्न पनि सिफारिस गरेको छ। जीवाश्म इन्धनमा दिइने अनुदानले पुनः प्रयोग र वैकल्पिक सामग्रीको प्रयोगलाई निरुत्साहित गर्छ। जीवाश्म इन्धन लगभग सबैजसो प्लास्टिकको कच्चा पदार्थ हो।

एकपटक मात्र प्रयोग हुने उत्पादनलाई उपयुक्त वैकल्पिक सामग्रीतर्फ सार्दा प्लास्टिकजन्य प्रदूषणलाई १७ प्रतिशतले घटाउन सकिने प्रतिवेदनमा उल्लेख छ। 'हामीले प्लास्टिकको उत्पादन, प्रयोग र डिस्पोज गर्ने तौरतरिकाले पारिस्थितिक प्रणालीलाई प्रदूषित गरिरहेको छ, मानव स्वास्थ्यका लागि

> सन् २०२१ मा विश्वले १३ करोड ९० लाख मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन गरेको थियो। कुनै कदम नचालिएमा सन् २०६० सम्ममा प्लास्टिकको विश्वव्यापी उत्पादन तीनगुणाले बढ्ने अनुमान गरिएको छ।

खतरा सिर्जना गर्नुका साथै जलवायुलाई अस्थिर बनाइरहेको छ,' युएनइपीका कार्यकारी निर्देशक इनगर एन्डरसनले एक विज्ञप्तिमा भने, 'युएनइपीको यो प्रतिवेदनले प्लास्टिकलाई जैविक प्रणाली, हाम्रो शरीर र अर्थतन्त्रबाट बाहिर राख्ने विधि अपनाएर यी जोखिमलाई नाटकीय रूपमा कम गर्ने रोडम्याप प्रस्तुत गरेको छ।'

प्रतिवेदनले सुझाएको परिवर्तनको वार्षिक लागत ६५ अर्ब डलर हुने भनिएको छ। एकल प्रयोगको प्लास्टिक उत्पादनबाट पुनः प्रयोग गर्न मिल्ने प्लास्टिक र बायोडिग्रेडेबल विकल्पमा जाँदाँ सन् २०४० सम्ममा ३२ खर्ब ५० अर्ब डलरको बचत हुन सक्ने आकलन छ।

प्लास्टिकलाई ८० प्रतिशतले कटौती गर्दा वार्षिक ०.५ अर्ब टन उत्सर्जनजन्य प्रदूषणबाट बचिने पनि प्रतिवेदनले अनुमान गरेको छ। यसले विशेषगरी विकासशील देशमा सात लाख नयाँ रोजगारीसमेत सिर्जना गर्न सक्छ। यद्यपि यी सबै परिवर्तन हुँदा पनि विश्वले सन् २०४० सम्ममा अल्पकालीन उत्पादनबाट लगभग १० करोड मेट्रिक टन प्लास्टिकजन्य फोहोरको व्यवस्थापन गर्नुपर्नेछ।

'विश्व-पहिलो' अन्तर्राष्ट्रिय प्लास्टिक सन्धिमा सहमति गर्ने उद्देश्यले यसै महिनाको अन्तमा पेरिसमा दोस्रो चरणको वार्ताको तयारी चल्दै गर्दा यो प्रतिवेदन सार्वजनिक भएको हो। प्रस्तावित सन्धिले प्लास्टिकको उत्पादनदेखि डिस्पोजलसम्मको सम्पूर्ण चक्रलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। - *सिएनएन*

## इतिहासमा आज




सन् १९५१ : दलाई लामाका प्रतिनिधिद्वारा चीनसँग सत्रबुँदे सम्झौतामा हस्ताक्षर। सम्झौताले तिब्बतमा चिनियाँ सार्वभौमसत्ता पुष्टि गऱ्यो। तिब्बती अधिकारीका अनुसार हस्ताक्षर दबाबमा गरिएको थियो।

सन् १९४९ : संघीय गणतन्त्र जर्मनी स्थापना। नाजी शासनको अन्त्य र दोस्रो विश्वयुद्धको अन्त्य भएको चार वर्षपछि गणतन्त्र जर्मनी स्थापना भएको थियो।

१९९२: इटलीमा माफियाद्वारा न्यायाधीश जियोभन्नी फाल्कोनको हत्या। फाल्कोन माफियाका सबैभन्दा प्रखर आलोचक थिए। माफियाको कार बम विस्फोटमा फाल्कोनकी श्रीमती र तीन अंगरक्षकको पनि मृत्यु भएको थियो।

सन् १९९५ : इटलीद्वारा अस्ट्रिया-हंगेरीमा युद्ध घोषणा। घोषणासँगै इटली प्रथम विश्वयुद्धमा प्रवेश गरेको थियो।

सन् १७८८ : दक्षिणी क्यारोलिना अमेरिकी संविधानलाई अनुमोदन गर्ने आठौँ राज्य बनेको दिन।

## विद्यालयमा आगलागी २० जनाको मृत्यु

जर्जटाउन/ दक्षिण अमेरिकी राष्ट्र गुयानाको एक विद्यालयमा आगलागीमा परेर कम्तीमा २० जनाको मृत्यु भएको छ। मध्य गुयानास्थित महदिया माध्यमिक विद्यालयमा भएको आगलागीमा अन्य केही घाइते भएका छन्। 'यो ठूलो विपत्ति हो। यो दर्दनाक छ,' दक्षिण अमेरिकी राष्ट्र युयनाका राष्ट्रपति इरफान अलीले भने।

अलीले आगलागीबाट घाइते भएका सबै बालबालिकाको उपचार भइरहेको बताए। उनले राजधानी जर्जटाउनका दुई प्रमुख अस्पतालमा हरेक बालबालिकालाई ध्यान दिन आदेश दिएको बताए। जर्जटाउनबाट करिब २०० किलोमिटर दक्षिणमा रहेको महदिया क्षेत्रमा भारी वर्षाका कारण स्थलमार्ग विच्छेद भएकाले उद्धारका लागि निजी र सैन्य विमान पठाइएको उनले बताए। विपक्षी सांसद नतासा सिंह लुइसले आगलागीको कारणबारे छानबिन गर्न माग गरे।

आगलागीबारे प्रहरीले अनुसन्धान सुरु गरेको छ। करिब आठ लाख जनसंख्या भएको सानो अंग्रेजीभाषी देश गयाना विश्वको सबैभन्दा ठूलो प्रतिव्यक्ति तेल भण्डार भएको पूर्वडच र बेलायती उपनिवेश हो।


प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
**भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन**
काभ्रेपलान्चोक, बागमती प्रदेश

**सिलबन्दी दरभाउपत्र र बोलपत्र आह्वानको सूचना**

(प्रकाशित मितिः २०८०/०२/०५)

यस कार्यालयबाट सिन्धुली, रामेछाप र दोलखा जिल्लाका विभिन्न न.पा./गा.पा.हरुमा डिप ट्युबवेल निर्माण तथा पम्पिंग टेष्ट कार्य र विद्युतीकरण तथा एसेसरिज खरिद तथा जडान कार्यका लागि विद्युतीय सिलबन्दी दरभाउपत्र र बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ।

(डिभिजन प्रमुख)



**नबिल बैंक लिमिटेड, धुम्बाराही शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८०/०२/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

नरु पाध्ये दुलालको नाति, राम चन्द्र दुलालको छोरा ललितपुर जिल्ला, ललितपुर नगर पन्चायत, वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा, वडा नं. १ बस्ने, ना.प्र.नं. १५८३४ (जारी मितिः २०४२/०९/२२, स्थान ललितपुर) भएको **श्री शिव प्रसाद दुलाल।**

**जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. राम चन्द्र दुलालको नाति, शिव प्रसाद दुलालको छोरा ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा., वडा नं. १० स्थायी घर भई हाल काठमाडौ जिल्ला, तारकेश्वर न.पा, वडा नं. १ बस्ने, ना.प्र.नं. २८-०१-०६७-०४४४९ (जारी मितिः २०६७/०६/१३, स्थान ललितपुर) भएको **श्री अनिल दुलाल।**

२. उमा कान्ता ज्ञवालीकी छोरी, राम चन्द्र दुलालकी बुहारी, शिव प्रसाद दुलालकी श्रीमती रुपन्देही जिल्ला, सिमलार गाउँ पन्चायत, वडा नं. ९ स्थायी घर भई हाल काठमाडौ जिल्ला, तारकेश्वर न.पा, वडा नं. १ बस्ने, ना.प्र.नं. १२९० (जारी मितिः २०४७/०९/१८, स्थान ललितपुर) भएको **श्रीमती शर्मिला दुलाल।**

३. राम चन्द्र दुलालकी नातिनि, शिव प्रसाद दुलालकी छोरी, काठमाडौ जिल्ला, तारकेश्वर न.पा, वडा नं. ३ बस्ने, ना.प्र.नं. २७-०१-७३-१११७४ (जारी मितिः २०७३/०८/०९, स्थान काठमाडौं) भएको **सुश्री अप्सरा दुलाल।**

**धितोको विवरणः**

**सवारी साधनको विवरणः**

ऋणी श्री शिव प्रसाद दुलाल र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा. २१ च. २११५ भएको Mahindra Maxximimo Hd.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१



Government of Nepal
**Ministry of Health and Population**
**Gajendra Narayan Singh Hospital**
**Rajbiraj, Saptari**

**Invitation for Bids**

**Date of Publication: 2080.02.09**

1. GNSHS Invites electronic bids from eligible bidders for the following work under Sealed Quotation (SQ) bidding procedure. Bidders may obtain further information from the PPMO web portal.www.bolpatra.gov.np/egp

| S. N. | Contract No. | Description of Work | Total Estimate Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Sale of sealed Quotation/Tender Document s available till date (Office Time) | Last Date of submission, Opening Time and place |
|---|---|---|---|---|---|---|---|
| 1. | Transformer /GNS/SQ/ G00DS/ 11/079/080 | Supply and delivery of 11/0.4 K.V, 500K.V.A. Three Phase Transformer, | 17,61,800 | 50,000.00 Total 75 Days of validity | 1,000.00 | E-bidding | 2080/02/24 at or before 12 noon and 14.00 Hrs respectively(E-bidding), Opening at GNS Hospital, Rajbiraj, Saptari. |

2. Bidders shall purchase the bidding documents and purchase/submit their sealed Quotation bidding have only the option of submits their bid electronically. Information to deposit the cost of bidding document in Bank:
   - **Name of the Bank** : Rastriya Banijya Bank Or A Class Bank Institution
   - **Name of Office** : Gajendra Narayan Singh Hospital, Saptari
   - **Rajaswa Khata No. (Revenue Account)** : 1000200010000
   - **Office Code No. ()** : 370001502
   - **Revenue Topic No.** :14229
   - **Security Deposit (Dharauti Khata) No.** : 2180100102030000
3. Bidders must submit their bid with updated Firm Registration, VAT/PAN certificate, Updated Tax clearance certificate. Otherwise bid shall be non-responsive. Eligible Bidders may obtain further information at following address or may visit Department of Hospital Store at Gajendra Narayan Singh Hospital, Rajbiraj, Saptari.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Medical Superintendent**
**Gajendra Narayan Singh Hospital**



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीमाईको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/०२/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय धनगढीमाईबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसिल**

**ऋणीको विवरणः**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७७/०६/०८ मा द.र्ता नं. १२३३३/२०७७/०७८ दर्ता कायम भई सिरहा जिल्ला, धनगढीमाई न.पा., वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **अरिना जनरल स्टोर**का प्रोप्राईटर रामपृत साहको बुहारी, जय नारायण साहको पत्नी, सिरहा जिल्ला, धनगढीमाई न.पा., वडा नं. ०३ बस्ने **अनिता कुमारी साह** (ना.प्र.नं. १५-०१-७५-१३२११), जारी मिति २०७५/११/२१, जिल्ला प्रशासन कार्यालय सिरहा )।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. रामपृत साहको बुहारी, जय नारायण साहको पत्नी, सिरहा जिल्ला, धनगढीमाई न.पा., वडा नं. ०३ बस्ने **अनिता कुमारी साह** (ना.प्र.नं. १५-०१-७५-१३२११), जारी मिति २०७५/११/२१, जिल्ला प्रशासन कार्यालय सिरहा)।

२. महन्थी साहको नाति, रामपृत साहको छोरा, सिरहा जिल्ला, धनगढीमाई न.पा., वडा नं. ०३ (साबिक हनुमानगर प्र.ध. वडा नं. ७) बस्ने **जय नारायण साह** (ना.प्र.नं. १५१०२४/१७२२१, जारी मिति २०६६/०६/२६, जिल्ला प्रशासन कार्यालय सिरहा)।

**धितो सुरक्षणको विवरणः**

१. **जय नारायण साह**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमाननगर गा.वि.स., वडा नं. ७ को कि.न ५४५ को क्षेत्रफल ०-२-१२.५-० (विगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **अरिना जनरल स्टोर**को सम्पूर्ण चलअचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय धनगढीमाई फोन नं. ०३३-५४५१३३/१३४

# एम्बुलेन्सचालकको परिवारलाई आर्थिक सहयोग

**सिमकोट**/ कर्णाली नदीमा डुबेर बेपत्ता भएका हुम्लाको अदानचुली गाउँपालिकाका एम्बुलेन्सचालक छक्क बुढाको परिवारलाई आर्थिक सहयोग उपलब्ध गराइएको छ। अदानचुली गाउँपालिकाका कर्मचारीले बुढाको परिवारलाई आर्थिक सहयोग गरेका हुन्। माछा मार्न जाल हाल्ने क्रममा बिहीबार हुम्ला कर्णालीमा डुबेर बेपत्ता भएका बुढाको परिवारलाई कर्मचारीले ४९ हजार तीन सय रुपैयाँ संकलन गरेर सहयोग गरेका छन्।

गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मेघनाथ शाहीका अनुसार सो रकम बुढाकी श्रीमती झलु बुढालाई हस्तान्तरण गरिएको छ। बेपत्ता बुढाका श्रीमती, दुई छोरा र एक छोरी छन्। *रासस*

# बढी मूल्य असुल्ने पेट्रोल पम्पलाई दुई लाख जरिवाना

**रामेछाप**/ उपभोक्तासँग बढी मूल्य लिएर पेट्रोलियम पदार्थ बिक्री गरेको उजुरी परेपछि जिल्ला प्रशासन कार्यालयले मन्थलीस्थित लक्ष्मी आयल स्टोर्सलाई दुई लाख रुपैयाँ जरिवाना गरेको छ।

रामेछाप उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष केशवप्रसाद घिमिरेले सञ्चालन गरेको लक्ष्मी आयलले नेपाल आयल निगमले पछिल्लोपटक गरेको मूल्य समायोजनविपरीत बिक्रीवितरण गरेको थियो। सोबारे जिल्ला प्रशासनमा लिखित उजुरी परेपछि उपभोक्ता संरक्षण विभाग रामेछापका निरीक्षण अधिकृत एवं रामेछापका सहायक प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरे नेतृत्वको अनुगमन टोलीले आयल स्टोर्सलाई जरिवाना




गरेको हो। आयल निगमले ३ जेठमा गरेको मूल्य समायोजनविपरीत थप मूल्य लिई पेट्रोलियम पदार्थ बिक्रीवितरण गरेको पाइएपछि उपभोक्ता हकहित संरक्षणअनुसार जरिवाना गरिएको उपभोक्ता संरक्षण विभाग रामेछापका निरीक्षण अधिकृत एवं सहायक प्रजिअ घिमिरेले जानकारी दिए।

'लक्ष्मी आयल यसअघि तेल मिसावटलगायतका विभिन्न घटनामा पटक-पटक जरिवानामा परिसकेकाले कानुनको नजरमा पटके परेको देखिएकाले त्यहीअनुसार जरिवाना गरिएको हो,' उनले भने, 'रामेछापमा पेट्रोल पम्पले कृत्रिम अभाव गराएकाले सबै पम्पको अनुगमन गरिने र कानुनअनुसार कारबाहीको दायरामा ल्याइनेछ।' यता, पम्प सञ्चालक केशवप्रसाद घिमिरेले भने आफूले कुनै पनि अपराध नगर्दा पनि जबर्जस्ती कारबाहीको नाममा प्रशासनले आफूमाथि ठूलो अन्याय गरेको बताए। 'जिल्लामा कुनै पम्पमा तेल नहुँदा पनि मैले नियमित ल्याएर बिक्रीवितरण गरेको छु,' उनले भने, 'राज्यले निर्धारण गरेकोभन्दा बढी मूल्य पनि लिएको छैन।'


## कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

## यस बैंकको दमक शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८०/०२/०९**

यस विकास बैंकको दमक शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **वेयर्स कलेक्सन**<br>**प्र.प.नं.**: ०६-०१-०२२१<br>ठेगाना : दमक न.पा.-०६, झापा<br>दर्ता गर्ने कार्यालय : दमक नगरपालिका ६ नं. वडा कार्यालय,झापा<br>स्थायी लेखा नं.: ६१४३१०३६२<br>**व्यवसायी/धनजमानीकर्ता : अमित लिम्बु**<br>**ना.प्र.नं. : २७४८८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ (उर्लाबारी)<br>बाबु : भक्त बहादुर लिम्बु<br>बाजे : मन बहादुर लिम्बु<br>ठेगाना : उर्लाबारी-०४, मोरङ हाल दमक-०६, झापा।<br>**कर्जा शीर्षक : (मध्यम व्यापार कर्जा)** | **१.सुमिता राई**<br>**ना.प्र.नं. : ०५२०२८/३३१७०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ (उर्लाबारी)<br>पति : अमित लिम्बु<br>ससुरा : भक्त बहादुर लिम्बु<br>ठेगाना : पथरी-०२,मोरङ हाल, दमक-०६, झापा।<br>**२.भक्त बहादुर लिम्बु**<br>**ना.प्र.नं. : ६६५/८८४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तेह्रथुम<br>बाबु : मन बहादुर लिम्बु<br>बाजे : बिर बहादुर लिम्बु<br>ठेगाना : बसन्तपुर-०६, तेह्रथुम हाल दमक -०६,झापा।<br>**३.रत्न माया लिम्बु**<br>**ना.प्र.नं. : ३५३७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तेह्रथुम<br>पति : भक्त बहादुर लिम्बु<br>ससुरा : मन बहादुर लिम्बु<br>ठेगाना :बसन्तपुर-९,तेह्रथुम हाल दमक-६, झापा। | १) भक्त बहादुर लिम्बुको नाममा मालपोत कार्यालय बेलवारी मोरङमा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा)<br>**ठेगाना** : मधुमल्ला -५, मोरङ<br>**नक्सा सिट** : ५/च<br>**कित्ता नं.** : ६३४<br>**क्षेत्रफल (बि/व.मी)** : ०-२-० (६७७.१७)<br>साथै सम्पूर्ण लिगलगापात समेत। |
| २. | **अमित लिम्ब**<br>**ना.प्र.नं. : २७४८८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ(उर्लाबारी)<br>बाबु : भक्त बहादुर लिम्बु<br>बाजे : मन बहादुर लिम्बु<br>ठेगाना : उर्लाबारी-०४, मोरङ हाल दमक-०६, झापा।<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **१.सुमिता राई**<br>**ना.प्र.नं. : ०५२०२८/३३१७०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ (उर्लाबारी)<br>पति : अमित लिम्बु<br>ससुरा : भक्त बहादुर लिम्बु<br>ठेगाना : पथरी-०२,मोरङ हाल, दमक-०६, झापा। | १. कामना सेवा विकास बैंकको नाममा अमित लिम्ब ऋणी कायम भई यातायात व्यवस्था कार्यालय, इटहरी,सुनसरीमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन)।<br>**सवारी साधनको विवरण**<br>मोडल : Mahindra ScorpioS5 2WD<br>बनेको साल : २०१९<br>दर्ता नं. : को २ च ३३८८<br>इन्जिन नं. : SJK4A12179<br>च्यासिस नं. : MA1TA2SJXK2A14887<br>कम्पनी : MAHINDRA&MAHINDRA |
| ३. | **प्लाटुन इन्टरप्राइजेज**<br>**प्रा.फ.र.नं.**: ८४/४३५०<br>ठेगाना : दमक-११, झापा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, झापा<br>स्थायी लेखा नं.: ६००७१६६५३<br>**प्रोप्राईटर/धनजमानीकर्ता : सन्तोष लिम्बु**<br>**ना.प्र.नं. : ४२१७३०/छुट**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तेह्रथुम<br>बाबु : भक्त बहादुर लिम्बु<br>बाजे : मन बहादुर लिम्बु<br>ठेगाना : बसन्तपुर-०९,तेह्रथुम हाल दमक -११, झापा।<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा** | **१.ज्योति तामाङ**<br>**ना.प्र.नं. : २२४२८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ (उर्लाबारी)<br>पति : सन्तोष लिम्बु<br>ससुरा : भक्त बहादुर लिम्बु<br>ठेगाना : राजधाट-०५, हाल, दमक-११, झापा। | १)सन्तोष लिम्बुको नाममा मालपोत कार्यालय ईलाममा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा)<br>**ठेगाना** : चुलाचुली-१<br>**नक्सा सिट** : १ख<br>**कित्ता नं.** : २५९, २६३<br>**क्षेत्रफल (बि/व.मी)** : ०-०-०-० (८५५.००), ०-०-०-० (१२४२०.००)<br>साथै सम्पूर्ण लिगलगापात समेत। |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।

४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा/तथा सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पूनः सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।

१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च** : उल्लिखित ऋणी (प्रोप्राइटर)/व्यवसायी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**

**बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/०२/२३ गते र बोलपत्र खोलिने मिति: २०८०/०२/२४**

**समय: दिनको : ४:०० बजे**

**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

## लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना।

(प्रकाशित मिति २०८०/०२/०९)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्बन्धित ऋणी तथा धितो सुरक्षण धनी/धितो जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा/वा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी, धितो तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. **ऋणीको नाम** : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ३७१/४५१०/०६७ मिति २०६७/१२/१८ मा दर्ता भई नवलपरासी जिल्ला रजहर न.पा./गा.पा. वडा नं. १ मा रजिष्टर्ड ठेगाना रहेको आन्तरिक राजश्व कार्यालय भरतपुरमा स्थायी लेखा नम्बर ६००६०३४८१ मिति २०६९/०२/२२ मा दर्ता रहेको **शुष्मा आत्मानिर्भर सिलाई कटाई प्रशिक्षण केन्द्र।**

**प्रोपाइटर** : बिकाराम महतोको नातिनी तारिख महतोको छोरी प्रेमलाल महतोको पत्नी चितवन जिल्ला बघौडा गा.वि.स./न.पा वडा नं.१ भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १६ रजहर बस्ने **बिसनी कुमारी महतो** ( नागरिकता नं. २८८/०३४ जिल्ला प्रशासन कार्यालय चितवन जारी मिति २०५५/०१/३१)

**व्यक्तिगत तथा धितो जमानतकर्ताहरु** : पदम बहादुरको नाती छन्नुराम महतोको छोरा नवलपरासी जिल्ला रजहर न.पा./गा.पा. वडा नं. २ स्थायी ठेगाना हाल नवलपरासी जिल्ला देवचुली न.पा वडा नं. १६ बस्ने **प्रेमलाल महतो** (नागरिकता नं. ८२५८ जिल्ला प्रशासन कार्यालय नवलपरासी जारी मिति २०५५/०२/०३)

**धितोको विवरण** :

व्यक्तिगत तथा धितो जमानतकर्ता **श्री प्रेमलाल महतोको** नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ठा कायम रहेको नवलपरासी जिल्ला सिसवार न.पा./गा.पा. वडा नं. ३/क स्थित कित्ता नं. ६१९ को क्षेत्रफल ०-१-६.५०-० जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु तथा ऋणीले बजारबाट उठाउन बांकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

२. **ऋणीको नाम** : पदम सिंह रानाको नाति, भीम सिंह रानाको छोरा, कञ्चनपुर जिल्ला शंकरपुर गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला लालझाडी गा.पा./न.पा. वडा नं. २ बस्ने नवराज राना (ना.प्र.नं.७५२०१७/४५ जिल्ला प्रशासन कार्यालय कञ्चनपुर जारी मिति २०६५/०७/१७)

**व्यक्तिगत जमानतकर्ता** : क) सल्फु रानाको नाति, पदम बहादुर रानाको छोरा, कञ्चनपुर जिल्ला बाईसी बिचवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला लालझाडी गा.पा./न.पा. वडा नं. २ बस्ने भीम बहादुर राना (ना.प्र.नं.८४९६००५० जिल्ला प्रशासन कार्यालय कञ्चनपुर जारी मिति २०३६/१२/१३)
ख) भीम सिंह रानाकी बुहारी, नेपाली रानाकी छोरी, नवराज रानाकी पत्नी, कञ्चनपुर जिल्ला लालझाडी गा.पा./न.पा. वडा नं. २ बस्ने **प्रेमा कुमारी राना** (ना.प्र.नं.७५३००९/८०६ जिल्ला प्रशासन कार्यालय कञ्चनपुर जारी मिति २०६३/१०/१०)

**धितो सुरक्षणको विवरण** :

ऋणी नवराज रानाको नाममा मालपोत कार्यालय बेलौरी कञ्चनपुरको लगतमा दर्ता श्रेष्ठा कायम रहेको कञ्चनपुर जिल्ला कालिका गा.वि.स/न.पा. वडा नं. ६ स्थित कित्ता नं. २०५९ को क्षेत्रफल ६७७.२६ व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणीको नाम** : धौले लोहारको नाति, प्रिमे लोहारको छोरा, कन्चनपुर जिल्ला, दैजी न.पा./गा.पा., वडा नं. ०१ भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा./गा.पा., वडा नं. ०३ बस्ने राजा लोहार (ना.प्र.नं. ७५१००७/१००६५, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर, जारी मिति २०६७/०४/३१)।

**व्यक्तिगत जमानतकर्ता** : प्रिमे लोहारकी बुहारी, बल्देव लुहारकी छोरी तथा राजा लोहारकी पत्नी, कञ्चनपुर जिल्ला, बेदकोट न.पा./गा.पा., वडा नं. ०३ भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा./गा.पा., वडा नं. ०३ बस्ने **लक्ष्मी लोहार** (ना.प्र.नं. ७५-०१-७४-००२५०, जिल्ला प्रशासन कार्यालय, कन्चनपुर, जारी मिति २०७४/०१/०८)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता** : धौले लोहारको नाति, प्रिमे लोहारको छोरा, कन्चनपुर जिल्ला, दैजी न.पा./गा.पा., वडा नं. ०१ भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा./गा.पा., वडा नं. ०३ बस्ने **राजा लोहार** (ना.प्र.नं. ७५१००७/१००६५, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर, जारी मिति २०६७/०४/३१)।

**धितो सुरक्षणको विवरण** :

क) ऋणी राजा लोहारको नाममा भूमिसुधार तथा मालपोत कार्यालय महेन्द्रनगर, कन्चनपुरको लगतमा दर्ता श्रेष्ठा कायम रहेको कन्चनपुर जिल्ला दैजी न.पा./गा.पा. वडा नं. १ स्थित कित्ता नं. १५०८ र २२४७ को क्षेत्रफल क्रमशः ११५ र २०३.६३ व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु र ऋणीले बजारबाट उठाउन बाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

५. **ऋणीको नाम** : जंग बहादुर चौधरीको नाति, छेदुलाल चौधरीको छोरा, कन्चनपुर जिल्ला, सुडा न.पा./गा.पा., वडा नं. ०८ भई हाल कञ्चनपुर जिल्ला, वेदकोट न.पा./गा.पा., वडा नं. ०८ बस्ने **परमेश्वर चौधरी** (ना.प्र.नं. ९०४०२५५१, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर, जारी मिति २०४१/०७/१२)।

**व्यक्तिगत जमानतकर्ता** : छेदुलाल चौधरीकी बुहारी, लाल बहादुर चौधरीकी छोरी तथा परमेश्वर चौधरीकी पत्नी, कन्चनपुर जिल्ला, सुडा न.पा./गा.पा., वडा नं. ७ भई हाल कञ्चनपुर जिल्ला, वेदकोट न.पा./गा.पा., वडा नं. ८ बस्ने **धन कमारी चौधरी** (ना.प्र.नं. ७५३०१९/८२२, जिल्ला प्रशासन कार्यालय, कन्चनपुर, जारी मिति २०६३/११/१०)।

**धितो सुरक्षणको विवरण** :

क) ऋणी **परमेश्वर चौधरीको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय महेन्द्रनगर, कन्चनपुरको लगतमा दर्ता श्रेष्ठा कायम रहेको कन्चनपुर जिल्ला सुडा न.पा./गा.पा. वडा नं. ८ स्थित कित्ता नं. २९७९ को क्षेत्रफल ४६१.१३ व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन: ०१-४५४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ९ जेठ ०८०

# बैंकमा साढे ४८ खर्ब निक्षेप ४३ खर्ब कर्जा प्रवाह

## असारसम्म दुई खर्ब निक्षेप थपिने, ६ प्रतिशतले कर्जा विस्तार हुने

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

निक्षेप पर्याप्त नभएर लगानीयोग्य पुँजीको अभाव भोगेका वाणिज्य बैंकहरूले अहिले सहज रूपमा निक्षेप बढ्दा पनि कर्जा लगानी गर्न सकेका छैनन् । नेपाल बैंकर्स संघका अनुसार गत असारयता बैंकहरूमा तीन खर्ब १० अर्ब निक्षेप थपिएको छ । अहिले कुल निक्षेप ४८ खर्ब ५१ अर्ब पुगेको छ । तर, यसबीच बैंकहरूले एक खर्ब २२ अर्ब मात्रै लगानी गरेका छन् । गत चैत मसान्तसम्म ४३ खर्ब नौ अर्ब कुल कर्जा प्रवाह भएकोमा ५ जेठसम्म आइपुग्दा १२ अर्ब ८६ करोडले कर्जा घटिसकेको छ । अहिले बैंकहरूको कर्जा लगानी ४२ खर्ब ९६ अर्ब पुगेको छ । बैंकहरूको कर्जा निक्षेपको अनुपात पनि गत साउनको तुलनामा घटिसकेको छ । गत साउनमा ८८.०७ प्रतिशतसम्म पुगेको यस्तो अनुपात घटेर वैशाखमा ८४.८८ प्रतिशत भएको छ । बैंकमा लगानीयोग्य पुँजीको प्रमुख आधार मानिएको शोधनान्तर स्थितिसमेत बचतमा गइरहँदा पनि बैंकहरूको कर्जा लगानी बढेको छैन ।

### ■ मन्दी र निष्क्रिय कर्जाको असर

बजार चलायमान नभएको र बैंकहरूको निष्क्रिय कर्जाको अनुपातमा समेत वृद्धि हुँदा कर्जा लगानी सुस्त देखिएको छ ।

चालू आर्थिक वर्षमा आर्थिक वर्ष ०७७/७८ यताकै कमजोर आर्थिक वृद्धिदर हुने राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान छ । चालू आवमा १.८६ प्रतिशतले आर्थिक वृद्धि हुने कार्यालयको अनुमान छ ।

खासगरी निर्माण र उद्योग क्षेत्रमा आएको मन्दीले आर्थिक वृद्धिदर खुम्चिने सरकारको अनुमान हो । बजारमा माग नै कमजोर हुँदा कर्जा लगानीसमेत प्रभाव भएको छ । उद्योग-व्यवसायमा आएको मन्दी र ब्याजदर वृद्धिका कारण बैंकहरूले कर्जा उठाउन सकस परिरहँदा निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भइरहेको छ ।

गत असार मसान्तसम्म १.१२ प्रतिशत पुगेको निष्क्रिय कर्जाको अनुपात बढेर चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा ३.०३ प्रतिशत पुगेको छ । जसकारण निक्षेपमा क्रमिक वृद्धि हुँदा पनि कर्जा लगानी भने बढ्न नसकेको हो ।

लामो समय आयात कडाइ गर्दा राजस्वमा परेको असरका कारण सरकारी खर्च प्रभावित भएको र यसले समस्या निम्त्याएको बैंकरहरूको भनाइ छ । नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनील केसीका अनुसार सरकारी खर्च धान्न पर्याप्त राजस्व नउठेका कारण भविष्यमा फेरि तरलताको समस्या बल्झिन सक्ने जोखिम छ । उनले भने, 'अहिले राजस्व नउठिरहेको समयमा सरकारले आन्तरिक ऋण उठाएर खर्च धानिरहेको छ । यसको असर भोलि फेरि बजारमा पर्न सक्छ । त्यसैले सावधानीपूर्वक अगाडि बढ्नुपर्ने हुन्छ ।'



**● सुनील केसी**
अध्यक्ष, नेपाल बैंकर्स एसोसिएसन

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### ■ प्राथमिक पुँजी अपुग हुँदा समस्या

बैंकहरूको प्राथमिक पुँजी अपुग हुने अवस्था आउने जोखिमका कारण बैंकहरूले कर्जा लगानी बढाउन सकेका छैनन् । गत पुससम्मको तथ्यांकअनुसार १२ वटा वाणिज्य बैंकको जोखिम सम्पत्तिका आधारमा प्राथमिक पुँजी अनुपात राष्ट्र बैंकले निर्धारण गरेको सीमाछेउछाउ छ ।

राष्ट्र बैंकका अनुसार यो अनुपात न्यूनतम ८.५ प्रतिशत हुनुपर्छ । तर, अधिकांश बैंकको यस्तो अनुपात ९ प्रतिशत हाराहारी कायम छ । जसकारण बैंकहरूले कर्जा लगानी बढाउन नसकेको बैंकरहरूले जानकारी दिएका छन् । थप कर्जा लगानी गर्दा यो अनुपात घट्ने भएपछि बैंकरहरूले हकप्रद वा पुँजीमा गणना हुने ऋणपत्र जारी गर्ने सुविधा माग गरिरहेका छन् । यी दुवै माध्यमबाट जुट्ने पुँजी प्राथमिक पुँजीमा गणना गर्न पाइन्छ ।

कम प्राथमिक पुँजी भएका बैंकहरूलाई हकप्रद जारी गर्न सक्ने व्यवस्था गरिदिन बैंकरहरूले केन्द्रीय बैंकसँग पहल गरिरहेको हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक राणाले जानकारी दिए ।

### ■ बैंकहरूको नाफा प्रभावित

गत आर्थिक वर्षको तेस्रो त्रैमाससम्म ५१ अर्ब एक करोड खुद नाफा गरेका वाणिज्य बैंकहरूले चालू आर्थिक वर्षको उही अवधिमा ४८ अर्ब १८ करोड नाफा आर्जन गरेका छन् । विगतमा २२.४१ प्रतिशतसम्म लगानी प्रतिफल दिइरहेका बैंकहरूले चालू आर्थिक वर्षको नौ महिना पुग्दा १०.८ प्रतिशत मात्रै यस्तो प्रतिफल दिइरहेका छन् । गत आर्थिक वर्षमा यस्तो प्रतिफल १३.५१ प्रतिशत थियो । बैंकहरूको नाफा संकुचित हुँदा यसले सरकारलाई बुझाउने आयकरमा समेत गिरावट आएको छ । गत आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा २१ अर्ब १६ करोडको आयकर तिरेका बैंकहरूले चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा आइपुग्दा १९ अर्ब ९९ करोड मात्रै तिरेका छन् ।

### ■ दुई खर्ब निक्षेप थपिने अनुमान

आर्थिक वर्ष सकिन करिब दुई महिना बाँकी रहँदा दुई खर्बको निक्षेप थपिने नेपाल बैंकर्स संघको अनुमान छ । आर्थिक वर्षको अन्तिममा सरकारी खर्च बढ्ने प्रवृत्ति रहेकाले निक्षेप बढ्ने अनुमान गरिएको संघका अध्यक्ष केसीले बताए । चालू आर्थिक वर्षमा १२.६ प्रतिशतले कर्जा विस्तार हुने राष्ट्र बैंकले लक्ष्य राखे पनि ६ प्रतिशतको मात्रै पुग्ने संघको अनुमान छ ।

### ■ सुधारका संकेत

पछिल्लो समय केन्द्रीय बैंकले लिएका नीतिले बैंक तथा वित्तीय संस्थाका लागि सहज वातावरण बन्दै गइरहेको संघका अध्यक्ष केसीले बताए । केन्द्रीय बैंकले प्रत्येक महिना कर्जाको ब्याजदर समायोजन गर्नुपर्ने व्यवस्था गरेपछि ब्याजदरमा थप राहत पुग्ने उनको अपेक्षा छ । उनले भने, 'अब आधार दर घटेको लाभ तुरुन्तै ऋणीले पाउने भए । नत्र तीन महिना पर्खिनुपर्ने अवस्था थियो ।'

पछिल्लो समय बैंकहरूको आधार दर पनि घट्दै गइरहेको तथ्यांकले देखाएको छ । गत माघमा १३.०३ प्रतिशत अधिकतम दरमा आधार दर पुगेको थियो । तर, अहिले चैत मसान्तसम्म आइपुग्दा यो दर १२.८४ प्रतिशत पुगिसकेको छ । आधार दर घट्दै गएर कोभिडअघिको अवस्थासम्म आइपुग्ने संकेत देखिएको केसीको भनाइ छ । घट्दो आधार दरकै कारण साउनसम्ममा ब्याजदर घट्दै जाने देखिन्छ । असार महिना पुग्दा स्प्रेड ४ प्रतिशत पुग्याउनुपर्ने भएकाले कर्जाको ब्याजदर थप घट्ने देखिएको केसीको अनुमान छ ।

नीतिगत दरमा कुनै फेरबदल नगरे पनि केन्द्रीय बैंकले बैंकदरलाई ८.५ प्रतिशतबाट ७.५ प्रतिशत पुऱ्याएर सकारात्मक सन्देश दिएको उनको बुझाइ छ । त्यस्तै, घट्दो क्रममा रहेको आयात, रेमिट्यान्समा वृद्धि, पर्यटक आगमनमा भएको वृद्धि, विदेशी मुद्राको सञ्चिति बढिरहेको जस्ता कारणले थप सुधारको संकेत दिएको उनको भनाइ छ ।

# एमसिसीको चार प्रसारण लाइन बनाउन ६ भारतीय कम्पनीको प्रस्ताव



एमसिसीको टेन्डरमा नेपाली कम्पनीहरूले प्रस्ताव गरेका छैनन्, किनकि नेपाली कम्पनीहरूको त्यो मापदण्ड नै पुग्दैन । यद्यपि, पछि सबकन्ट्र्याक्टरका रूपमा काम गर्ने विकल्प भने खुला नै छ ।

**● रवि सिंह**, अध्यक्ष, निर्माण व्यवसायी महासंघ



यो टेन्डर सबैका लागि हो । हामीले टेन्डर निश्चित देशलाई लक्षित गरेर आह्वान गरेका थिएनौं । एउटा स्ट्यान्डर्डमा सबै देशका कम्पनीका लागि यो टेन्डर आह्वान भएको हो ।

**● खड्गबहादुर विष्ट**, सिइओ, एमसिए नेपाल

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को अनुदानमा बन्ने चारवटा प्रसारण लाइन बनाउन ६ कम्पनीले बोलपल (प्रस्ताव) पेस गरेका छन् । सोमाबारसम्म म्याद रहेको टेन्डरमा त्यसमा मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडले संयुक्त प्रस्ताव पेस गरेका छन् । यसैगरी, कल्पतरु पावर ट्रान्समिसन लिमिटेड, केइसी इन्टरनेसनल लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र लार्सन एन्ड टर्बो लिमिटेडले प्रस्ताव पेस गरेका हुन् ।

एमसिसी कार्यान्वयन गर्ने निकाय मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले गत १२ मंसिर (नोभेम्बर २८) मा प्रसारण लाइन निर्माणका लागि टेन्डर आह्वान गरेको थियो । पहिलोपटक २७ मार्च ०२३ सम्मको म्यादमा अपेक्षाकृत प्रस्ताव नपरेपछि पुनः म्याद थप गरेर २२ मे (सोमबार)सम्म पुऱ्याइएको थियो । एमसिए नेपालका प्रमुख कार्यकारी अधिकृत खड्गबहादुर विष्टले अबको तीन-चार महिनामा कम्पनी छनोट प्रक्रिया टुंग्याउने बताए ।

अब प्रस्ताव पेस गरेका कम्पनीहरूको प्राविधिक मल्यांकन गर्न एमसिए नेपालमा स्वतन्त्र कमिटी छ । उनीहरूले कम्पनीहरूको प्राविधिक र फाइनान्सियल मूल्यांकन गर्नेछन् । प्राविधिक मूल्यांकनमा ६० र फाइनान्सियल ४० प्रतिशतको अंकभार रहेको छ ।

एमसिसीअन्तर्गत चार सय केभी डबल सर्किट क्षमताका तीन सय १५ किलोमिटर लम्बाइका चार प्रसारण लाइन बनाइनेछ । त्यसमा लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमि), न्यु दमौली- न्यु बुटुवल (९० किमि) प्रसारण लाइन बन्नेछन् । साथै, नेपाल-भारत दोस्रो अन्तरदेशीय प्रसारण लाइन (न्यु बुटुवल-गोरखपुर)अन्तर्गतको नेपालखण्ड (१८ किमि)समेत यसअन्तर्गत नै बन्दै छ ।

एमसिए नेपालले उक्त चार प्रसारण लाइनलाई तीन समूह (लट)मा विभाजन गरेर टेन्डर आह्वान गरेको थियो । त्यसमा समूह एकमा लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा, समूह दुईमा रातमाटे-न्यु दमौली र समूह तीनमा न्यु दमौली-न्यु बुटुवल तथा न्यु बुटुवल-नेपाल/भारत बोर्डर प्रसारण लाइन रहेका छन् । एक कम्पनीले बढीमा दुई लटसम्मको ठेक्का पाउनेछन् । छनोट हुने कम्पनीले प्रसारण लाइनहरूको प्लान्ट डिजाइन, सप्लाई, डेलिभरी, इन्स्टलेसन, टेस्टिङलगायतका काम गर्नुपर्नेछ । उक्त प्रसारण लाइनहरू बनाउन कुल १९८ मिलियन डलर खर्च लाग्ने अनुमान छ ।

अमेरिकाको ५० करोड डलर अनुदानमा बन्ने ठूलो आयोजनामा नेपाली निर्माण कम्पनीहरूले प्रस्ताव पेस गरेनन् । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले उक्त टेन्डरमा नेपाली कम्पनीहरूले प्रस्ताव पेस नगरेको बताए । यता एमसिए नेपालका सिइओ विष्टले भने यो टेन्डर सबैका लागि भएको बताए । 'हामीले यो टेन्डर निश्चित देशलाई लक्षित गरेर आह्वान गरेका थिएनौं । एउटा स्ट्यान्डर्डमा सबै देशका कम्पनीका लागि यो टेन्डर आह्वान भएको थियो,' उनले बताए ।

### ■ पूर्वतयारीको काम सुस्त

परियोजना कार्यान्वयनमा जाने मिति नजिकिँदै गर्दा पूर्वतयारीको काम भने सुस्त देखिएको छ । एमसिसीको तालिकाअनुसार आगामी अगस्ट ०२३ देखि सुरु भएर अगस्ट ०२८ भित्र सम्पन्न गरिसक्नुपर्ने बाध्यता छ । नभए उक्त आयोजनाको बाँकी काम नेपालले आफ्नै लगानी (खर्च भएकोबाहेक)मा बनाउनुपर्छ ।

प्रसारण लाइन निर्माणको टेन्डर अन्तिम चरणमा आउँदासमेत जग्गा प्राप्ति नटुंगिँदा एमसिसी कार्यान्वयन तालिका नै प्रभावित हुने देखिएको छ । परियोजना निर्माणमा जानुभन्दा अघि नै मुआब्जा वितरण गर्ने, जग्गा प्राप्ति गर्ने, रूख कटानीको स्वीकृति लिनेलगायतका तयारी पूरा गर्नुपर्नेछ । तर, तयारीको अन्तिम चरणमा आउँदासमेत यी कामहरू टुंगोमा पुगेका छैनन् ।

हालसम्म सबस्टेसनको जग्गा प्राप्ति भए पनि प्रसारण लाइनलाई चाहिने जग्गा प्राप्ति भएको छैन । एमसिए नेपालले गत माघबाट मात्रै जग्गा प्राप्तिको प्रारम्भिक प्रक्रिया अघि बढाएको छ, तर अगस्टभित्र नै जग्गा प्राप्तिको प्रक्रिया नटुंगिने देखिएको छ ।

यद्यपि, एमसिए नेपालका सिइओ खड्गबहादुर विष्ट भने पछिल्लो समय पूर्वतयारीको काम चुस्त गतिमा बढेको बताउँछन् । प्रसारण लाइनका लागि काठमाडौं, मकवानपुर, धादिङ, चितवन, सिन्धुपाल्चोक, पाल्पा, तनहुँ, रुपन्देही नवलपरासी र नवलपुर गरेर १० जिल्लामा जग्गा प्राप्ति गर्नुपर्छ । हालसम्म दुई जिल्लामा जग्गाको प्रारम्भिक प्रतिवेदन तयार भएको छ । साथै, अन्य पाँच जिल्लाको प्रारम्भिक प्रतिवेदन बन्ने तयारीमा छ । तर, जग्गाको मूल्य नै निर्धारण भएको छैन ।

### ■ एमसिसी उपाध्यक्ष नेपालमा, प्रगतिबारे जानकारी

कार्यान्वयन मिति नजिकिँदै गर्दा एमसिसीका युरोप, प्यासिफिक र लेटिन अमेरिकाका कार्यक्रम हेर्ने क्षेत्रीय उपाध्यक्ष जोनाथन ब्रुक्स विगत केही दिनयता नेपालमा छन् । उनले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री प्रकाशशरण महतसँग जग्गा प्राप्ति, खरिद प्रक्रियाजस्ता पूर्वतयारीका काममा भएको प्रगतिप्रति सन्तोष व्यक्त गरेका छन् ।

एमसिसीको ५० करोड डलर अनुदानबाट चार प्रसारण लाइन, तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ९९ किमि सडकखण्ड मर्मत गर्ने गरी सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता भएको थियो । जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो । एमसिसीको अनुदानमा तीन सबस्टेसन र सडक मर्मत पनि हुँदै छ । रातमाटे, बुटवल र दमौलीमा चार सय केभी क्षमताका एक-एकवटा सबस्टेसन बन्दै छन् । त्यसका लागि पनि अन्तर्राष्ट्रिय रूपमा टेन्डर आह्वान भइसकेको छ ।

# पासाङ दावा २७औँपटक सगरमाथा शिखरमा

**काठमाडौं**/ वरिष्ठ माउन्टेन गाइड एवं आरोही पासाङ दावा शेर्पा २७औँपटक सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगेका छन् । सोमबार बिहान ८:२५ बजे पासाङ दावाले कीर्तिमानी आरोही कामिरिता शेर्पाले बनाएको विश्व कीर्तिमानी बराबरी गरेका छन् । कामिरिता र पासाङ दावाको सगरमाथा आरोहण बराबरी हुन पुगेको सगरमाथा आधार शिविर अनुगमन समितिका अधिकृत खिमलाल गौतमले बताए । कामिरिताले गत बुधबार बिहान २७औँपटक सगरमाथाको चुचुरो चुमेर कीर्तिमानी राखेका थिए ।

खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का विख्यात आरोही पासाङ दावाले वसन्त ऋतुको एउटै सिजनमा दुईपटक सगरमाथाको सफल आरोहण गरेका हुन् । उनले ३१ वैशाखमा २६औँपटक सगरमाथाको चुचुरो चुमेका थिए । त्यसवेला पनि केही दिनअघि पासाङ दावाले कामिरिताको कीर्तिमानी बराबर गरेका थिए । पछि कामिरिताले २७औँपटक सगरमाथा चढेर आफ्नो कीर्तिमानी जोगाउन सफल भएका थिए ।



पासाङ दावाले २७औँपटक सगरमाथा आरोहण गरेर कीर्तिमानी बराबर गरेपछि कामिरिता पनि २८औँपटक आरोहणका लागि प्रयासरत छन् । मौसमले साथ दिएमा सम्भवतः मंगलबार बिहानसम्म कामिरिताले सगरमाथाको सफल आरोहण गर्ने सरकारी अनुगमन अधिकृत गौतमले बताए । यो आरोहण सफल भएमा कामिरिताले पनि एउटै सिजनमा दुईपटक चुचुरो पुग्नेछन् ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: बेनी, कास्की,
फोन: ०६९-५२१०४८

शाखा कार्यालय: मंगलबारे, इलाम
फोन: ०२७-४००१३८

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिललमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८०/०२/०९ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : बेनी, कास्की**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, म्याग्दीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०६८/०४/१९ मा दर्ता नं. ५९२/०६८/०६९ कायम भई दर्ता भएको म्याग्दी जिल्ला, दरवाङ्ग गा.वि.स./न.पा. वडा नं. १, स्थित **बुद्ध स्टेशनरी** **प्रोप्राइटर : गोविन्द थापा मगर**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दल बहादुर थापा मगर को नाति, पृथ बहादुर थापा मगरको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **गोविन्द थापा मगर (ना.प्र.प.नं. ४९१०२९/२२४०, म्याग्दी)**

२. पृथ बहादुर थापा मगरको बुहारी, गोविन्द थापा मगरको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **आकृति रोका थापा मगर (ना.प्र.प.नं. ४९-०-०६९-०१२९५,म्याग्दी)**

३. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर सिउथानीको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको काजिमान सिंथानी (ना.प्र.प.नं. ४९-०१-७१-०१२६१, म्याग्दी)

४. दल बहादुर थापा मगरको बुहारी, पृथ बहादुर सिउथानीको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **देउमाया सिउथानी (ना.प्र.प.नं. ७९, म्याग्दी)**

५. पृथ बहादुर थापा मगरको बुहारी, लोकमन थापा मगरको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **हिरामती थापा मगर (ना.प्र.प.नं. ४९-०१-७२-००५२९, म्याग्दी)**

६. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर सिउथानीको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **लोकमन थापा मगर (ना.प्र.प.नं. ४९१०२९/१२७१९, म्याग्दी)**

७. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर थापा मगरको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **पूर्ण बहादुर थापा (ना.प्र.प.नं.४९१०२९/१०६३२, म्याग्दी)**

८. पृथ बहादुर थापा मगरको बुहारी, पूर्ण बहादुर थापाको पत्नी, म्याग्दी जिल्ला, विम गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रोशना ज्ञ्यजाली (ना.प्र.प.नं.४९-०-०६९-०२८३१, म्याग्दी)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **गोविन्द थापा मगरको** नाममा मालपोत कार्यालय, म्याग्दीको लगतमा दर्ता श्रेस्ता कायम रहेको म्याग्दी जिल्ला, दरवाङ्ग गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ०-४-०-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

२. **गोविन्द थापा मगरको** नाममा मालपोत कार्यालय, म्याग्दीको लगतमा दर्ता श्रेस्ता कायम रहेको म्याग्दी जिल्ला, कुहुँ गा.वि.स./न.पा. वडा नं. ६ ङ स्थित कित्ता नं. २२९ को क्षेत्रफल १-२-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

**शाखा कार्यालय : मंगलबारे, इलाम**

**ऋणीको विवरण**

पुन्य प्रसाद भण्डारीको नाति, धनपति भण्डारीको छोरा, इलाम जिल्ला, आमचोक गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थाई ठेगाना (हाल : दमक न.पा. वडा नं. २, झापा) भएको **सोम भण्डारी (ना.प्र.प.नं. ३०७२/२६५, इलाम)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धनपति भण्डारीको बुहारी, सोम भण्डारीको पत्नी, पाँचथर जिल्ला, चासोक गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थाई ठेगाना (हाल : दमक न.पा. वडा नं. २, झापा) भएको **कल्पना आचार्य (ना.प्र.प.नं. १४२/१७२, पाँचथर)**

२. पुन्य प्रसाद भण्डारीको बुहारी, धनपति भण्डारीको पत्नी, इलाम जिल्ला, कोलवोटे गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थाई ठेगाना (हाल : दमक न.पा. वडा नं. २, झापा) भएको **दीव्यलोका भण्डारी (ना.प्र.प.नं १२२८/१७३०, इलाम)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **दीव्यलोका भण्डारीको** नाममा मालपोत कार्यालय, इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, खाम्वाङ्ग गा.वि.स./न.पा. वडा नं. ४, स्थित कित्ता नं. २२८ को क्षेत्रफल १-०-०-०(रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

२. **दीव्यलोका भण्डारीको** नाममा मालपोत कार्यालय, इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, आमचोक गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४, ४२, ६४, ११३, १६५, ३, ३६ र ४३ को क्रमश : क्षेत्रफल ३-८-०-२, ४-१-२-०, ३-७-२-३, ४-०-३-०, ४-७-२-३, ३-०-१-२, ४-३-१-२ र १-२-१-१ (रोपनी) को जग्गाहरु तथा सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/०९ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. खुद्टाखुद्टै धितोको लागि खुद्टाखुद्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०२/१५ गते सोमबार सार्वजनिक विदा परेकोले मिति २०८०/०२/१६ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०२/१७ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्टाखुद्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# बैंसीसहरमा सानिमा बैंकको शाखा

**काठमाडौं**/ सानिमा बैंक लिमिटेडले लमजुङको बैंसीसहर नगरपालिकाको त्रिवेणी टोलमा शाखा सञ्चालनमा ल्याएको छ। नयाँ शाखाको उद्घाटन बैंकका ब्रान्ड प्रवर्द्धक कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (महजोडी) तथा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पवनकुमार आचार्यले संयुक्त रूपमा गरेका हुन्।

उद्घाटनपछि महजोडीले नयाँ शाखाले सबल र विश्वसनीय बैंकका रूपमा निरन्तर विस्तार हुन र थप सफलताका लागि शुभकामना दिएका थिए। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आचार्यले बैंकका ग्राहक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा



संरक्षणका लागि कृतज्ञता व्यक्त गरेका थिए। बैंकले हाल देशका सातै प्रदेशमा एक सय ३१ कार्यालय र एक सय २२ एटिएममार्फत सेवा दिइरहेको जनाएको छ।

# मुक्तिनाथ विकास बैंकका ग्राहकलाई अरोगिन हेल्थ केयरमा छुट

**काठमाडौं**/ मुक्तिनाथ विकास बैंक लिमिटेडका ग्राहकले काठमाडौं विशालनगरमा रहेको अरोगिन हेल्थ केयर प्रालिमा विशेष छुट पाउने भएका छन्। आफ्ना ग्राहकलाई छुट दिलाउने सम्बन्धमा बैंकले अरोगिन हेल्थ केयरसँग सम्झौता गरेको हो।

सम्झौताअनुसार बैंकका भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले अरोगिन हेल्थ केयरमा विभिन्न सेवा-सुविधामा ४५ प्रतिशतसम्म छुट पाउन सक्ने बैंकले



जनाएको छ। अरोगिन हेल्थ केयरले कपाल प्रत्यारोपण, कपाल झर्ने समस्याको उपचारलगायत छाला, दाँतसम्बन्धी समस्याको समाधानलगायतका विभिन्न सुविधा दिँदै आएको जनाइएको छ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटिएम कार्ड प्रयोग गरी नेपालभरि रहेका भिसा नेटवर्कमा आबद्ध अन्य जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ।

# लक्ष्मी र सनराइज बैंकले गरे मर्जरको अन्तिम सम्झौता

नयाँ पत्रिका

लक्ष्मी बैंक र सनराइज बैंकबीच मर्जर सम्बन्धमा अन्तिम सम्झौता सम्पन्न भएको छ। सोमबार आयोजित एक कार्यक्रममा लक्ष्मी बैंकको तर्फबाट सञ्चालक दिनेश पौड्याल तथा सनराइज बैंकको तर्फबाट सञ्चालक इ. बच्छराज तातेडले मर्जरसम्बन्धी अन्तिम सम्झौतामा हस्ताक्षर गरेका हुन्।

ड्यु डिलिजेन्स अडिटरको प्रतिवेदनका आधारमा दुवै बैंक १:१ को स्वाप रेसियोमा मर्ज हुने भएका छन्। मर्ज भएपछि बन्ने संस्थाको नाम लक्ष्मी सनराइज बैंक लिमिटेड हुनेछ भने लक्ष्मी बैंकका हालका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाह मर्जरपछि बन्ने बैंकको प्रमुख कार्यकारी अधिकृत रहने जनाइएको छ। गाभिएपछि बन्ने बैंकको सञ्चालक समितिको पहिलो बैठकले सञ्चालक समितिको अध्यक्ष चयन गर्नेछ।

दुवै बैंकको साधारणसभामा सम्झौता पारित भएपछि नेपाल राष्ट्र बैंक र कम्पनी रजिस्ट्रार कार्यालयको स्वीकृति लिइनेछ। त्यसपछि दुवै बैंकले एकीकृत कारोबार सुरु गर्नेछन्। सम्पूर्ण प्रक्रियाहरू ठुंग्याई आगामी असार मसान्तभित्रै एकीकृत कारोबार सुरु गर्ने लक्ष्य राखिएको छ।

लक्ष्मी बैंकका अध्यक्ष रमण नेपाल र सनराइज बैंकका अध्यक्ष मोतीलाल




दुगडले गत पुस २५ गते मर्जरका लागि प्रारम्भिक सम्झौतामा हस्ताक्षर गरेका थिए। संयुक्त मर्जर समितिमा लक्ष्मी बैंकका तर्फबाट सञ्चालकहरू डा. मनीष थापा र स्वाति रुंगटा र सनराइज बैंकको तर्फबाट सञ्चालकहरू शारदा शर्मा र दीपक नेपाल रहेका छन्।

मर्जरपछि दुई बैंकको चुक्ता पुँजी २१ अर्ब ६५ करोड रुपैयाँ पुग्नेछ। अहिले लक्ष्मी बैंकको ११ अर्ब ५५ करोड रुपैयाँ र सनराइज बैंकको १० अर्ब ११ करोड रुपैयाँ चुक्ता पुँजी छ।

त्यस्तै, ११ अर्ब २४ करोड रुपैयाँ जगेडा कोष हुनेछ। अहिले लक्ष्मीको जगेडा कोषमा चार अर्ब ५५ करोड रुपैयाँ र सनराइजको ६ अर्ब ६९ करोड रुपैयाँ छ।

मर्जरपछिको बैंकको कर्जा दुई खर्ब ४८ अर्ब रुपैयाँ पुग्नेछ। अहिले लक्ष्मीको एक खर्ब २९ अर्ब रुपैयाँ र सनराइजको एक खर्ब १९ अर्ब रुपैयाँ छ। त्यस्तै, निक्षेप दुई खर्ब ६५ अर्ब रुपैयाँ पुग्नेछ। अहिले लक्ष्मीको एक खर्ब ४० अर्ब रुपैयाँ र सनराइज बैंकको एक खर्ब २५ अर्ब रुपैयाँ रहेको छ।

## ग्लोबल आइएमई बैंक लिमिटेडको

## तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**असन शाखा, काठमाडौं**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २५१०४२/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/०९ मा दर्ता कायम भएको **अलटेक सप्लायर्स प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : मध्यपुर थिमी न.पा. - ६, भक्तपुर
स्थायी लेखा नं. ६०९८८७८६६, मिति २०७७/०९/२४
**संचालक तथा जमानतकर्ता : संजय रिजाल**
ना.प्र.नं. ०५-०१-७०-१६५५६ जारी मिति २०७०/०४/१४, जि.प्र.का. मोरङ्ग
बाबुको नाम : दुर्गा प्रसाद रिजाल
बाजेको नाम : नारायण प्रसाद रिजाल
स्थायी ठेगाना : दुलारी - ३, मोरङ्ग
**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **दुर्गा प्रसाद रिजाल**<br>ना.प्र.नं. २७२४<br>जारी मिति २०३७/११/०९, जि.प्र.का. मोरङ्ग<br>बाबुको नाम : नारायण प्रसाद रिजाल<br>बाजेको नाम : गंगा प्रसाद रिजाल<br>स्थायी ठेगाना : दुलारी - १, मोरङ्ग | **अम्बिका रिजाल**<br>ना.प्र.नं. १४८९०<br>जारी मिति २०५१/०७/१३, जि.प्र.का. मोरङ्ग<br>बाबुको नाम : राधा कृष्ण पोखरेल<br>पतिको नाम : दुर्गा प्र. रिजाल<br>ससुराको नाम : नारायण प्रसाद रिजाल<br>स्थायी ठेगाना : दुलारी - ३, मोरङ्ग |

**कोहलपुर शाखा, बाँके**

**ऋणीको विवरण**

**हरिसरा वि.क**
ना.प्र.नं. ६३३०४६/५६, जारी मिति २०६३/११/२४, जि.प्र.का दैलेख
बाबुको नाम : नैने कामी
पतिको नाम : मन बहादुर वि.क
ससुराको नाम : टिके कामी
स्थायी ठेगाना : मालीका - ०१, दैलेख
हालको ठेगाना : विरेन्द्रनगर न.पा. - ०४, सुर्खेत
**कर्जा शिर्षक : सवारी साधन कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **मन बहादुर वि.क**<br>ना.प्र.नं. ५०३२/२१<br>जारी मिति २०६१/०२/२४, जि.प्र.का. दैलेख<br>बाबुको नाम : टिके कामी<br>बाजेका नाम : दत्त बहादुर कामी<br>स्थायी ठेगाना : मालीका - ०१, दैलेख<br>हालको ठेगाना : विरेन्द्रनगर न.पा. - ०४, सुर्खेत | **श्याम बहादुर वि.क.**<br>ना.प्र.नं. १५७१९<br>जारी मिति २०५८/०८/२८, जि.प्र.का. बर्दिया<br>बाबुको नाम : पदमे कामी<br>बाजेका नाम : नेउले वि.क<br>स्थायी ठेगाना : डेउढाकला - ०३, बर्दिया<br>हालको ठेगाना : बैजनाथ गा.पा- वडा नं ०५, बांके |
| **सुनिता वि.क**<br>ना.प्र.नं. ६५१०१५/१०२९,<br>जारी मिति २०६८/०९/१७, जि.प्र.का. बर्दिया<br>बाबुको नाम : सेते कामी<br>पतिको नाम : श्याम बहादुर वि.क.<br>ससुराको नाम : पदमे कामी<br>स्थायी ठेगाना : डेउढाकला - ०३, बर्दिया<br>हालको ठेगाना : बैजनाथ गा.पा - वडा नं ०५, बांके | **सुरविर कामी**<br>ना.प्र.नं. २६८९<br>जारी मिति २०४५/०१/१७, जि.प्र.का. बर्दिया<br>बाबुको नाम : पदमे कामी<br>बाजेका नाम : नेउले वि.क (कामी)<br>स्थायी ठेगाना : बाँसगढी न.पा. - ०९, बर्दिया |

**हिले शाखा, धनकुटा**

**ऋणीको विवरण**

**फुलमाया राई**
ना.प्र.नं. २३७५, जारी मिति २०५४/१०/०८, जि.प्र.का धनकुटा
बाबुको नाम : बल बहादुर राई
पतिको नाम : गोविन्द राई
ससुराको नाम : पुर्ण बहादुर राई
स्थायी ठेगाना : धनकुटा - ०१, धनकुटा
**कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **सुनिता राई**<br>ना.प्र.नं. ०७-०१-७६-०१५१०<br>जारी मिति २०७६/०५/१५, जि.प्र.का. धनकुटा<br>बाबुको नाम : गोविन्द राई<br>बाजेका नाम : पुर्ण बहादुर राई<br>स्थायी ठेगाना : धनकुटा न.पा. - ०१, धनकुटा | **साजन राई**<br>ना.प्र.नं. ०७-०१-७७-०२४६७<br>जारी मिति २०७७/१२/०४, जि.प्र.का. धनकुटा<br>बाबुको नाम : गोविन्द राई<br>बाजेका नाम : पुर्ण बहादुर राई<br>स्थायी ठेगाना : धनकुटा न.पा. - ०१, धनकुटा |

**अतरिया शाखा, कैलाली**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १६५४९/०६८/०६९ अन्तर्गत मिति २०६८/१२/१४ मा दर्ता कायम भएको **तौसी ट्रेडर्स एण्ड सप्लायर्स**
फर्म दर्ता ठेगाना : चौमाला - ४, कैलाली
स्थायी लेखा नं. ३०५४९०१०६ मिति : २०६८/१२/१४
**प्रोप्राइटर तथा जमानकर्ता : राम बहादुर बिष्ट**
ना.प्र.नं. १८१६६, जारी मिति २०५०/१०/२५, जि.प्र.का. कैलाली
बाबुको नाम : केशर सिं. बिष्ट
बाजेको नाम : जहर सिं. बिष्ट
स्थायी ठेगाना : चौमाला - ४, कैलाली
**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **सरु देबी बिष्ट**<br>ना.प्र.नं. १८१८५<br>जारी मिति २०५०/१०/२५, जि.प्र.का. कैलाली<br>बाबुको नाम : पदम सिं. ऐर<br>पतिको नाम : राम बहादुर बिष्ट<br>ससुरको नाम : केसर सिं. बिष्ट<br>स्थायी ठेगाना : चौमाला - ४, कैलाली | **केसर सिं बिष्ट**<br>ना.प्र.नं. २३७<br>जारी मिति २०४४/१२/१६, जि.प्र.का. कैलाली<br>बाबुको नाम : जहर सिं. बिष्ट<br>बाजको नाम : पदम बहादुर बिष्ट<br>स्थायी ठेगाना : चौमाला - ४, कैलाली |

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

## नबिल बैंक लिमिटेड, बर्दिवास शाखा, महोत्तरी तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०२/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१. **ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं.२, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा, मितिः २०७५/१२/१३ मा प्रा.फ.नं ६२१९/२४/०७५/०७६, अन्तर्गत दर्ता भएको **श्री शिव पोल्ट्री फार्म।**
ठेगानाः महोत्तरी जिल्ला औरही नगरपालिका वडा नं १।

**ऋणी फर्मका प्रोप्राइटरको विवरण**

सरजुग यादवको नाति राजी यादवको छोरा महोत्तरी औरही गा.वि.स. वडा नं. ०२ बस्ने नागरिकता नं. ०३३५३१५२, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०५६/०२/२८) भएको **श्री नागेन्द्र यादव।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बाबु लाल यादवको नाति सरजुग यादवको छोरा महोत्तरी औरही गाउँ पन्चायत वडा नं. ०१ बस्ने नागरिकता नं. ०३३६००५१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०४२/०७/२०) भएको **श्री राजी यादव।**
२. जामुन अधिकारीकी छोरी सरजुग यादवकी बुहारी राजी यादवकी श्रीमती महोत्तरी जिल्ला औरही गाउँ पन्चायत वडा नं. ०१ बस्ने नागरिकता नं. ०३३६००५०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०४२/०७/२५) भएको **श्रीमती जय देव देवी।**
३. राम चन्द्र यादवकी छोरी राजी यादवकी बुहारी नागेन्द यादवकी श्रीमती महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०२ बस्ने नागरिकता नं. १८३०६४/७००, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०६३/१०/२५) भएको **श्रीमती सुसिला यादव।**

२. **ऋणीको विवरण**

सरजुग यादवको नाति राजी यादवको छोरा महोत्तरी औरही गा.वि.स. वडा नं. ०२ बस्ने नागरिकता नं. ०३३५३१५२, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०५६/०२/२८) भएको **श्री नागेन्द्र यादव।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बाबु लाल यादवको नाति सरजुग यादवको छोरा महोत्तरी औरही गाउँ पन्चायत वडा नं. ०१ बस्ने नागरिकता नं. ०३३६००५१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०४२/०७/२०) भएको **श्री राजी यादव।**
२. जामुन अधिकारीकी छोरी सरजुग यादवकी बुहारी राजी यादवकी श्रीमती महोत्तरी जिल्ला औरही गाउँ पन्चायत वडा नं. ०१ बस्ने नागरिकता नं. ०३३६००५०, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०४२/०७/२५) भएको **श्रीमती जय देव देवी।**
३. राम चन्द्र यादवकी छोरी राजी यादवकी बुहारी नागेन्द यादवकी श्रीमती महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०२ बस्ने नागरिकता नं. १८३०६४/७००, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०६३/१०/२५) भएको **श्रीमती सुसिला यादव।**

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

महोत्तरी जिल्ला औरही गाउँ पन्चायत वडा नं. ०१ बस्ने श्रीमती जय देव देवीको नाममा दर्ता भई यस बैंकको पक्षमा ऋणी **श्री नागेन्द्र यादव** र **श्री शिव पोल्ट्री फार्म**को नाममा संयुक्त रुपमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ३क मा अवस्थित क्रमशः कि.नं. ७३ र १७६० क्षेत्रफल क्रमशः १-३-०, र ०-०-५ विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत

३. **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७५/०८/२३ मा दर्ता नं. २०४०२१/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री जन कल्याण कृषि फार्म प्रा. लि.।**
ठेगानाः महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. १२, कान्ती बजार ।

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बिन्दु महतोको नाति राम बहादुर महतोको छोरा महोत्तरी जिल्ला लक्ष्मनिया गा.वि.स. वडा नं. ०९ बस्ने नागरिकता नं. ०४९०३७४५, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०५६/१२/१८) भएको **श्री हरिदेव कुमार महतो।**
२. सीताराम महतोकी छोरी राम बहादुर महतोकी बुहारी हरिदेव कुमार महतोकी श्रीमती महोत्तरी जिल्ला लक्ष्मनिया गा.वि.स. वडा नं. ०९ बस्ने नागरिकता नं. १८२०६८/५४७, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: महोत्तरी, मिति : वि.सं. २०६९/०१/२६) भएकी **श्रीमती रीता कुमारी देवि।**

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. महोत्तरी जिल्ला लक्ष्मनिया गा.वि.स. वडा नं. ०९ बस्ने **श्रीमती रीता कुमारी देवि**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला भरतपुर न.पा. वडा नं. ९ ग मा अवस्थित क्रमशः कि.नं. २६६ र ४५३ क्षेत्रफल क्रमशः ०-३-०-०, र ०-२-०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. महोत्तरी जिल्ला लक्ष्मनिया गा.वि.स. वडा नं. ०९ बस्ने **श्रीमती रीता कुमारी देवि**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला १ नं. बहादुरगंज गा.वि.स. वडा नं. ९क मा अवस्थित कि.नं. १११ क्षेत्रफल ०-२-०-० विघाहामा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# दुग्ध व्यवसायलाई व्यवस्थित गर्नुपर्नेमा जोड



**बुटवल**/ दुग्ध व्यवसायमा अस्वस्थ प्रतिस्पर्धाका साथै बजारमा न्यून गुणस्तरको दूध बिक्री-वितरण भइरहेको भन्दै त्यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिइएको छ। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा संघअन्तर्गत गठित डेरी वस्तुगत समितिको संयोजनमा बुटवलमा भएको अन्तर्क्रिया कार्यक्रममा उक्त कुरामा जोड दिइएको हो।

उपभोक्तालाई स्वच्छ र स्वास्थ्यकर दूध तथा दुग्धजन्य उत्पादनको परिपूर्तिका लागि नियमनकारी निकायले कडाइका साथ मापदण्ड कार्यान्वयन गर्नुपर्ने बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष उज्ज्वलप्रसाद कसजूले बताए। अस्वस्थ प्रतिस्पर्धा गर्ने व्यवसायीका कारण मापदण्डअनुसार सञ्चालन भएका व्यवसायलाई चुनौती भएको उनको भनाइ थियो। उनले सम्बन्धित व्यवसायीहरू एकजुट भएर मापदण्ड कार्यान्वयनका लागि पहल गर्न पनि सुझाव दिए।

बुटवल उपमहानगरपालिका शिक्षा, स्वास्थ्य तथा वित्त महाशाखा प्रमुख मित्रमणि खनालले बजारलाई व्यवस्थित गर्नका लागि उपमहानगरपालिकाले काम गरिरहेको बताए। दूधको गुणस्तर, खाद्य ऐन, अनुगमन, व्यवसाय दर्ता, मापदण्डलगायतबारे उनले जानकारी गराएका थिए।

डेरी वस्तुगत समितिका सभापति गणेशसिंह भण्डारीले विनादर्ता व्यवसाय गरिरहेका व्यवसायीलाई दर्ताको प्रक्रियामा आउन र मापदण्ड पालना गर्न आग्रह गरे। नेपाल डेरी एसोसिएसनका थानेश्वर न्यौपाने, व्यवसायीहरू गोपाल पौडेल, जीवलाल न्यौपानेलगायतले व्यवसायीका समस्या तथा चुनौतीबारे धारणा राखेका थिए।

त्यस्तै, संघका वरिष्ठ उपाध्यक्ष दिनेशप्रसाद श्रेष्ठ, महासचिव विमलराज भट्टराई, कार्यसमिति सदस्यहरू वसन्तप्रसाद ढकाल, उपभोक्ता हित संरक्षण मञ्चका समुन्द्र जिसी, लुम्बिनी दुग्ध वितरण आयोजनाका प्रमुख योगेश्वर शाह, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका कार्यालय प्रमुख विमलकुमार दाहाललगायतले मापदण्डको पालना गर्दै मर्यादित व्यवसाय सञ्चालनका लागि आग्रह गरे।

# मनास्लु र अन्नपूर्णलाई जोडेर नयाँ पदमार्ग निर्माण गरिने

लमजुङमा **शान्ता कमली**



पर्यटन प्रवर्द्धनको क्षेत्रमा विभिन्न काम गर्दै आएको ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान)ले लमजुङमा नयाँ पदमार्ग निर्माण गर्ने भएको छ। टानले गोरखाको अजिरकोट गाउँपालिका र लमजुङको पूर्वी-उत्तरी क्षेत्रहरू, दोर्दी, दूधपोखरी र मर्स्याङ्दी गाउँपालिकालाई जोडेर पर्वतीय पर्यटन प्रवर्द्धनको कार्यक्रम बनाएको हो।

टानका अध्यक्ष नीलहरि बाँस्तोलाले दोर्दी गाउँपालिकामा भएको स्थानीय तह प्रमुखहरूसँगको बैठकले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम तय गरेको बताए। जसअनुसार बुद्ध हिमाल, हिमालचुली, ग्रेट लेक सर्किट ट्रेलका लागि गोरखाको अजिरकोट गाउँपालिका, लमजुङको दोर्दी, दूधपोखरी र मर्स्याङ्दी गाउँपालिकाबीच समझदारीपत्रमा हस्ताक्षर गरेको उनको भनाइ छ।

सम्झौतामा टानका अध्यक्ष बाँस्तोला, अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटा, दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ र दूधपोखरी गाउँपालिकाका अध्यक्ष धनप्रसाद गुरुङले हस्ताक्षर गरेको जनाइएको छ। उक्त सर्किट ट्रेल निर्माणका लागि दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीको संयोजकत्वमा समन्वय समितिसमेत निर्माण गरिएको छ। समितिका सदस्यहरूमा मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ, अजिरकोट गाउँपालिका अध्यक्ष दीपक देवकोटा, दूधपोखरी गाउँपालिका अध्यक्ष धनप्रसाद गुरुङ र टानका द्वितीय उपाध्यक्ष धनबहादुर गुरुङ रहेका छन्। यसैगरी, बुद्ध हिमाल, हिमालचुली, ग्रेट लेक सर्किट ट्रेल निर्माणका लागि अजिरकोट र दूधपोखरी गाउँपालिकाको सिमानामा राइनास नगरपालिका, दोर्दी गाउँपालिका र मर्स्याङ्दी गाउँपालिकाको सिमानामा बैंसीसहर नगरपालिका भएकाले राइनास र बैंसीसहर साझेदारी र सहकार्य गर्नका लागि राइनास नगरपालिका, बैंसीसहर नगरपालिका र नासो गाउँपालिकालाई समावेश गर्ने निर्णय गरिएको छ।

सम्झौताअनुसार उक्त पदमार्ग निर्माणका लागि प्रत्येक स्थानीय तहले आवश्यक वजेट विनियोजन गर्ने र त्यसको प्राविधिक तथा प्रवर्द्धनात्मक संयोजन टानले गर्ने टानका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र सेढाईले बताए। सम्झौतासँगै अब नयाँ पदमार्गको खोजी गरी प्रोफाइल तयार गर्ने, पदमार्ग विकासका लागि योजना तयार गर्ने, योजना तथा डिपिआर तयार गर्ने, नयाँ पदमार्गको प्रवर्द्धनका लागि ब्रोसियर, वृत्तचित्र र पर्यटन पदयात्रा नक्सा तयार गरिनेछ। नयाँ पदमार्गभित्र अजिरकोट, नागे पोखरी, दूधपोखरी, लिपे लेक, मे

## मन्त्रीज्यूलाई...

पृष्ठ १ बाट क्रमशः

सहायक सिडिओको अध्यक्षतामा बनेको समितिको म्याद लम्ब्याएर कार्यादेशसमेत थपिदिएका थिए ।

सो समितिलाई उपसमिति गठन गर्ने अधिकार दिनुका साथै बालकृष्ण पन्थी नेतृत्वको कार्यदल कार्यान्वयनका लागि ठोस राय दिनसमेत भनिएको थियो । सोही समितिमार्फत छुट शरणार्थीको नाममा पैसा असुलिएका व्यक्तिहरूको नाम थप्ने योजना बनेको थियो । तर, उपसमितिले स्वार्थअनुसार काम नगरेपछि गृह मन्त्रालयमै प्रतिवेदन किर्ते गरेर आठ सय ७५ जनाको नाम थपिएको प्रहरी अनुसन्धानको निष्कर्ष छ ।

सचिव पाण्डेले प्रतिवेदन किर्तेबारे आफूलाई कुनै जानकारी नभएको बयान दिएका छन् । मन्त्रीका लागि पैसा मागेको र आफूले कुनै लाभ पनि नलिएको उनको दाबी छ । दुलालसँग उनले 'मन्त्रीज्यूको गिफ्ट के हुँदै छ' भनेर बारम्बार सोधेकोसमेत अनुसन्धानमा खुलेको छ । गिफ्ट भनेर पैसाको ताकेता गरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन् ।

पाण्डे र दुलालबीचकै कुराकानीमा खाणका स्वकीय सचिव रहेका नरेन्द्र केसीलाई पनि पैसा दिने उल्लेख छ । 'नरेन्द्र केसीले पनि आस गर्छ, त्यसलाई पाँच लाख फालिदिनुपर्ला' भनेर पाण्डेले दुलाललाई भनेका छन् । सोहीअनुसार पैसा दिइएको दुलालको बयान छ ।

**भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण कसुरमा पनि अनुसन्धान गर्न सिफारिस**

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाइदिने भन्दै गरिएको बहुचर्चित ठगी प्रकरणमा प्रहरीले ५८औँ दिनमा अनुसन्धान टुंग्याएको छ । पक्राउ परेका १६ सहित ३३ जनाविरुद्ध २७ करोड ८४ लाख बिगो कायम गरी कम्तीमा तीन मुद्दा चलाउनुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन प्रहरीले सोमबार सरकारी वकिल कार्यालयमा बुझाएको हो ।

ठगी, संगठित अपराध र राज्यविरुद्धको अपराध मुद्दाका साथै भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पनि अनुसन्धान गर्नुपर्ने प्रहरीको सिफारिस छ । सरकारी ओहोदामा रहेकाविरुद्ध भ्रष्टाचार र अन्यविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत अनुसन्धान गर्नुपर्ने राय दिइएको छ ।

सूक्ष्म रूपमा अनुसन्धान गर्दा देखिएका प्रमाणका आधारमा अभियोजन गर्न सिफारिससहित प्रतिवेदन बुझाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले बताए । पक्राउ परेका र फरार अभियुक्तहरूविरुद्ध यथेष्ट प्रमाण पेस गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीबाट अनुसन्धान प्रतिवेदन पाएपछि जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं अभियोजनको तयारीमा जुटेको छ । ६० दिनको हदम्यादका कारण बुधबारसम्म मुद्दा दर्ता गरिसक्नुपर्ने हुन्छ । जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले पक्राउ अभियुक्तविरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र ठगी कसुरअन्तर्गतकै मुद्दा चलाउने गरी मिसिल अध्ययन भइरहेको बताए ।

'अनुसन्धान प्रतिवेदन भर्खरै हामीकहाँ पेस भएको छ । प्रहरीले अभियुक्तविरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र ठगी कसुरअन्तर्गतको मुद्दा नै चलाउनुपर्ने माग गरेको छ । कसलाई कुन मुद्दा चलाउने निर्णय गर्ने काम सरकारी वकिलको हो । मिसिल अध्ययन भइरहेको छ । अभियुक्तविरुद्ध प्रहरीले माग गरेअनुसार कै मुद्दा पनि चल्न सक्छन्,' न्यौपानेले भने ।

सरकारी वकिल कार्यालयका अनुसार अभियुक्तविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार पनि मुद्दा चलाउनुपर्ने अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । विशेष सरकारी ओहोदामा रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे र पूर्वसुरक्षा सल्लाहकार इन्द्रजित राईविरुद्ध भ्रष्टाचारको मुद्दा लगाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उल्लंघन भएको हुँदा उनीहरूविरुद्ध भ्रष्टाचार मुद्दा पनि लगाउनुपर्ने प्रतिवेदनमा सिफारिस गरिएको छ । सो दफामा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्न नहुने उल्लेख छ । कसैले त्यस्तो कसुर गरे तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना वा बिगो दाबी भएजति रकम असुल गरिने कानुनी व्यवस्था छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ मा भनिएको छ, 'कुनै राष्ट्रसेवकले वा अरू कुनै व्यक्तिले गैरकानुनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद वा बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना गरी बिगो असुल गरिनेछ । बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।' यसका लागि सरकारी वकिल कार्यालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रतिवेदन पठाउनेछ ।

अन्य अभियुक्तहरूको सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सम्पत्ति छानबिन गर्न पनि अनुसन्धान प्रतिवेदनमा भनिएको छ । सरकारी वकिल कार्यालयका प्रमुख न्यौपानेले अभियुक्तविरुद्ध सम्पत्ति छानबिन गर्न अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको बताए । 'पक्राउ अभियुक्तविरुद्धको सम्पत्ति छानबिन गर्न अनुसन्धान प्रतिवेदनमा भनिएको छ । मिसिल अध्ययन गर्ने क्रम भर्खर सुरु भएको छ । प्रहरीले उठाएका विषयमा बिस्तारै अध्ययन हुँदै जाला,' उनले भने ।

स्रोतका अनुसार पक्राउ परेका अधिकांश 'हाई प्रोफाइल'ले इन्कारी बयान दिएका छन् । केहीले भने अप्रत्यक्ष रूपमा आफूले सहयोग गरेको, तर लाभ नलिएको बयान दिएका छन् ।

**आठजनाविरुद्ध प्रमाण जुटेन**

अभियुक्तहरूले बयानमा पोलेका थप आठजनाविरुद्ध प्रमाण जुट्न नसकेको प्रहरीले जनाएको छ । जसमा पूर्वगृहमन्त्री रामबहादुर थापा बादल, उनकी पत्नी नैनकला थापा, पूर्वगृहसचिवद्वय प्रेमकुमार राई र महेश्वर न्यौपाने, पूर्वप्रधानमन्त्री केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, एमालेका पूर्वप्रदेशमन्त्री डा. अजयक्रान्ति शाक्य, टोपबहादुर रायमाझीका सहयोगी लीला जिसी र एमालेमै आबद्ध राजेश्वर स्थापित छन् । उनीहरूमध्ये लीला जिसीलाई प्रहरीले पक्राउ नै गरेको थियो । तर, उनको नाम लिएका बिचौलियाले पहिचान नै गर्न नसकेपछि छाडिएको स्रोत बताउँछ । प्रहरीले बुझाएको प्रतिवेदनमा प्रमाण खुलेका बखत पूरक अभियोग अघि बढाउने उल्लेख छ । तथ्य र प्रमाण खुलेका वेला थप व्यक्तिविरुद्ध पूरक अभियोग अघि बढाइने काठमाडौं परिसरका एसएसपी कार्की बताउँछन् ।

## मधेस प्रदेशकै...

पृष्ठ १ बाट क्रमशः

सिराहाको मिर्चैया नगरपालिका- ५ मटिर्यवाबाट प्रादेशिक अस्पताल आएका जोगिन्द्र साहले सातामा दुई दिन आफ्नो डायलाइसिसको पालो आउने गरे पनि पछिल्लो समय विद्युत् आपूर्तिको वहानमा पर्याप्त डायलाइसिस गर्न नपाएको गुनासो गरे । चार घन्टा नियमित रूपमा डायलाइसिस गर्नुपर्ने भए पनि विद्युत् आपूर्ति नियमित नहुँदा आधा-एक घन्टा मात्रै गर्दा श्वासप्रश्वासमा अप्ठ्यारो महसुस भएको उनले बताए ।

सिराहाकै औरही गाउँपालिका- ३ इटाटारका रामबालक यादवले डायलाइसिस गर्न नपाएपछि चर्को घाममा सडक आन्दोलनमा उत्रिन बाध्य भएको सुनाए । आन्दोलनकै क्रममा उनले भने, 'मलाई असहज भइरहेको छ । नियमित डायलाइसिस नभए स्वास्थ्यमा समस्या आउँछ । विद्युत् प्राधिकरण र अस्पताल प्रशासनको लापरबाहीले हाम्रो ज्यान नै जोखिममा परेको छ ।' प्रादेशिक अस्पताल सिराहामा ४६ बिरामीले नियमित डायलाइसिस गराउँदै आएका छन् ।

विद्युत् प्राधिकरण सिराहा वितरण केन्द्रका निमित्त प्रमुख इन्जिनियर उदय कर्णले सदरमुकाम क्षेत्रमा भत्काएको घरमा जोडर प्रयोग गर्ने क्रममा विद्युत् काटिएको बताए । पूरै बजार क्षेत्रको एउटै स्विच रहेको र त्यहाँ अफ गर्दा अस्पतालमा पनि लाइन गएको उनको भनाइ छ । 'प्राधिकरणको गेटछेउमा स्विच छ, सबै कन्ट्रोल त्यहींबाट हुन्छ,' उनले भने, 'भत्काएको घरमा डोजर चलाउँदा बिहान ९ बजे विद्युत् आपूर्ति बन्द गरेपछि अस्पतालमा पनि असर पऱ्यो । आन्दोलन गरेको खबर आएपछि अन्य ठाउँको ट्रान्सफर्मर लाइन कटौती गरी साढे १२ बजेतिर अस्पतालमा विद्युत् छोडियो ।'

तर, बिरामी तथा स्थानीयहरू अस्पतालमा विद्युत्को समस्या एक दिन मात्रै नभएर एक महिनाभन्दा बढी समयदेखि देखिएको बताउँछन् । स्थानीय अगुवा रामकिशोर यादवले विद्युत् आपूर्ति नियमित गरेर डायलाइसिस सेवा पूर्ण रूपमा प्रदान गर्नुपर्ने माग गरे । 'अस्पतालजस्तो संवेदनशील ठाउँमा यस्तो लापरबाही हुनुहुँदैन । बिरामीको जिउज्यानको विषय जोडिएको छ,' उनले भने, 'नियमित विद्युत् र भैपरी आउँदा चाहिने जेनेरेटरको व्यवस्था तत्काल गरिनुपर्छ ।'

अस्पतालले भने भएको जेनेरेटर पूर्ण रूपमा जलेपछि नयाँ किन्न बजेट नभएको र प्रदेशको सामाजिक विकास मन्त्रालयलाई पत्राचार गरेको जनाएको छ । अस्पतालका सूचना अधिकारी अशोककुमार सिंहले भने, 'नयाँ जेनेरेटर जोड्न पैसा छैन, प्रदेश सरकारसँग माग गरिएको छ । पुरानो जेनेरेटर जलेलगत्तै सामाजिक विकास मन्त्रालयमा पत्राचार भएको हो । बजेट पठाउने आश्वासन आएको छ, तर अहिलेसम्म प्राप्त भएको छैन ।' प्रादेशिक अस्पताल सिराहा मधेस प्रदेशको स्वास्थ्य निर्देशनालयले विभिन्न सूचकको आधारमा प्रदेशको एक नम्बरमा सूचीकृत गरेको अस्पताल हो ।


**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०८०/२/५ गते खोकना देखि पाटन ढोकासम्म जाने क्रममा मेरोनिम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएकोले भेटाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।

**नाम : जसना महर्जन**
Symbol No. : 22508447
Reg. No. 783250570154
Contact : 9849644352


## बचतकर्ताको...

पृष्ठ १ बाट क्रमशः

फरार भएपछि हाम्रो बिचल्ली भएको छ,' कार्कीले भने, 'सहकारीमा सेयर सदस्यभन्दा गैरसेयर सदस्यको कारोबार बढी देखिएको छ । हामीले प्रशासनमा उजुरी दिएका छौं । हेर्रौं के हुन्छ ?' मेयर नेपालीले सहकारीको रकम घरजग्गामा लगानी गरेका थिए । तर, घरजग्गा व्यवसायमा गिरावट आएपछि रकम फिर्ता गर्न नसकेपछि उनी फरार भएका हुन् । उनले पछिल्ला वर्षमा मात्र पोखरा, बागलुङ बजार र ढोरपाटको बुर्तिवाङमा घर किनेका थिए ।

जिल्ला प्रहरी कार्यालय बागलुङका इन्स्पेक्टर योगेन्द्र खड्काका अनुसार मेयर नेपाली ५ जेठदेखि परिवारसहित सम्पर्कविहीन छन्, उनको मोबाइल पनि स्विचअफ छ । सहकारीका अन्य सञ्चालकले पनि मोबाइल अफ गरेका छन् । १ जेठमा बागलुङ बजारबाट बुर्तिबाङ हिँडेका नेपाली ५ जेठमा सपरिवार बुर्तिबाङ बजारबाट सम्पर्कविहीन भएका हुन् । बचतकर्ताले पैसा फिर्ता माग्न थालेपछि सहकारीले तरलता अभाव रहेको भन्दै गत ६ वैशाखमै कारोबार बन्द गरेको थियो । मेयर नेपालीले १ जेठमा सेयर सदस्य र बचतकर्तालाई बागलुङ बजारमा भेला गराएर 'आफ्नो सम्पत्ति बेचेर भए पनि पैसा फिर्ता गर्ने' भन्दै ६ महिनाको समय मागेका थिए ।


**हार्दिक श्रद्धाञ्जली**



जन्म मितिः वि.सं. १९९०/४/१ गते

स्वर्गारोहण मितिः वि.सं. २०८०/१/२८ गते

**स्व.सिताराम रिजाल (लोकनाथ)**

नेपाल खुला विश्वविद्यालय, विज्ञान, स्वास्थ्य तथा प्रविधि संकायका डीन प्रा.डा. केदार प्रसाद रिजालका पुजनिय बुवा **श्री सिताराम रिजाल (लोकनाथ)**को असामायिक स्वर्गारोहण भएको आज १३औं दिनको पूण्यतिथीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि ईश्वरसँग प्रार्थना गर्दछौं ।

**नेपाल खुला विश्वविद्यालय परिवार**
**मानभवन, ललितपुर ।**



**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन तथा भू संरक्षण विभाग**
**संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र**
**कुलेखानी, मकवानपुर**

**प्रस्ताव आव्हानको सूचना**

यस केन्द्रको चालू आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम तर्फ सम्वृद्धिका लागि वन अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम यस केन्द्र मार्फत संचालन गर्न इच्छुक समूहबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी सिलबन्दी प्रस्ताव संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, मकवानपुरमा पेश गर्नुहुन सूचित गरिन्छ । साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरु छनौटको प्रक्रियामा समावेश गरिने छैन ।

तपसिल

| सि.नं | कार्यक्रमको नाम | एकाई | संख्या | रकम रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि वन प्रवर्धन कार्यक्रम | २.५ हेक्टर | २ | ५ प्रति हेक्टर | |

प्रस्तावना साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :

- लिखित निवेदन सहित समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि समूहको निर्णय, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपिका साथै स्थानीय तहको सिफारिस पत्र ।
- प्रस्तावित जग्गाको नापि नक्सा सहितको जग्गाधनी प्रमाण पत्रका प्रतिलिपिहरु
- कृषि वन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्ने प्रस्तावना (विस्तृत क्रियाकलाप सहितको योजना)
- उपयुक्त कृषि वन प्रणाली (कृषि/बागवानी र वन पद्धति)

थप जानकारीका लागि Email ID: info@fwmrc.gov.np 9855010242



**नबिल बैंक लिमिटेड, महाराजगंज शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/०२/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा धितो जमानतकर्ताहरु सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी कम्पनी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी कम्पनी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी कंपनीका नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति : २०७५/०२/०७ मा दर्ता नं. १८९७७१/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री फोटो काठमाण्डौ प्रा. लि.** । ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३, बसुन्धारा ।

**कम्पनीका सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. हरि प्रसाद लुईटेलको नाति, नारायण प्रसाद लुईटेलको छोरा, सर्लाही जिल्ला अत्रौली गा.वि.स. वडा नं. ३ स्थायी घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ०३०७००१३० (जारी मिति : २०५५/१२/३० स्थान सर्लाही) भएको **श्री रुद्र प्रसाद लुईटेल ।**

२. छवि लाल उपाध्यायको नाति, बेद कृष्ण काफ्लेको छोरा, धनुषा जिल्ला स. महेन्द्रनगर गाउँ पन्चायत, वडा नं. १ स्थायी घर भई हाल धनुषा जिल्ला छिरेश्वर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ८११३२८६२ (जारी मिति : २०४१/०१/२० स्थान धनुषा) भएको **श्री उपराज काफ्ले ।**

३. प्रजापति अधिकारीकी छोरी, जिवनाथ दाहालकी बुहारी, दिप प्रसाद दाहालकी श्रीमती, ओखलढुङ्गा जिल्ला कुन्तादेवी गाउँ पन्चायत, वडा नं. ५ स्थाई घर भई हाल सर्लाही जिल्ला बागमती न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २२३४/३८२ (जारी मिति : २०४६/०२/२७ स्थान ओखलढुङ्गा) भएको **श्रीमती ईश्वरी दाहाल ।**

४. देवी प्रसाद दाहालको नाति, जिवनाथ दाहालको छोरा, ओखलढुङ्गा जिल्ला कुन्तादेवी गाउँ पन्चायत, वडा नं. ५ स्थायी घर भई हाल सर्लाही जिल्ला बागमती न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २२३२/६८३८१ (जारी मिति : २०४६/०२/२७ स्थान ओखलढुङ्गा) भएको **श्री दिप प्रसाद दाहाल ।**

५. दिप प्रसाद दाहालकी छोरी, नारायण प्रसाद लुईटेलकी बुहारी, रुद्र प्रसाद लुईटेलकी श्रीमती, ओखलढुङ्गा जिल्ला कुन्तादेवी गाउँ पन्चायत, वडा नं. ५ स्थाई घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ०४१६९५/५९ (जारी मिति : २०५७/०९/२६ स्थान ओखलढुङ्गा) भएको **श्रीमती ढक कुमारी दाहाल ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

ओखलढुङ्गा जिल्ला कुन्तादेवी गाउँ पन्चायत, वडा नं. ५ स्थाई घर भई हाल सर्लाही जिल्ला बागमती न.पा. वडा नं. ६ **श्रीमती ईश्वरी दाहाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक सर्लाही जिल्ला, निर्माणपुर गा.वि.स. वडा नं. ६ हाल सर्लाही जिल्ला बागमती नगरपालिका, वडा नं. ६ मा अवस्थित कि.नं. क्रमशः २७६ र २७७ क्षेत्रफल क्रमशः ०-४-१७½ र ०-४-१७½ विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**NABIL BANK®**
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१



# Neelakantha Municipality
## Office Of Municipal Executive
**Dhadingbesi, Dhading**

## Invitation For Bids

**Date Of Publication: 23th May 2023**

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive/Sealed Quotation Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

| S. N | Identifiction No. | Name Of Project | Estimated Amount (without VAT & Contingencies) NRs | Bid Document Fee(NRs) | Bank Address for Bid Document Fee | Bid Security Amount(NRs) | Bank Address for Bid Security Amount | Last Date Of Bid Submission | Bid Validity/Bid Bond Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NEE-S.Q:-15/079/80 | Procurement And Supply Of Steel Parts Fabrication Of Trail Bridge | 15,42,432.5 | 1,000.00 | Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006 | 46,000.00 | Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006 | 6th June- 2023 at 12:00 Hrs | 45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid. |
| 2 | NEE-NCB:-18/079/80 | Rayatar-Alchi Dada Ground Road Blacktopping Works | 1,31,34,035.63 | 3,000.00 | | 3,94,000.00 | | 22th June-2023 at 12:00 Hrs | 90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid. |
| **S. N** | **Identifiction No.** | **Name Of Project** | **Minimum Average Annual Turnover best three (3) year within the last ten(10) years (NRs)** | **Minimum work experience in similar size of nature (NRs)** | | **Bid Document Fee (NRs)** | **Bid Security Amount (NRs)** | | |
| 3 | NEE-NCB:-19/079/80 | Administrative Building Construction Works | 6,50,00,000.00 | 8,20,85,000.00 | | 10,000.00 | 41,00,000.00 | | 120 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid. |

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 6th June of 14:00 Hrs 2023 for NEE-S.Q:-15/079/80 and 22th June 2023 of 14:00 Hrs for NEE-NCB:-18/079/80 & NEE-NCB:-19/079/80 at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

मंगलबार ९ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ काभा महिला भलिबल च्यालेन्ज कप

# साबिक विजेता नेपालको सानदार जित

## पहिलो खेलमा नेपालद्वारा किर्गिस्तान ३-० को सीधा सेटमा पराजित

रमेश सुवेदी/नयाँ पत्रिका

दुई वर्षपछि अन्तर्राष्ट्रिय कोर्टमा उत्रेको नेपाली राष्ट्रिय महिला भलिबल टोलीले काभा महिला भलिबल च्यालेन्ज कपमा सोमबार किर्गिस्तानलाई २५-११, २५-१९ र २१-११ को सोझो सेटमा पराजित गरेको छ। स्पाइकरद्वय उषा भण्डारी र निरुता ठगुन्नाले उत्कृष्ट प्रदर्शन गरेपछि नेपाल किर्गिस्तानमाथि सहज जित निकाल्दै समूह 'ए'मा तीन अंक जोडेको छ।

समूहको अर्को खेलमा भारतले बंगलादेशलाई सोझो सेटमा पाखा लगाउँदै तीन अंक हात पाऱ्यो। नेपालले मंगलबार बंगलादेशसँग खेल्नेछ। नेपालले सन् २०२१ मा बंगलादेशमा भएको एभिसी सेन्ट्रल जोन उपाधि जितेपछि नेपाली महिला खेलाडी पहिलोपटक कोर्टमा उत्रिएका हुन्।

नेपालका प्रशिक्षक जान डी ब्रान्ट र कप्तान अरुणा शाही खुसी देखिएका छन्। प्रशिक्षक र कप्तानले भारतविरुद्धको खेलमा केन्द्रित हुने बताएका छन्। 'दुई वर्षपछि पहिलो खेल खेल्यौं, सुरुमा केही गाह्रो भयो, सर्भिस र रिसिभमा गल्ती भयो,' कप्तान अरुणाले नयाँ पत्रिकासँग भनिन्, 'पहिलो खेल राम्रो भएको छ, डेब्यु खेलाडीले पनि राम्रो गरे।' प्रशिक्षक ब्रान्टले धेरै गल्ती भएको र खेलाडी सुस्त देखिएको प्रतिक्रिया दिए। 'हामीले किर्गिस्तानविरुद्ध सहज जित पायौं, तर खेलाडी सुस्त देखिए, उनीहरूले धेरै गल्ती गरे,' ब्रान्टले भने। यसअघि प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक समारोहबीच गरेका थिए।

### उषा र निरुता चम्किए

युवा स्पाइकर उषा र निरुताले किर्गिस्तानविरुद्ध सानदार प्रदर्शन गरेका थिए। मुख्य स्पाइकरद्वय प्रतिभा माली र सरस्वती चौधरीको अभावमा उषा र निरुता प्रभावशाली देखिए। प्रतिभा घाइते भएका कारण टोलीबाट बाहिर छिन्। अर्की स्पाइकर सरस्वती चौधरी किर्गिस्तानसँगको खेलमा बेन्चमा बसिन्। कप्तान अरुणाले उनलाई भारतविरुद्ध खेलाउने बताइन्। प्रशिक्षक ब्रान्टले स्पाइक जिम्मेवारी उषा र निरुतालाई सुम्पिए। पुनम चन्द अलराउन्डर भूमिकामा रहिन्।




मिड ब्लकमा संगम महतोले डेब्यु गरिन्। कप्तान अरुणाले सेटर र लिबेरोमा सलिन श्रेष्ठले सम्हालेका थिए। उषा र निरुताले सुरुमै अंक बटुल्दै नेपाललाई दबाबरहित बनाए।

दोस्रो सेटमा निरुताले सर्भिसबाट लगातार ११ अंक जोडेकी थिइन्। दार्चुलाकी आउटसाइड हिटर निरुताले सन् २०१९ मा बंगलादेशमा भएको एभिसी सेन्ट्रल जोनबाट स्थान बनाएकी थिइन्। तर, उनी १३औं सागपछि टोलीबाट बाहिरिइन्। सन् २०२१ मा नेपालले दोस्रोपटक सेन्ट्रल जोनको उपाधि जित्दा निरुता टोलीबाहिर थिइन्। किर्गिस्तानविरुद्ध उनको सानदार पुनरागमन भयो।

### संगम र रिमाको डेब्यु

प्रशिक्षक ब्रान्टले मिड ब्लकर संगम र ब्याक स्पाइकर रिमा कुँवरलाई डेब्यु गराए। त्रिभुवन आर्मी क्लबमा आबद्ध संगमले किर्गिस्तानविरुद्ध सेटमै रहेर खेलिन्। चितवनकी संगमले किर्गिस्तानको स्पाइकरलाई रोकेकी थिइन्। पहिलो सेटमा उनले सानदार प्रदर्शन गरेपछि किर्गिस्तानले खुलेर खेल्न सकेन। पर्वतकी ब्याक स्पाइकर रिमाले तेस्रो सेटमा संगम महतो स्थानमा कोर्ट प्रवेश गरेकी हुन्। यसैगरी, प्रशिक्षक ब्रान्टले कामना विष्टलाई वैकल्पिक खेलाडीका रूपमा प्रयोग गरे। सेटर प्रगति नाथ, मिड ब्लकर कविता भट्ट, स्पाइकर पूजा चौधरी र लिबेरो शान्तिकला तामाङ बेन्चमै रहे।

### पहिलो खेल राम्रो भयो

**अरुणा शाही, कप्तान, नेपाल**

धेरैपछि खेल खेल्दा गाह्रो भयो। सर्भिस, रिसिभ र ब्लकमा धेरै गल्ती भए। अब बंगलादेशसँग सहज हुनेछ। हामीले भारतविरुद्ध ध्यान दिनुपर्छ। त्यहीअनुसार नेपालको तयारी हुनेछ। डेब्यु गरेका खेलाडीले पनि राम्रो गरे। प्रशिक्षकले सिकाएकोजस्तो खेल अझै भएको छैन। आउने खेलमा गल्तीलाई सुधार गर्दै खेल्नुपर्छ।

### हामीले धेरै गल्ती गऱ्यौं

**जान डी ब्रान्ट, प्रशिक्षक, नेपाल**

किर्गिस्तानविरुद्ध सहज जित पायौं। पक्कै पनि हाम्रो समूहमा बंगलादेश कमजोर छ। हामीले बलियो भारतविरुद्ध ध्यान दिनुपर्छ। भारतको अट्याक, ब्लक र सर्भिस निकै राम्रो छ। हामीले उनीहरूको यसै बलियो पक्षमा ध्यान दिनुपर्छ। किर्गिस्तानविरुद्ध हामीले धेरै गल्ती गरेका छौं। खेलाडीले धेरै सुस्त खेल खेले। सर्भिस, रिसिभ र ब्लकमा अझै सुधार गर्नुपर्छ।

### राम्रो खेल्न प्रयास गऱ्यौं

**काडिरोभ, कप्तान, किर्गिस्तान**

प्रतिस्पर्धामा आयोजक नेपाल बलियो टोली हो। हामीले पहिलो खेल नै नेपालसँग खेल्नुपऱ्यो। नेपाल साबिक विजेता पनि हो। नेपाली खेलाडीमा आत्मविश्वास छ। यद्यपि, हामीले राम्रो खेल खेल्ने प्रयास गऱ्यौं। अब बाँकी खेल जित्न खेल्छौं।

# दश दिनको प्रशिक्षणपछि नेपाली टोली जिम्बावे जाने

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीले अर्को महिना जिम्बावेमा आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्दै छ। नेपालले पहिलोपटक ग्लोबल छनोटमा स्थान पक्का गरेको हो। गत फागुनमा आइसिसी विश्वकप लिग-२ को तेस्रो स्थानमा रहँदै नेपालले जिम्बावेमा आयोजना हुने विश्वकप छनोटको स्थान सुरक्षित गरेको थियो। विश्वकप छनोट १८ जुनदेखि ९ जुलाईसम्म जिम्बावेमा हुनेछ। आइसिसीले ग्लोबल छनोटमा छनोट भएका १० राष्ट्रलाई दुई समूहमा विभाजन गरेको छ।

प्रत्येक समूहमा पाँच-पाँच राष्ट्र हुनेछन्। समूह चरणका शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन्। सुपर सिक्समा पुगेका टोलीले एकआपसमा प्रतिस्पर्धा गर्नेछन्। शीर्ष दुईमा पर्न सक्ने टोलीले भारतमा आयोजना हुने एकदिवसीय विश्वकपमा स्थान पक्का गर्नेछन्। ग्लोबल छनोटमा श्रीलंका, आयरल्यान्ड, वेस्ट इन्डिज र जिम्बावे टेस्ट मान्यताप्राप्त राष्ट्र हुन्। यी राष्ट्रले आइसिसी सुपर कपको शीर्ष आठ स्थान रक्षा गर्न नसक्दा ग्लोबल छनोट माध्यमबाट विश्वकप प्रवेशका लागि प्रतिस्पर्धा गरेका हुन्। ग्लोबल छनोटमा विश्वकप लिग-२ को च्याम्पियन स्कटल्यान्ड, उपविजेता ओमान र नेपाल छनोट भएका टोली हुन्। विश्वकप लिग-२ को प्ले अफको शीर्ष दुई स्थान रक्षा गरेको युएई र अमेरिकाले ग्लोबल छनोट स्थान पक्का गरे।

**दक्षिण अफ्रिकामा दश दिनको प्रशिक्षण गरेपछि नेपाली टोली जिम्बावेमा आयोजना हुने एकदिवसीय ग्लोबल छनोटमा सहभागी हुने**

### प्रारम्भिक नेपाली टोली घोषणा

नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार ग्लोबल छनोट प्रतिस्पर्धामा सहभागी जनाउने २२ सदस्यीय प्रारम्भिक नेपाली टोलीको घोषणा गरेको छ। क्यानले कप्तानीको जिम्मेवारी रोहितकुमार पौडेललाई नै दिएको छ। क्यानले घोषणा गरेको टोलीमा खेलाडी परिवर्तन छैनन्। एसिसी प्रिमियर लिग विजेता खेलाडीलाई नै क्यानले पहिलो प्राथमिकतामा राखेको छ। एसिसी प्रिमियर कपमा एक खेलमा समेत सहभागिता नजनाएका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले प्रारम्भिक छनोटमा स्थान पक्का गरेका छन्। त्रिवि मैदानमा हुने एक हप्ताको क्लोज क्याम्पपछि नेपालको अन्तिम टोली घोषणा हुनेछ। क्यानले दक्षिण अफ्रिकामा १७ जेठमा अभ्यास खेलमा सहभागी गराउनुअघि टोली घोषणा गरेको हो।

जिम्बावेको वातावरणसँग घुलमेल हुन दक्षिण अफ्रिकामा अभ्यास खेल खेलाउन लागेको हो। दक्षिण अफ्रिकामा निस्कनुअघि नेपाली खेलाडीले कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा एक साताको अभ्यास गर्नेछ।

# चर्च ब्वाइज बराबरीमा रोकियो

**काठमाडौं**/ सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा शीर्ष स्थानको चर्च ब्वाइज युनाइटेड सोमबार बराबरीमा रोकिएको छ। च्यासल मैदानमा चर्च ब्वाइज हिमालयन शेर्पा क्लबसँग १-१ गोलको बराबरीमा रोकिएको हो। खेलमा सुरुवाती अग्रता रक्षा गर्न नसक्दा चर्च ब्वाइजले अंक बाँडेको हो। खेलको १३औं मिनेटमा अन्जन विष्टले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। खेलको ३६औं मिनेटमा अबायोमी फाकुन्लेले हिमालयनलाई १-१ को बराबरीमा ल्याए। बराबरीसँगै चर्च ब्वाइज २० खेलमा ३७ अंक जोडेर शीर्ष स्थानमा रहेको छ। हिमालयन २० खेलमा २६ अंक जोडेर सातौं स्थानमा रहेको छ।

अर्को खेलमा त्रिभुवन आर्मी क्लबले फ्रेन्ड्स क्लबलाई ३-० ले हराएको छ। आर्मीको जितमा जगजित श्रेष्ठ, नवयुग श्रेष्ठ र सुदिल राईले समान एक गोल गरे।

खेलको २६औं मिनेटमा जगजितले आर्मीलाई १-० को अग्रता दिलाएका थिए। खेलको ७५औं मिनेटमा नवयुगले पेनाल्टीमा गोल गर्दै आर्मीलाई २-० को स्थितिमा राखे। इन्जुरी समयमा सुदिलले गोल गर्दै आर्मीलाई ३-० को जित दिलाए। आर्मीको यो सातौं जित हो।

आर्मीले २० खेलमा २९ अंक जोडेको छ। आर्मी पाँचौं स्थानमा रहेको छ। फ्रेन्ड्स २१ अंकका साथ १३औं स्थानमा रहेको छ।

# इन्द्रजित शीर्ष स्थानमा

**काठमाडौं**/ अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा भारतका इन्द्रजित महिन्द्रकार अपराजित रही शीर्ष स्थान बलियो बनाएका छन्। दोलखामा चलिरहेको प्रतियोगिताको आठौं चरणको खेलपछि इन्द्रजितले ७.५ अंकका साथ एकल अग्रता लिएका हुन्। इन्द्रजितले सातौं चरणमा भारतका मोहित कुमार र आठौं चरणमा भारतकै धनवीरसिंह यादवलाई हराएका थिए। नेपाल च्याम्पियन तथा फिडे मास्टर रूपेश जैसवाल, भारतका अपोलोसना, वेदान्त नगरकट्टे, सोराम राहुल सिंह ६.५ अंकका साथ दोस्रो स्थानमा छन्।

# अरण्यज्योति कप पेलिकेन्ट्सलाई

**कास्की**/ पेलिकेन्ट्स क्रिकेट क्लब तनहुँले अरण्यज्योति क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको सोमबार भएको फाइनलमा आयोजक अरण्यज्योति क्रिकेट क्लबलाई ६९ रनले पराजित गर्दै पेलिकेन्ट्सले उपाधि जितेको हो।

पहिलो ब्याटिङ गरेको पेलिकेन्ट्सले २० ओभरमा चार विकेट गुमाएर एक सय ८८ रनको योगफल तयार पाऱ्यो। प्रतीक श्रेष्ठले ५८ रन, ईशान पाण्डेले ४० रन तथा ईश्वर क्षेत्रीले ३८ रन बनाए। अरण्यज्योतिका अमरसिंह राउटेला र विद्यान श्रेष्ठले समान दुई विकेट लिए। प्रत्युत्तरमा अरण्यज्योति एक सय १९ रनमा समेटिएको थियो।

अरण्यज्योतिका अमरसिंह राउटेला म्यान अफ दी सिरिज तथा उत्कृष्ट ब्याट्समान भए। युनिसविक्रम सिंह उत्कृष्ट बलर र प्रतीक श्रेष्ठ म्यान अफ दी फाइनल भए। च्याम्पियनले ८० हजार र उपविजेताले ४० हजार रुपैयाँ पाए।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com